# आवधिक विकास योजना

## (२०८१/०८२-२०८६/०८७)




**नागार्जुन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हरिसिद्धि, सितापाइला, काठमाडौं**

**बागमती प्रदेश**

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।
फोन नं.: ४६७१७१६
४६७१७१७
प.सं.:-
च.नं.:-


# मन्तव्य



स्थानीय तह पुनर्संरचना पश्चात यस नागार्जुन नगरपालिकाको दोस्रो कार्यकालका लागि पनि निर्वाचित भइ आउँदा म मा ठूलो जिम्मेवारी महसुस भएको थियो र छ। निर्वाचनको दौरानमा जनतासँग गरिएको मौखिक तथा चुनावी घोषणापत्र मार्फत व्यक्त गरिएका वाचाहरू पुरा गर्ने क्रममा शुद्ध खानेपानी, र गुणस्तरीय शिक्षा तथा सुविधा सम्पन्न अस्पताल सञ्चालन मार्फत स्वास्थ्य सेवा उपलब्ध गराउने, फोहोरमैला व्यवस्थापन गर्ने, सडक पूर्वाधार विकास, धार्मिक तथा सांस्कृतिक पर्यटन क्षेत्रको प्रवर्द्धन, अटिजम केयर जस्ता सामाजिक न्याय विषयहरुलाई प्राथमिकतामा राखेका थियौं। नगरपालिकाको विकास निर्माणमा योजनाबद्ध तरिकाले दीर्घकालीन सोच सहित अगाडि बढ्ने क्रममा यो आवधिक योजना तयार पारेका छौं।

"समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार" दीर्घकालीन सोच सहित यो आवधिक योजना तर्जुमा भएको छ । मानव विकास, पर्यटन र सुशासनको समुचित विकासबाट नै नगरपालिकाको समृद्धि हासिल गर्ने दिशातर्फ कार्यक्रमहरु लक्षित भएका छन्।

योजना तर्जुमाका क्रममा नगरसभाका सम्पूर्ण सदस्यहरुलगायत सबै वडाका बुद्धिजीवीहरूसमेतको सहभागिता सुनिश्चित गरिएको थियो। सबै वडाबाट प्राप्त कार्यक्रम, सुझावहरू सङ्कलन गरी पहिलो पटक आवधिक योजना निर्माण गरी यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा ज्यादै खुशी लागेको छ।

अन्तमा, यो दस्तावेज तयार पार्न प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा संलग्न हुनुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस कार्यमा सहयोग पुन्याउनु हुने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी, यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने सांसद, उप प्रमुख सुशिला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत सुमन अधिकारी, वडाध्यक्ष, कार्यपालिका सदस्य र नगर सभा सदस्यहरू लगायत सम्पूर्ण कर्मचारी मित्र, बुद्धिजीवीज्युहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यो योजना तर्जुमा गर्नकालागि प्राविधिक सहयोग प्रदान गर्ने एकाउन्टाविलिटी इनिसियटिभका विज्ञ समूह प्रति विशेष आभार व्यक्त गर्दछु । यो योजनाको कार्यान्वयमा सबै क्षेत्रको सहयोग प्राप्त हुने पनि अपेक्षा गर्दछु ।

जय नागार्जुन । जय नेपाल ।

**मोहन बहादुर बस्नेत**

नगर प्रमुख

२०८१ आषाढ, २५

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:-
च.नं.:-

# मन्तव्य



नगरवासीका असीमित जनचाहनालाई सम्बोधन गर्न प्राथमिकतामा आधारित योजनाबद्ध विकासको अवधारणा अनुसार "समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार" दीर्घकालीन सोंच सहितको पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरेका छौं ।

यस आवधिक योजनामा समष्टिगत एवं आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासकालागि तोकिएको समय सिमा भित्र निश्चित लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित समय अवधि भित्र हासिल गर्नकालागि उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको छ। यस योजनामा वि.स. २०८७ सम्ममा दिगो विकास लक्ष्यमा टेवा पुर्याउने कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

यस योजना तर्जुमाका क्रममा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने नगरसभाका सम्पूर्ण सदस्यहरू र राष्ट्रसेवक कर्मचारी, विज्ञ समूह लगायत सबै वडाका समाजसेवी बुद्धिजीवीहरू प्रति आभार व्यक्त गर्दछु । यो योजनामा उल्लेख गरिएका लक्ष्य, उद्देश्य तथा रणनीति अनुसार वार्षिक कार्यक्रम तय तथा नतिजामा आधारित अनुगमन मूल्यांकन गर्न समेत मार्गदर्शन हुने विश्वास लिएकी छु ।

**श्री सुशिला अधिकारी**

नगर उपप्रमुख

२०८१ आषाढ, २५

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।
फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:-
च.नं.:-

# मन्तव्य



सङ्घीय शासन प्रणाली लागु भई तीन तहको सरकार गठन भए पश्चात स्थानीय तहमा दोश्रो कार्यकालका लागि निर्वाचित जन प्रतिनिधिहरूको तेश्रो वर्षमा यस नागार्जुन नगरपालिकाले पहिलो पटक आवधिक योजना निर्माण गरी कार्यान्वयनमा लैजान पाउँदा ज्यादै खुशी लागेको छ ।

यस योजना तर्जुमाका प्रमुख आधार नेपालको संविधानको अनुसूचीमा उल्लिखित एकल तथा साझा अधिकार, कार्यविस्तृतीकरण प्रतिवेदन लगायतबाट नगरपालिकालाई प्राप्त जिम्मेवारी अधिकारहरू रहेका छन्। यस योजना तर्जुमाका क्रममा नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायत अन्य संवैधानिक व्यवस्था, दिगो विकासका लक्ष्य र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धतालाई समेत योजना निर्माणको आधारका रुपमा अंगीकार गरिएको छ । जस अन्तर्गत शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सुशासन, पर्यटन, विपद् व्यवस्थापन विषयहरूलाई मुख्यरुपमा समेटिएको छ । संघ तथा प्रदेश सरकारले तय गरेका लक्ष्यहरू पुरा गर्न स्थानीय सरकारको रुपमा नगरपालिकाको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। स्थानीय तहले संघीय तथा प्रादेशिक योजनाका माईलस्टोनहरुलाई पुरा गर्न महत्वपूर्ण भूमिका खेल्ने हुँदा उक्त विषयवस्तुलाई समेत समावेश गरी यस आवधिक योजनाको तर्जुमा गर्ने प्रयास गरिएको छ। योजना तर्जुमाको सिलसिलामा विषयगत विज्ञहरु, जनप्रतिनिधिज्यूहरू, राजनीतिक दल, समाजसेवी तथा कर्मचारीहरु समेतको पृष्ठपोषणमा यो आवधिक योजना तर्जुमा गरिएको हुँदा यसको कार्यान्वयन र अपनत्व उच्च हुने विश्वास लिईएको छ ।

यस आवधिक योजनामा नगरपालिकाको दीर्घकालीन सोंच, विषयगत सोंच, लक्ष्य, उद्देश्य, नीति, रणनीति तथा कार्यनीति, सम्भावना तथा अवसर समेत पहिचान गरी आगामी पाँच वर्षमा नगरपालिका भित्र सञ्चालनका लागि मूख्य मूख्य कार्यक्रमहरु समावेश गरिएको छ । नागार्जुन नगर विकासकालागि यो आवधिक योजना एक महत्वपूर्ण दस्तावेजको रुपमा रहने छ भन्ने विश्वास लिएको छु । साथै नगर विकासका लागि यो दस्तावेज कोशेढुङ्गा सावित हुनेछ भन्ने अपेक्षा समेत गरेको छु ।

अन्त्यमा, यस आवधिक योजना तर्जुमा गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सघाउ पुर्याउनुहुने परामर्शदाता विज्ञहरु, जनप्रतिनिधिहरु, विषयगत समिति तथा शाखाका पदाधिकारी तथा कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता समेत व्यक्त गर्दछु ।

**सुमन अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत
२०८१ आषाढ, २५

# विषय सूची

**परिच्छेद १ : परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ आवधिक योजनाको औचित्य ........ २
१.३ आवधिक योजना निर्माणका आधारहरू ........ २
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ३

**परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ ६**
२.१ नगरपालिकाको परिचय ........ ६
२.२ आर्थिक विकास अवस्था ........ ९
२.३ सामाजिक विकासको अवस्था ........ १०
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ ११
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ११
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ १२

**परिच्छेद ३ : सोच तथा विकासको अवधारणा ........ १५**
३.१ पृष्ठभूमि ........ १५
३.२ प्रमुख समस्या तथा चुनौती ........ १६
३.३ प्रमुख सम्भावना तथा अवसर ........ १७
३.४ निर्देशक सिद्धान्त ........ १९
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ २१
३.६ परिमाणात्मक लक्ष्य ........ २१
३.७ रणनीति तथा प्राथमिकता ........ २२
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ २५
३.९ नगर गौरवका आयोजनाहरू ........ २८

**परिच्छेद ४ : आर्थिक विकास क्षेत्र ........ ३०**
**४.१ कृषि तथा पशुपालन ........ ३०**
४.१.१ पृष्ठभूमि ........ ३०
४.१.२ सम्भावना तथा अवसर ........ ३१
४.१.३ समस्या तथा चुनौती ........ ३१
४.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ ३१
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ३५

**४.२. पर्यटन, सँस्कृति तथा सम्पदा....................................................................................३७**
४.२.१ पृष्ठभूमि....................................................................................................................३७
४.२.२ सम्भावना तथा अवसर....................................................................................................३७
४.२.३ समस्या तथा चुनौती .....................................................................................................३८
४.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ......................................................................................३८
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....................................................................................४१
**४.३ उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धन.................................................... ४३**
४.३.१ पृष्ठभूमि....................................................................................................................४३
४.३.२ समस्या तथा चुनौती .....................................................................................................४३
४.३.३ सम्भावना तथा अवसर....................................................................................................४३
४.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना................................................................ ४४
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..................................................................................... ४७
**४.४ सहकारी तथा गरिबी निवारण..............................................................................................४९**
४.४.१ पृष्ठभूमि.................................................................................................................... ४९
४.४.२ समस्या तथा चुनौती ..................................................................................................... ४९
४.४.३ सम्भावना तथा अवसर....................................................................................................५०
४.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना................................................................५०
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....................................................................................५३
**४.५ श्रम, रोजगार र सामाजिक सुरक्षा..........................................................................................५४**
४.५.१ पृष्ठभूमि....................................................................................................................५४
४.५.२ समस्या तथा चुनौती .....................................................................................................५४
४.५.३ सम्भावना तथा अवसर....................................................................................................५४
४.५.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ......................................................................................५४
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....................................................................................५८

**परिच्छेद ५: सामाजिक विकास क्षेत्र.......................................................................................... ६०**
**५.१ स्वास्थ्य तथा पोषण ......................................................................................................... ६०**
५.१.१ पृष्ठभूमि....................................................................................................................६०
५.१.२ समस्या र चुनौती ........................................................................................................६०
५.१.३ सम्भावना तथा अवसरहरू................................................................................................. ६१
५.१.४ सोच, लक्ष्य, उद्देश्य, तथा रणनीति..................................................................................... ६१
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..................................................................................... ६६
**५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन.............................................................................................. ७०**
५.२.१ पृष्ठभूमि....................................................................................................................७०
५.२.३ सम्भावना तथा अवसरहरू ................................................................................................. ७१

५.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................ ७१
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................७९
**५.३ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्ग ........................................ ८१**
५.३.१ पृष्ठभूमि........................................८१
५.३.२ समस्या र चुनौती ........................................८१
५.३.३ सम्भावना तथा अवसरहरू ........................................८१
५.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................८२
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................८७
**५.४ खानेपानी तथा सरसफाई........................................८९**
५.४.१ पृष्ठभूमि........................................ ८९
५.४.२ समस्या र चुनौती ........................................ ८९
५.४.३ सम्भावना तथा अवसरहरू ........................................९०
५.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................९०
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ ९४

**परिच्छेद ६: पूर्वाधार विकास क्षेत्र........................................ ९५**
**६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........................................ ९५**
६.१.१ पृष्ठभूमि........................................९५
६.१.२ समस्या र चुनौती ........................................९५
६.१.३ अवसर र सम्भावना........................................९५
६.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................९६
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................९९
**६.२ सडक, पुल तथा यातायात........................................ १००**
६.२.१ पृष्ठभूमि........................................१००
६.२.२ समस्या र चुनौती ........................................१००
६.२.३ अवसर र सम्भावना........................................ १०१
६.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................ १०१
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................१०५
**६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा........................................१०७**
६.३.१ पृष्ठभूमि........................................१०७
६.३.२ समस्या र चुनौती ........................................१०७
६.३.३ सम्भावना तथा अवसर ........................................१०७
६.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति........................................१०८
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................१११
**६.४ सूचना, सञ्चार तथा प्रविधि........................................११२**

६.४.२ समस्या र चुनौती ....................................................................................१११२
६.४.३ सम्भावना तथा अवसरहरू ....................................................................................११२
६.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति....................................................................................११२
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................११६

**परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र....................................................................................११७**
**७.१ वन तथा जैविक विविधता....................................................................................११७**
७.१.१ पृष्ठभूमि....................................................................................११७
७.१.२ समस्या तथा चुनौती ....................................................................................११७
७.१.३ सम्भावना तथा अवसर....................................................................................११८
७.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति....................................................................................११८
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................१२१
**७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन....................................................................................१२२**
७.२.१ पृष्ठभूमि.................................................................................... १२२
७.२.२ समस्या तथा चुनौती .................................................................................... १२२
७.२.३ सम्भावना तथा अवसरहरू....................................................................................१२३
७.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति....................................................................................१२३
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................१२६
**७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन....................................................................................१२७**
७.३.१ पृष्ठभूमि.................................................................................... १२७
७.३.२ समस्या तथा चुनौती .................................................................................... १२७
७.३.३ सम्भावना तथा अवसर....................................................................................१२८
७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................................................................................१२८
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.................................................................................... १३०
**७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता .................................... १३२**
७.४.१ पृष्ठभूमि....................................................................................१३२
७.४.२ समस्या तथा चुनौती ....................................................................................१३२
७.४.३ सम्भावना तथा अवसर....................................................................................१३३
७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति....................................................................................१३३
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................१३६

**परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन....................................................................................१३७**
**८.१ संस्थागत विकास तथा सुशासन....................................................................................१३७**
८.१.१ पृष्ठभूमि....................................................................................१३७
८.१.२ समस्या तथा चुनौती .................................................................................... १३९

८.१.३ सम्भावना तथा अवसर....१४०
८.१.४ सोच, लक्ष्य, उद्देश्य र रणनीति....१४१
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१४६

**परिच्छेद ९ : कार्यान्वयन व्यवस्था....१५१**
**९.१ पृष्ठभूमि....१५१**
**९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट....१५१**
**९.३ स्रोत अनुमान तथा प्रक्षेपण....१५३**
**९.४ अपुग स्रोत व्यवस्थापन....१५४**
**९.५ स्रोत परिचालन रणनीति....१५५**
**९.६ आवधिक योजना कार्यान्वयन....१५६**
९.६.१ योजना कार्यान्वयन....१५६
९.६.२ कार्यान्वयन प्रक्रिया....१५७
**९.७ अनुगमन तथा मूल्याङ्कन योजना....१५९**
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता....१६०
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी....१६०
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया....१६१

**अनुसूचीहरू....१६४**
अनुसूची – १ : नगरपालिकाको भूउपयोग स्रोत नक्शाहरू....१६४
अनुसूची – २ : आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यशालाका र वडा स्तरीय छलफलका केही फोटाहरू....१७३
अनुसूची – ३: आवधिक योजना तर्जुमा क्रमका कार्यशाला तथा छलफलका केही उपस्थितिहरू....१८३

## तालिका सूची


तालिका १: वडागत रुपमा जनसंख्याको वितरण.......................................................७
तालिका २: नगरपालिकाको निर्देशक सिद्धान्तहरू...................................................१९
तालिका ३: अपेक्षित परिमाणात्मक उपलब्धि.........................................................२१
तालिका ४: नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू.................................२२
तालिका ५ नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय.....................................२५
तालिका ६: नगरपालिकाको आय अनुमान..................................................................२७
तालिका ७: नगर गौरवका आयोजनाहरू...................................................................२८
तालिका ८: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू.......................................३२
तालिका ९: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाहरू......................................३३
तालिका १०: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................३५
तालिका ११: पर्यटन, सँस्कृति तथा सम्पदाका रणनीति तथा कार्यनीतिहरू..........................३९
तालिका १२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाहरू..........................४०
तालिका १३: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका...............४१
तालिका १४: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धनका रणनीति तथा कार्यनीतिहरू.......................................................................................४४
तालिका १५: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धनका कार्यक्रम तथा आयोजनाहरू.........................................................................................४६
तालिका १६: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धनका अपेक्षित उपलब्धि तथा नतिजा खाका.........................................................................................४७
तालिका १७: सहकारी तथा गरिबी निवारणका रणनीति तथा कार्यनीतिहरू.........................५०
तालिका १८: सहकारी तथा गरिबी निवारणका कार्यक्रम तथा आयोजनाहरू........................५२
तालिका १९: सहकारी तथा गरिबी निवारणकाका अपेक्षित उपलब्धि तथा नतिजा खाका..........५३
तालिका २०: श्रम, रोजगार र सामाजिक सुरक्षाका रणनीति तथा कार्यनीति.........................५५
तालिका २१: श्रम, रोजगार र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाहरू....................५७
तालिका २२: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका.......५८
तालिका २३: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीति.........................................६१
तालिका २४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाहरू.....................................६४
तालिका २५: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका..........................६६
तालिका २६: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका रणनीति तथा कार्यनीतिहरू.........................७२
तालिका २७: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाहरू........................७७
तालिका २८: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको नतिजा खाका.........७९
तालिका २९: महिला, बालबालिका तथा लक्षित वर्गका रणनीति तथा कार्यनीतिहरू...............८३
तालिका ३०: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाहरू...............८५

तालिका ३१: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको नतिजा खाका ........ ८७
तालिका ३२: खानेपानी तथा सरसफाईका रणनीति तथा कार्यनीतिहरू ........ ९१
तालिका ३३: खानेपानी तथा सरसफाईका कार्यक्रम तथा आयोजनाहरू ........ ९३
तालिका ३४: खानेपानी तथा सरसफाईका कार्यक्रम तथा आयोजनाको नतिजा खाका ........ ९४
तालिका ३५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका रणनीति तथा कार्यनीति ........ ९६
तालिका ३६: वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाहरू ........ ९८
तालिका ३७: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको नतिजा खाका ........ ९९
तालिका ३८: सडक, पुल तथा यातायातका रणनीति तथा कार्यनीतिहरू ........ १०१
तालिका ३९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाहरू ........ १०४
तालिका ४०: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको नतिजा खाका ........ १०५
तालिका ४१: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ........ १०८
तालिका ४२: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाहरू ........ ११०
तालिका ४३: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाको अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १११
तालिका ४४: सूचना, सञ्चार तथा प्रविधिका रणनीति तथा कार्यनीतिहरू ........ ११३
तालिका ४५: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाहरू ........ ११५
तालिका ४६: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११६
तालिका ४७: वन तथा जैविक विविधताका रणनीति तथा कार्यनीतिहरू ........ ११८
तालिका ४८: वन तथा जैविक विविधता कार्यक्रम तथा आयोजनाहरू ........ १२०
तालिका ४९: वन तथा जैविका विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२१
तालिका ५०: भू-संरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १२३
तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम ........ १२५
तालिका ५२: भूसंरक्षण जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२६
तालिका ५३: वातावरण तथा फोहोरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १२८
तालिका ५४: वातावरण तथा फोहोरमैला व्यवस्थापनका तथा आयोजनाहरू ........ १३०
तालिका ५५: वातावरण तथा फोहोरमैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका .. १३०
तालिका ५६: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीति तथा कार्यनीति ........ १३३
तालिका ५७: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रम तथा आयोजनाहरू ........ १३५
तालिका ५८: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका १३६
तालिका ५९: संस्थागत विकास तथा रणनीति तथा कार्यनीतिहरू ........ १४१
तालिका ६०: संस्थागत विकास तथा सुशासनका कार्यक्रम तथा आयोजनाहरू ........ १४५
तालिका ६१: संस्थागत विकास तथा सुशासनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४६
तालिका ६२: विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १५१
तालिका ६३: श्रोत अनुमान तथा बजेट प्रक्षेपण ........ १५४

तालिका ६४: अपुग स्रोत व्यवस्थापन........................................................................१५४
तालिका ६५: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ..................................................................१५८
तालिका ६६: अनुगमन तथा मूल्याङ्कन खाका.....................................................................१६१

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

पछिल्लो राजनीतिक परिवर्तनले स्थापित गरेको नागरिक अधिकार सँगै सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्ध समाज निर्माण गर्ने कार्य राज्यको प्रमुख कार्यसूचीमा परेको छ । योजनाबद्ध विकासको करिब सात दशक लामो प्रयासबाट नेपालले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । देशको विकासमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरू क्रियाशिल छन् । तीन तहका सरकारलाई संवैधानिक कार्य जिम्मेवारीका आधारमा नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सम्बर्द्धन गर्दै नेपाललाई समृद्ध र समुन्नत बनाउने दायित्व आएको छ ।

राज्यका निर्देशक सिद्धान्त, नीति, सङ्घीय एवं प्रदेश सरकारको कानुन तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देश गरेका हुन्छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि संविधानको अनुसूची ८ र ९ मा तोकिएका एकल तथा साझा अधिकारलाई प्रयोग गरी आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने व्यवस्था गरिएको छ । सोही ऐनको दफा २४ को उपदफा (२) मा योजना तर्जुमा गर्दा सङ्घीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । ऐनको दफा २४ को उपदफा (३) ले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए बमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको छ । सोही ऐनको दफा २४ को उपदफा (४) मा योजना बनाउँदा मध्यम र दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । योजनाहरू प्राथमिकीकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयवासीहरूको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुर्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ ।

नेपाल सरकारले **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालीन सोच २१०० तय गरेको छ । बागमती प्रदेश सरकार, समाजवाद उन्मुख आर्थिक, सामाजिक विकास र सामाजिक न्यायसहितको समतामूलक समृद्ध

नेपाल र सुखी नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्ने दृढ सङ्कल्पित छ । यस नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक सोचसँग तादात्म्यता हुने गरी तथा दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी यो आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य तय गरेको छ । राष्ट्रिय योजनाका लक्ष्यहरू पुरा गर्न स्थानीय तहको अग्रणी भूमिका हुने भएकोले अवधिक योजनाले लिएको राष्ट्रिय लक्ष्य तथा मार्गचित्र समेतका आधारमा स्थानीय तहले आ-आफ्नो आवधिक योजना तर्जुमा गर्नुपर्ने भएकोले यो पाँच वर्षे आवधिक विकास योजना (२०८१।८२—२०८६।८७) तर्जुमा गरिएको छ ।

## १.२ आवधिक योजनाको औचित्य

उपलब्ध स्रोत साधनको समुचित उपयोग गरी जनअपेक्षा अनुरूपका उपलब्धि हासिल गर्न वस्तुपरक र कार्यान्वयनयोग्य योजना वाञ्छनीय छ । यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाको संस्थागत सुदृढीकरण र क्षमता विकास अपरिहार्य देखिन्छ । आवधिक योजनाले यस नगरपालिकालाई निश्चित समय सीमाभित्र आफुले चाहेको विकासको लक्ष्यतर्फ डोर्याउन मद्दत गर्नेछ । दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नका लागि यसको सिद्धान्त र सारलाई आत्मसाथ गर्दै नगरपालिकाको आवश्यकता अनुसार अगाडि बढ्न तथा नगरको समग्र विकास प्रक्रियामा विपन्न, पछाडि परेका, सीमान्तकृत, महिला, दलित लगायतका वर्गलाई समाहित गर्नका लागि पनि आवधिक योजनाको औचित्य रहेको छ ।

सोह्रौं योजनाले तय गरेको राष्ट्रिय लक्ष्य हासिल गर्न योगदान पुर्याउने र समावेशी, दिगो, समानुपातिक एवम् समतामूलक र उत्थानशील अर्थतन्त्र निर्माण गरी नगरपालिकाको समुन्नतिको आधारशिला तयार पार्ने उद्देश्यले नागार्जुन नगरपालिकाले यो आवधिक योजना तयार गरेको छ । यो योजना मूलतः नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, नेपालको सोह्रौं योजना, दिगो विकास लक्ष्य तथा नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धता, बाग्मती प्रदेशको दोस्रो आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन लगायत नगरपालिकाले तर्जुमा गरेका कानुन तथा नीतिका साथै नगरपालिकाका सम्भावना तथा सामर्थ्यबाट निर्देशित रहेको छ । नगरवासीको जीवनस्तरमा दिगो र गुणात्मक सुधार गरी विभेदरहित समाज निर्माणको संकल्पका साथ विकास र समृद्धि आधार तयार गर्न आवधिक योजना तयार पारिएको छ । महिला, दलित लगायत सामाजिक तथा आर्थिकरूपमा पछाडि परेको वर्ग तथा समुदायको निर्णायक तहमा भूमिका सुनिश्चित गर्दै शोषण तथा विभेदको अन्त्य, स्रोत तथा साधनमा समान पहुँच कायम र सामाजिक सुरक्षाको प्रत्याभूति गरिने छन् । नगरपालिकाको विकासको समग्र प्रक्रियामा सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रलाई परिपूरक क्षेत्रका रुपमा विकास गरी सामाजिक न्यायका आधारमा समतामूलक समाजको निर्माण गर्ने मार्गदर्शन गर्ने उद्देश्य रहको छ ।

## १.३ आवधिक योजना निर्माणका आधारहरू

नेपालको संविधानले स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रको विकासको प्रमुख वाहककारुपमा नगरपालिकाको आफ्नै अधिकार र दायित्व भित्र पर्ने विकासका विषयहरू, नगरपालिकालाई प्रभाव पार्ने प्रदेश तथा सङ्घीय नीति, योजना र कार्यक्रम र नगरपालिकाको योजनाबारे मार्गनिर्देश तथा नेपालले अनुमोदन गरेको विकास सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू रहेका छन् । नेपालले विशेष गरी सन् २०३० सम्ममा सबै देश, सबै क्षेत्र तथा समुदायहरूले हासिल गर्ने प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नुपर्ने समेत जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमनमा गर्ने अधिकार प्रदान गरेको छ । यस ऐनको परिच्छेद ३ दफा ११ को उपदफा २ (६) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस नगरपालिकाको विकासको आवधिक योजना तयार पारिएको छ ।

यस नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य तय गर्दा सङ्घीय सरकार तथा बागमती प्रदेशले तय गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू तथा परिमाणात्मक लक्ष्यसँग सामञ्जस्यता कायम हुने गरी तय गरिएको छ । सङ्घीय सरकारले तय गरेको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग तालमेल गर्न सजिलो होस भन्ने उद्देश्यले सङ्घीय सरकारको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू पनि यस दस्तावेजका आधारहरू हुन् ।

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

कार्यान्वयनयोग्य र सर्व स्वीकार्य सहभागिता मूलक योजना तर्जुमा गर्न निम्न बमोजिम प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

### क. आवश्यक दस्तावेजहरूको पुनरावलोकन

यसमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ लगायत सम्बद्ध सङ्घीय कानुनहरू, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं योजना (२०८१।८२-२०८५।८६), बागमती प्रदेशको आवधिक विकास योजना दस्तावेज लगायत यस अध्ययनसँग सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन गरिएको छ । यो आवधिक योजना मुख्यतः राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहहरूका लागि आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित भएर तयार गरिएको छ । त्यसैगरी नगरपालिकाको वार्षिक बजेट,

कार्यक्रम तथा अन्य रणनीतिक योजना तथा क्षेत्रगत योजनाहरू र विभिन्न राजनीतिक दलहरूको घोषणापत्रहरूलाई समेत आधार लिइएको छ ।

### ख. प्रारम्भिक छलफल

प्रथम चरणमा नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रशासकीय अधिकृतसँग आवधिक योजना तर्जुमा गर्ने विधि तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरू निर्माण र कार्यतालिका लगायतका विषमा छलफल गरिएको थियो ।

### ग. वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

आवधिक योजनाको चक्र, योजना प्रणाली, औचित्य, विधि तथा प्रकृया सम्बन्धमा वडाध्यक्ष, वडा सदस्यहरू, कर्मचारीहरू तथा बौद्धिक व्यक्तित्वहरू तथा वडावासीहरूको सहभागितामा सबै वडा कार्यालयहरूमा एक दिने आवधिक योजना वडा स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमबाट वडागत वर्तमान अवस्था, आवश्यकता तथा जनमानसको चाहनालाई पहिचान गर्न सफलता प्राप्त भएको थियो । उक्त कार्यक्रमको केही झलक **अनुसूची २ मा** राखिएको छ ।

### घ. अवस्था विश्लेषण तथा आधार सूचना तयारी

आवधिक योजना तयारीका सन्दर्भमा विभिन्न चरणमा नगरपालिकाका विषयगत महाशाखा तथा शाखा प्रमुखहरूसँग अन्तरक्रिया गरी विषयगत सूचना र तथ्यांक संकलन तथा हालसम्मको सिकाई बारेमा छलफल गरियो । त्यसैगरी, सबै कार्यपालिका सदस्य, सम्मिलित कार्यशाला गोष्ठी आयोजना गरी नगरपालिकाको वस्तुस्थितिबारे व्यापक छलफल गरियो । सबै वडाबाट तथ्यांक संकलन गर्न वडाध्यक्षहरूको नेतृत्वमा वडा सदस्यहरू र स्थानीय उपभोक्ता समिति, नागरिक समाजको सहभागितामा १० वटै वडामा अन्तरक्रिया गरियो । उक्त कार्यक्रमहरूको केही झलक र उपस्थिति **अनुसूची २ र ३ मा** राखिएको छ ।

त्यसैगरी द्वितीय तथ्यांकको पुनरावलोकन तथा विश्लेषणका क्रममा नगरपालिकाबारे प्रकाशित अप्रकाशित विभिन्न प्रतिवेदन, तथ्य, तथ्यांकहरूको संकलन गरी विश्लेषण गरिएको थियो । विविध प्रकाशित प्रतिवेदनको अध्ययन तथा विश्लेषण गरी यस योजना निर्माणका सन्दर्भमा विभिन्न देशहरूले अपनाएका विकासका मोडेलहरू, नेपाल सरकारका योजनाहरू, अन्य नगरपालिका तथा नगरपालिकाका आवधिक तथा गुरुयोजनाहरूको पनि पुनरावलोकन गरिएको थियो ।

### ङ. समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान

नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि विद्यमान समस्या तथा चुनौतीहरू र अवसर तथा सम्भावनाहरूको पहिचान गरिएको छ । नगरपालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्य रणनीति, विकासका प्राथमिकताका

क्षेत्र, विषयगत क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम, कार्यनीति एवम् सम्भावित क्रियाकलापहरू बारेमा विषयगत समितिको बैठकमा सहभागितात्मक छलफल गरी खाका तयार गरिएको छ ।

### च. योजना तर्जुमा कार्यशाला

नगरका सबल पक्षहरू, समस्याहरू, सम्भावना तथा चुनौतीहरूको विश्लेषणका आधारमा समाधानका उपायहरू पहिचान गर्ने नगरपालिकाको नेतृत्वमा सरोकारवालाको अर्थ पूर्ण सहभागितामा विषयगत शाखा प्रमुखहरूको सहभागिता भएको उक्त कार्यक्रमलाई विषय विज्ञको सहजीकरणमा सञ्चालन गरिएको थियो । यस कार्यक्रममा नगर विकासको लक्ष्य, उद्देश्य, नीति, निर्देशक सिद्धान्त निर्धारण सहित आधाररेखा सूचना सहितको नतिजा खाकामा ढाल्ने कार्य गरिएको थियो । ५ वटा विषयगत समूहमा छलफल गरी प्राप्त निष्कर्षलाई विस्तृत समूहमा प्रस्तुत तथा छलफल गरी सुझाव संकलन गरियो । यस गोष्ठीमा नगरपालिकाका समष्टिगत लक्ष्य प्राप्त गर्न नगरपालिकाको वर्तमान आर्थिक तथा मानवीय स्रोत साधनलाई आधार मानी सरोकारवालाहरूका प्रत्यक्ष सहभागितामा स्थानीय तहको अधिकार क्षेत्रका सबै विषय समावेश गरिएको ५ वर्षे आवधिक विकास योजनाको मस्यौदा तयार पारियो । उक्त कार्यक्रमको केही झलक **अनुसूची २ मा** राखिएको छ ।

### छ. नतिजा खाका र रणनीति तथा कार्यनीति तर्जुमा

वस्तुस्थिति विश्लेषण तथा दीर्घकालीन सोच निर्माण पश्चात् पाँच वटै विषयगत समितिको अलग अलग रुपमा बैठक बसी रणनीति, कार्यनीति तथा नतिजा खाकाको मस्यौदा तयार पारियो । यस अवधिमा छलफल विधिबाट वस्तुस्थिति विवरणबाट प्राप्त हुन नसकेको सूचकहरूको पहिचान गरियो । यस बैठकमा विषयगत शाखाका प्रमुख लगायत विषयगत समितीहरूको सहभागिता रहेको थियो ।

### ज. योजना दस्तावेज तयारी

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहहरूको आवधिक योजना तर्जुमा दिग्दर्शनले उपलब्ध गराएको ढाँचामा आधारित भएर यो आवधिक योजनाको दस्तावेज तयार गरिएको छ । नगरपालिकाका सबै वडाहरूसँग भएका अन्तरक्रिया क्रममा संकलित समस्या सम्भावना र सूचनालाई प्रमुख आधार लिइएको छ । यसका साथै संघ तथा प्रदेश सरकारका आवधिक योजना, दिगो विकास लक्ष्यहरू तथा नगरपालिकाको विगतका विकास योजनाहरूको पुनरावोलकन गरी प्राप्त सुझावहरूलाई यो दस्तावेज तयारीका क्रममा आत्मसात् गरिएको छ ।

### झ. योजना दस्तावेजमा सुझाव

मस्यौदाको रुपमा तयार पारिएको दस्तावेजलाई नगर कार्यपालिका तथा नगरपालिकाका सरोकारवाला समक्ष प्रस्तुत गरियो । राजनीतिक दलका प्रतिनिधि तथा विज्ञहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी योजनालाई अन्तिम रुप दिइएको छ । यस दस्तावेजले नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्न मार्गदर्शन गर्नेछ ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

नेपाल सरकारको निर्णय बमोजिम मिति २०७१ मंसिर १६ गते काठमाडौं जिल्लाका साबिकको पाँच गा.वि.स. इचङ्गुनारायण, सीतापाईला, रामकोट, भीमढुङ्गा, स्यूचाटार समेटेर नागार्जुन नगरपालिका घोषणा भएको थियो । नेपालको संविधान २०७२ अनुरुपको संङ्घीय संरचनामा तीन तहको सरकारमध्ये स्थानीय सरकारको रुपमा नेपाल सरकारको मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयले रुपान्तरित भई मिति २०७४ र २०७९ प्रथम र दाश्रो निर्वाचन सम्पन्न भइसकेका छन् । नागरजना नामक बौद्ध सन्त **नागार्जुन** जंगलमा आई कयौं वर्ष तपस्या गरेको कारण निजकै नामको आधारमा यो नगरपालिकाको नामकरण भएको भन्ने भनाई छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

कुल २९.८ वर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिका समुन्द्र सतहदेखि १३०० देखि २५०० मि. औषत उचाईमा रहेको छ । भौगोलिक रुपमा नागार्जुन नगरपालिका उत्तरी अक्षांश २७*४०' देखि २७*४४' पूर्वी देशान्तर ८५*१२' देखि ८५*७' रहेको छ । यस नगरपालिकाको पूर्वमा काठमाडौं महानगरपालिकाको वडा नं १३, १४, १५ र १६, पश्चिममा धादिङ्ग जिल्ला, उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी नगरपालिका रहेका छन् । १० वटा वडामा विभाजन गरिएको यस नगरपालिकालाई भू संरचनाको आधारमा मुख्य २ क्षेत्र-उत्तरी पहाडी क्षेत्र र उपत्यका क्षेत्रमा विभाजन गरिएको छ ।



### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

ऐतिहासिक तथा धार्मिक क्षेत्रहरू यस नगरपालिकाको मुख्य पर्यटकीय स्थल रहेका छन् । यस क्षेत्रभित्र रहेका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूमा नागार्जुन जामाचो मन्दिर, रानीवन, इचङ्गुनारायण मन्दिर, पचलि भैरव, हलचोक आकाश भैरव, विर भगवती, विष्णुदेव (दिपन्ख मेला), सितापाइला मन्दिर, हरिसिद्धि मन्दिर, आदेश्वर मन्दिर, सेतो गुम्बा, गणेशमान स्मृति पार्क, बद्रीनारायण धाम, स्वीजरल्याण्ड पार्क, भिमसेनस्थान, भिमढुङ्गा, पुष्पलाल पार्क, हसन्टार गुम्बा, भुवनेश्वरी मन्दिर, पञ्चकन्या मन्दिर, तारकेश्वर मन्दिर, कोटश्यभैरव मन्दिर, जनकल्याणेश्वर मन्दिर, केदारनाथ मन्दिर, चुनदेवी मन्दिर, राधाकृष्ण मन्दिर, बंगलामुखी मन्दिर सरस्वती मन्दिर, गणेश मन्दिर, घाटकी देवी मन्दिर, सेतीदेवी मन्दिर, कौडु भगवती मन्दिर, शान्तेश्वर, महादेव मन्दिर, ध्याम्पे कुवा, कृष्ण मन्दिर, कुमारी मन्दिर, विन्दबासिनी मन्दिर, ईन्द्रेणी मन्दिर, कालिदेवी मन्दिर, कमलेश्वर मन्दिर, घुन्सा मन्दिर, कोदार देवी मन्दिर, नाग मन्दिर, शहिद पार्क (प्रदुन्न शालिक) स्यूचाटार, कमल पोखरी, स्यूचटार हवाई मैदान, श्यामेश्वर महादेव मन्दिर, पञ्चकन्या मन्दिर, उमागाउँ रहेका छन् ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नागार्जुन नगरपालिकामा कुल ३१,३०१ घरधुरी रहेका छन् । यस नगरपालिकामा ५७,८४१ जना महिला तथा ५७,५९६ जना पुरुष गरी जम्मा ११५,४३७ जनसंख्या रहेको छ । यस नगरपालिकाको जनघनत्व ३,८६७ (प्रति वर्ग कि.मि.) र बसोबास ५३६.४ (प्रति वर्ग कि.मि.) रहेको छ । बसोबासका हिसाबले यस नगरपालिकाको पूर्वी तर्फको वडा नं १, २, ३, ४ र ६ मा जनसांख्यिक हिसाबले बाक्लो बसोबास गर्ने वडा रहेको छ । उक्त वडाहरू काठमाडौंको चक्रपथसँग पहुँच रहेको छ । त्यस्तै पश्चिममा रहेको वडा नं ८ मा सबै भन्दा न्यून जनसंख्या रहेको छ ।

**तालिका १: वडागत रुपमा जनसंख्याको वितरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ७३६५ | ७३२२ | १४६८७ |
| २ | ८८२८ | ९०७३ | १७९०१ |
| ३ | ६१५८ | ६४७४ | १२६३२ |
| ४ | ८८१६ | ८८०३ | १७६१९ |
| ५ | ४८६५ | ५०५० | ९९१५ |
| ६ | ७६४९ | ७४६६ | १५११५ |
| ७ | ३०३१ | ३०९४ | ६१२५ |
| ८ | १८०३ | १७४५ | ३५४८ |
| ९ | ३५११ | ३३९२ | ६९०३ |
| १० | ५५७० | ५४२२ | १०९९२ |
| **जम्मा** | **५७,५९६** | **५७,८४१** | **११५४३७** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**नगरपालिकाको आगामी वि.सं. २०९५ सम्मको जनसङ्ख्या प्रक्षेपण यसप्रकार छ ।**




राष्ट्रिय जनगणना २०६८ (P०) को जनसंख्या ६७४२०, राष्ट्रिय जनगणना २०७८ (Pt) को जनसंख्या ११५४३७, जनगणना मिति २०११-६-२२ र २०२१-११-२५ को अवधि, समय (t) वर्ष= १०.४३५६१६४४ यस आधारमा जनसंख्या वृद्धिदर ( r) =ln(Pt/P0)/t, r =०.०५१५ लिई Exponential Growth Rate विधि वाट प्रक्षेपण गरिएको छ ।

## २.१.४ नगरपालिकाको भू-उपयोग स्थिति

नागार्जुन नगरपालिकाको भू-उपयोग स्थितिको तथ्याङ्कलाई आधार मान्ने हो भने यहाँको कूल २९.८५ वर्ग कि.मि. क्षेत्रफल मध्ये सबैभन्दा बढी वन/जङ्गल ४४ प्रतिशत (१३.१३ वर्ग कि.मि.) भाग ओगटेको देखिन्छ भने आवास क्षेत्रले २४.७४ प्रतिशत (७.३ वर्ग कि.मि.) र कृषि योग्य जमिनले १३.१६ प्रतिशत (६.९१ वर्ग कि.मि.) भाग ओगटेको छ । त्यसैगरी खोलानाला तथा ताल तलैया लगायतका क्षेत्रले १.२५ प्रतिशत भू-भाग ओगटेको छ । नगरपालिकामा व्यापारिक क्षेत्र, धार्मिक तथा पुरातात्विक क्षेत्र र औद्योगिक क्षेत्रको जमिन पनि उल्लेख्य रहेको छ ।

| भूमि उपयोग | क्षेत्रफल (वर्गकिमी) | प्रतिशत |
|---|---|---|
| कृषि | ६.९१ | २३.१६ |
| व्यापारिक | ०.०८ | ०.२७ |
| सांस्कृतिक र पुरातात्विक | ०.१५ | ०.५० |
| वन | १३.१३ | ४४.०० |

| भूमि उपयोग | क्षेत्रफल (वर्गकिमी) | प्रतिशत |
|---|---|---|
| रिभरेन, ताल र मार्श क्षेत्र | ०.३७ | १.२५ |
| औद्योगिक | ०.०० | ०.०० |
| सार्वजनिक प्रयोग | १.८९ | ६.३४ |
| आवासीय | ७.३० | २४.४७ |
| **जम्मा** | **२९.८५** | **१००.००** |

स्रोत: जिआइएस

## २.२ आर्थिक विकास अवस्था

जनताको आर्थिक अवस्थामा सुधार ल्याउने हरेक सरकारको मुख्य उद्देश्य हुन्छ र हुनुपर्छ। विगत देखि नै जनताको आर्थिक अवस्थामा सुधार ल्याउन विभिन्न प्रयासहरू हुँदै आएको छ। नागार्जुन नगरपालिका द्रुत गतिमा वस्ति विकास भइरहेको एउटा नगरपालिका हो। यस नगरपालिकाको आर्थिक गतिविधिमा प्रमुख तीनवटा क्षेत्रहरू जागिर, व्यापार व्यवसाय र कृषिको योगदान रहेको पाइन्छ। यो नगरपालिका औद्योगिक नगर भन्दा पनि आवासीय क्षेत्रको रुपमा बिकास भएको नगरपालिका हो । यहाँ ठूलठूला उद्योगहरू छैनन्। घरेलु तथा साना उद्योग एवं सेवा मूलक व्यवसायहरू दर्ता भई सञ्चालनमा रहेका छन्।

देशको राजधानीमा अवस्थित नगरपालिका भएकोले उत्पादित सामान बजारसम्म लैजानको लागि पूर्वाधार सहज रहेको छ । नगरपालिका क्षेत्र भित्र कृषि संकलन केन्द्र र कृषि ज्ञान केन्द्रको स्थापनाले कृषि प्रवर्द्धन र उत्पादनमा अवसर सृजना गर्छ । हाल अन्य जिल्लाबाट र विदेशबाट फर्केका युवाहरूले यस नगरपालिकामा कृषि फर्म संचालन गर्दै आएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरू १०.१ प्रतिशत रहेका छन् । हाल नगरपालिकाको वडाहरूमा फुल खेती, कृषि फर्म, टनेल खेती हुँदै आएको छ भने विभिन्न समयमा नगरपालिकाले कृषि तालिम कार्यक्रम समेत संचालन गर्दै आएको छ । खेतीको लागि धेरै जमिन नभएका वडाहरूमा कौसी खेतीको अभ्यास पनि हुँदै आएको छ ।

ऐतिहासिक, धार्मिक एवं पर्यटकीय रूपमा परिचित नागार्जुन नगरपालिकामा रहेका धार्मिक स्थलहरूको सम्वद्र्धन र प्रवर्द्धनमा नगरपालिकाले काम गरी रहेको छ । इचङ्गुनारायण मन्दिर, आदेश्वर महादेव, हल्चोक आकाश भैरव, रानीवन क्षेत्र, नागार्जुन जामाचो, ह्वाइट गुम्बा, बद्री नारायण धाम, गणेशमान स्मृति पार्क, सहिद पार्क, भीमसेन स्थान, भीमढुङ्गा, स्वीजरल्याण्ड पार्क, हसन्टार गुम्बा, भुवनेश्वरी मन्दिर, पञ्चकन्या मन्दिर, तारकेश्वर मन्दिर जस्ता धार्मिक स्थलहरू छन् । नगरपालिकाले धार्मिक पर्यटकीय विकासका लागि मन्दिरको मर्मत सम्भार, प्रचारप्रसारका लागि काम गरी रहेको छ ।नगरपालिकाले लाखे नाचका लागि आवश्यक गरगहना र बाजाको व्यवस्थापन गरेको छ । इचङ्गुनारायणको मन्दिर निर्माण, मन्दिरसम्मको बाटो निर्माण, आदेश्वर

महादेवको मन्दिरको डिपिआर तयार भएको छ । साथै पर्यटकीय स्थलहरूको संरक्षणको काम पनि गर्दै आएको छ ।

## २.३ सामाजिक विकासको अवस्था

नगर क्षेत्र भित्र एउटा आधारभूत अस्पताल, १ वटा आधुनिक स्वास्थ्य उपकरण उपलब्ध भएका भवन, १ वटा आयूर्वेद सस्था, ९ वटा आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था रहेका छन् । नागार्जुन नगरपालिकाले शिक्षा, स्वास्थ्य र अपाङ्गताका क्षेत्रमा पनि महत्त्वपूर्ण कार्य गरेको छ । यस क्रममा नगरपालिकाले आफ्नै अस्पताल स्थापना गरेको छ अस्पतालमा ३९ जना कर्मचारीहरू कार्यरत छन् । स्वास्थ्य बिमालाई प्राथमिकतामा राखेर ल्याब सहितको अस्पताल स्थापना भएको छ । नगरपालिकाका १० वडामा स्वास्थ्य बिमा उपलब्ध छ । नगरपालिकाका ३१ हजार घरलाई स्वास्थ्य बिमा प्रदान गरिएको छ । 'बिमाको लागि फार्मेसी सुरु भएको छ । अहिले एकदेखि तीन महिनाको लागि बिमा अन्तर्गतका बिरामीहरूलाई औषधि उपलब्ध गराइएको छ । यसै गरी आकस्मिक सेवा, मातृ शिशु सेवा पनि अस्पतालबाट प्रदान गर्ने गरिएको छ, नेपाल सरकारबाट प्राप्त हुने ९९ वटा औषधि निःशुल्क उपलब्ध गराउने गरिएको छ । नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायता सामग्री पनि उपलब्ध गराएको छ ।

नागार्जुन नगरपालिकाको कुल साक्षरता ८९.२ प्रतिशत रहेको छ । यस नगरपालिका अन्तर्गत शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयहरू १९ वटा, धार्मिक विद्यालय १ वटा तथा ६८ वटा संस्थागत विद्यालयहरू रहेका छन् । शैक्षिक सत्र २०८० मा प्रारम्भिक वालविकास देखि कक्षा १२ सम्म ५३८७ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संस्थागत विद्यालय तर्फ १८७८७ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति हुने किसिमको वातावरण सृजना गरिएको छ ।। विद्यालयहरूमा तालिम प्राप्त शिक्षक तथा सूचना प्रविधिमैत्री वातावरणको सृजनाका लागि प्रयासहरु भएको छ । २ वटा अनौपचारिक प्रौढ विद्यालय मार्फत १४ वर्ष भन्दा माथि उमेर समूहका महिलाहरूलाई पठनपाठन गरी औपचारिक शिक्षाको कार्यमा टेवा पुर्याएको अवस्था छ ।

नगरपालिकाले लैगिक हिंसा र छुवाछुत सम्बन्धी १६ दिने सचेतना कार्यक्रम गर्ने गरेको छ । यहाँ ४ वटा बाल उद्यान र ८ वटा बाल गृह रहेका छन् । यसै गरी ३ वटा ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र र सबै ज्येष्ठ नागरिकहरुले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेका छन् । यस नगरपालिकामा अपाङ्ग सम्बन्धी हेल्प डेक्सको व्यवस्था गरिएको छ ।

नगरपालिकाले मानव सेवालाई पनि प्राथमिकतामा राखेको छ । सडक पेटीमा बस्ने, बेसहारा, असक्त व्यक्तिका लागि मानव सेवा आश्रमसँग सम्झौता गरेर त्यस्ता व्यक्तिहरूलाई आश्रयको व्यवस्था गरिएको छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

नागार्जुन नगरपालिकामा आवासिय क्षेत्र तिव्ररुपमा विकास हुदैं गएको छ । वि.स. २०७२ को भूकम्प पस्श्चात् यस नगरपालिका क्षेत्रमा निर्माण हुने भवन ९९ प्रतिशत भूकम्प प्रतिरोधी रहेने गरेको छ । व्यवस्थित सहरीकरण सहितको वस्ती वडा नं १ मा रहेको छ । प्रशासनिक भवन १ वटा, वडा कार्यालय चारवटा निर्माण र सामुदायिक भवन १२० वटा रहेका छन् । भवन तथा आवास निर्माणका लागि वातावरण प्रभाव अध्ययन गरिएको छ । नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत नगर क्षेत्रका केही स्थानहरूमा जग्गा एकिकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् र नयाँ क्षेत्रमा वस्ती एकिकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ । पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा बृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ ।

ठूलो प्रकारको भवन निर्माणका लागि जुरीको व्यवस्था गरिएको छ । जुरीबाट पास भएपछि मात्र भवन निर्माणका लागि स्वीकृत प्रदान गर्ने गरिएको छ ।

यस नगरपालिकाको सबै वडा कार्यालयहरू पक्की सडक सञ्जालमा जोडिई सकेका छन् । यस नगरपालिकामा ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार ९५ प्रतिशत् रहेको र सर्वयाम सडक २३८ कि.मि रहेको छ । नगरपालिका केन्द्रबाट सबै वडा कार्यालयसम्म पक्की सडकले छोएको छ । कालोपत्रे सडकको लम्बाई १०० कि.मी. रहेको छ । व्यवस्थित नाला सहितको सडकको लम्बाई १०० कि.मी. छ ।

नगरपालिकाका कुल घरपरिवार मध्ये बत्तीको लागि विद्युत उपयोग गर्ने घरपरिवार ९९.९४ प्रतिशत रहेका छन् । प्रतिशत), सोलार प्रयोग गर्ने घरपरिवार ६(०.०२ प्रतिशत), मट्टितेल प्रयोग गर्ने घरपरिवारको सङ्ख्या ५(०.०२ प्रतिशत), वायो ग्यास प्रयोग गर्ने घरपरिवारको सङ्ख्या ०(०.०० प्रतिशत) र अन्य स्रोत प्रयोग गर्ने घरपरिवार सङ्ख्या ७(०.०२ प्रतिशत) रहेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेख गरिएको छ । थ्री फेज लाइनको विस्तार ५० प्रतिशत रहेको छ भने खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार २० प्रतिशत् रहेका छन्।

नगरपालिकामा मोबाइल नेटवर्क कभरेज ९५ प्रतिशत्, ईन्टरनेटमा पहुँच प्राप्त परिवार ७५ प्रतिशत्, अप्टिकल फाइबरको बिस्तार ६० प्रतिशत् रहेको छ । सूचना प्रविधिको प्रयोगलाई आधुनिकीकरण गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने अवसर छ । स्थानीय सञ्चार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरपालिकालाई मिडियामैत्री बनाउन सकिन्छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

नगरको कुल क्षेत्रफलको ४४ प्रतिशत जमिन वनजंगलले ढाकेको छ । यस नगरपालिकामा १७ वटा सामुदायिक बन रहेका छन् । यहाँ पूर्वाधार निर्माणका काम गर्दा वातावरणीय अध्ययन (IEE/EIA) गरेर गर्ने गरिएको छ । एक घर एक रूख नीतिलाई अत्मसाथ गर्ने गरेको छ । नगरपालिका माथिल्लो भूभागमा पहिरो गई जमिन कटान हुने भएकोले भूसंरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा जग्गा प्लटिङ्ग कार्यलाई नियन्त्रण गरी बृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

नागार्जुन नगरपालिकामा ६ वटा खोलाहरू छन् । नगरपालिकाबाट बग्ने प्रमुख खोलाहरूमा मनमती खोला, लुपाङ खोला, त्रिवेणी खोला, जुङ्गे खोला, ढोलङ्गो खोला र ठुलो खोला रहेका छन् । नगरपालिकाले जलाधार व्यवस्थापनलाई सबै भन्दा बढी प्राथमिकतामा राखी योजनाहरू तर्जुमा गर्नुपर्दछ भने पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा बाढी नियन्त्रणका लागि पक्की पर्खाल र तटवन्ध निर्माणाधीन अवस्थामा छन् ।

फोहोरमैला व्यवस्थापनमा फोहोर जम्मा गर्ने, ढुवानी गर्ने, आवश्यक परेमा प्रशोधन गर्ने र अन्ततः यसलाई सुरक्षित, जिम्मेवार तरिकाले विसर्जन गर्ने कार्य भैरहको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरू संकलन तथा विसर्जन निजी क्षेत्रको सहकार्यमा हुदै आएको छ । बजार केन्द्रित वडाहरुमा दैनिकरूपमा र अन्य वडाहरूमा हफ्ताको दुइ पटक फोहरमैला संकलन हुने गरेको छ ।

यस नगरपालिकामा विपद् व्यवस्थापनका लागि नगद तथा वस्तुगत राहत सहितको १ करोड २० लाखको विपद् व्यवस्थापन स्थानीय कोषको समेत व्यवस्था गरिएको छ ।

नगरपालिका क्षेत्रमा पनि जलस्रोत, कृषि, पशुपालन, बन तथा जैविक विविधता, खानेपानी, स्वास्थ्य, पूर्वाधार विकास, जल उत्पन्न प्रकोप, पर्यटन तथा जीविकोपार्जनसँग सम्बन्धित विभिन्न क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

सुशासनका लागि प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिएको नगरपालिकाले आफ्ना अधिकतम सार्वजनिक सेवालाई प्रविधिमैत्री अर्थात् डिजिटलयुक्त बनाएको छ । जसले गर्दा सेवाग्राहीहरूले विभिन्न किसिमका प्रक्रिया गत झन्झटबाट मुक्ति पाएका छन् ।

डिजिटल डकुमेन्टेशन गरी पेपरलेस रूपमा छिटो छरितो काम गर्ने गरी पालिकाले सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा लागू गरेको छ । यसैगरी गाउँपालिकाबाट कुनै सिफारिसका लागि आवेदन गर्नु पर्ने भएमा अनलाइनमार्फत डिजिटल आवेदन गर्न सकिने व्यवस्था गरिएको छ । कार्यालयमा कर्मचारीको हाजिरी डिजिटल रूपमा अनिवार्य गर्नु पर्ने व्यवस्था गरिएको छ । जसले गर्दा नगरपालिकामा सुशासन कायम गर्नमा सघाउ पुगेको छ । सेवाग्राहीलाई नै केन्द्रमा राखेर सिफारिस, प्रमाणित जस्ता सेवाहरू प्रविधिमैत्री बनाइएको छ ।

क्युआर कोडमार्फत सेवा लिन सकिने व्यवस्था गरिएको छ । पालिकाले इलेक्ट्रोनिक बिल्डिङ पर्मिट सिस्टम (इबिपीएस) लागू गरेर नक्सा पासको प्रक्रिया अघि बढाएको छ । पेपरबाट हुने काम डिजिटल सिस्टमबाट गर्न थालिएको छ । जसले सेवाग्राहीलाई सहज भएको छ भने समयको पनि बचत भएको छ । 'आफ्नो नक्साको काम कहाँ पुगेको छ, कहाँ पुगेर अड्किएको छ ? सेवाग्राहीले आफैं चेक गरेर थाहा पाउन सक्ने गरी सेवा पूर्णरुपमा लागू भएको छ ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धन को लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई—हाजिरीको व्यवस्था, विधुतिय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् ।

नागार्जुन नगरपालिकाले नगरको शासकीय अभ्यासलाई पारदर्शी र सहभागितामुलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि, नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता तथा संघीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत नगरको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागितामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचार युक्त शासन प्रणालीलाई संस्थागत गर्न नगर प्रयासरत छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी नगर र नागरिकका बीचको पारस्परिक विश्वास कायम हुने गरी नगरवासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता नगरले महशुस गरेको छ ।

सेवा प्रवाहको विधि र प्रकृयालाई छिटो र सहज बनाउन आधुनिक प्रकृयामा आधारित विद्युतिय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आम नागरिकमा सुशासन युक्त स्थानीय शासनको अनुभूति गराउने गरी नागार्जुनलाई सुशासनयुक्त नगरको पहिचान दिलाउने लक्ष्यका साथ नीतिहरू तय गरिएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवेयर सञ्चालनको तयारीमा रहेको छ । सुशासनका प्रवर्धनका लागि डिजिटल नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू नगरपालिकाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ ।

सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, नगरपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा

नागार्जुन नगरपालिकाको यस आवधिक योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

# परिच्छेद ३ : सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रमा योजनाबद्ध ढङ्गले विकास गर्दै जानका लागि भावी रूपरेखा वा दीर्घकालीन सोच सहित अगाडि बढ्नु जरुरी छ । दीर्घकालीन सोच विना गरिने लगानी कार्यक्रम तथा विकास निर्माणको कार्यहरूले नगरवासीको जीवनमा केही सहजता र सुविधा प्रदान गरे तापनि यस्ता किसिमका योजना प्रक्रियाले नगरको दिगो विकासमा टेवा पुर्याउँदैन । अर्को शब्दमा, नगरको भावी गन्तव्य विना गरिने लगानी कार्यक्रमले आशातीत लाभ हासिल एकातिर गर्न सक्दैन भने अर्कोतिर भविष्यमा नगरको रूप कस्तो हुने हो आर्थिक, सामाजिक, भौतिक, वातावरण आदि दृष्टिले त्यो स्पष्ट हुँदैन । साथै नगरपालिकाको सीमित स्रोत साधनको पनि यस किसिमको प्रक्रियाले प्रभावकारी उपयोग नहुन सक्दछ । तसर्थ सीमित स्रोत साधनबाट अधिकतम लाभ एवम् प्रतिफल प्राप्त गर्न र नगरवासीको जीवनमा सुधार ल्याई आर्थिक हिसाबले समृद्ध नगर बनाउन नगरपालिकाले आफ्नो गन्तव्य निर्धारण गरी सम्पूर्ण विकास निर्माणका गतिविधिलाई उक्त उद्देश्य हासिल गर्ने दिशा तिर उन्मुख गर्नु नितान्त आवश्यक छ ।

नागार्जुन नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गर्नु अगाडि आर्थिक विकासका पक्षमा विगतका समयदेखि अग्रणी भूमिका निर्वाह गरिएका क्रियाकलापहरू तथा सोको उपलब्धिहरू र अन्य आर्थिक विकासका सम्भावनाका पक्षहरूका लागि स्थानीय तहमा उपलब्ध विभिन्न श्रोत, साधन तथा विकासका गति सँगसँगै सृजित नौला अवसरहरूको समेत अध्ययन, त्यस्ता अवसरहरूलाई आर्थिक विकासमा रूपान्तरण गर्न आइपर्ने विभिन्न मुद्दा, समस्या तथा जोखिम पक्षहरूको समेत गहन विश्लेषण गरी वर्तमान परिवेशमा यस नगरपालिकालाई कृषि उद्योग तथा पर्यटन विकासको माध्यमबाट समृद्ध नगर निर्माण गर्न सकिने सोच लिएको छ ।

वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र "सुसंस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेश" को प्रादेशिक लक्ष्यमा योगदान पुर्याउने गरी नागार्जुन नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा नगरको दीर्घकालीन सोच तयार पारिएको हो । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ । यसैलाई मनन गर्दै **"समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार"** भन्ने दीर्घकालीन सोच तय गरिएको छ ।

सोच निर्धारण कार्य सँगसँगै उक्त सोचलाई मूर्त रूप दिने क्रममा सामना गर्नुपर्ने समस्या तथा मुद्दा सम्बन्धित वृहत् छलफल गरी सो समाधानको लागि आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको समेत पहिचान गरिएको छ । यसका अतिरिक्त नगर विकासका अन्य विषयगत क्षेत्रहरू जस्तै भौतिक, सामाजिक, वातावरणीय, जोखिम, आर्थिक, वित्तीय तथा संस्थागत पक्षमा भएका सम्भावना, समस्या तथा मुद्दा सम्बन्धित वृहत् छलफल गरी सो को समाधानको लागि आवश्यक नीति, कार्यक्रम, योजनाहरूको पनि पहिचान गरिएको छ । यसैगरी समाजिक

विकासको पक्षमा समावेशी तथा लक्षित वर्ग विशेषलाई समेत प्राथमिकतामा राखी नगरमा वसोवास गर्ने विभिन्न वर्ग, समुदायहरू जस्तैः महिला, वालवालिका, जेष्ठ नागरिक, युवा, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, तेश्रो लिंगीहरू, गरिबीका समस्याहरू सम्बन्धी समेत वृहत् छलफल गरी त्यस्ता वर्ग तथा समुदायका समस्याहरूलाई सम्बोधन गर्न आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको समेत पहिचान गरी यस नगरपालिकाको समावेशी तथा सहभागीता मूलक आवधिक योजना तर्जुमा भएको छ र यसरी नै यस्ता आवधिक योजनाहरू अगामी दिनहरूमा क्रमशः तर्जुमा गर्दै त्यस्ता योजनाहरूको सफल कार्यान्वयन गर्दै यस नगरको दीर्घकालीन सोच **"समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार"** प्राप्त गर्ने दिशातर्फ यस नगरपालिका अग्रसर रहने छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

सुलभ र सुगम अन्तर आबद्धता, भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत, भौतिक पूर्वाधार तथा प्रविधि विस्तार र आर्थिक अवसरमा अग्रणी भए तापनि नगरको विकासमा थुप्रै समस्या तथा चुनौती छन् । नगरपालिकाको भौगर्भिक बनोट संवेदनशील छ । विकास निर्माणलाई वातावरणमैत्री तथा दिगो विकास अवधारणा अनुकूल सन्तुलन मिलाउन नसक्दा वातावरणीय र आर्थिक जोखिम बढ्दै गएको छ । नगर क्षेत्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, बसाइसराईं, भूस्वरूपमा नकारात्मक परिवर्तन, प्रतिभा पलायन, दिगो तथा उत्पादनशील पूर्वाधार विकास र भू उपयोगसँग सम्बन्धित समस्या र चुनौतीहरू टड्कारो रूपमा रहेका छन् । मनोरम खेतीयोग्य जमीन, ग्रामीण परिवेश वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, भू उपयोग तथा पूर्वाधार निर्माणका लागि योजनाबद्ध विकासको अभाव प्रमुख समस्याका रुपमा रहेका छन् । नगरपालिकाको प्रमुख समस्या तथा चुनौतीहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

१. सडक बाटो यातायातका लागि मापदण्ड अनुसार चौडा गर्न कानुनी बाधा अड्चन र स्थानीय अवरोध आउने अदालतबाट निषेधाज्ञा (**Stay Order**) चर्को मुआब्जाको माग र ढल व्यवस्थापन चुनौतीको रुपमा रहेका छन् ।
२. सतही खाने पानीको स्रोतको अभाव र अस्थायी श्रोत डिप बोरिङ्गमा भर पर्नुपर्ने अवस्था र त्यसको पनि व्यवस्थापनमा जटिल देखिएको छ ।
३. केहि वडाहरूमा भौगोलिक अवस्था पनि कठिन छ र जनसहभागिता जुटाउन प्राय असम्भव जस्तै देखिएको छ ।
४. बजेट अभावको कारणले पनि विकास निर्माणको कार्य सहज ढङ्गले हुन सकिरहेको छैन ।
५. बरोजगार युवाहरूले उत्पादनशील क्षेत्र कृषि तथा पशुपालनमा भविष्य नदेखु एउटा ठूलो समस्याको रुपमा रहेको छ । आवश्यक सीप र रोजगारी बीचको तादम्यता मिलाउन नसक्दा बढ्दो बेरोजगारी न्यूनीकरण गर्न निकै चुनौती देखिन्छ । युवाहरूको श्रम प्रतिको नकारात्मक धारणाले गर्दा निकै सम्भावना रहेको श्रम रोजगारीले ध्यान आकर्षण गर्न सकिरहेको छैन ।

६. जग्गाको खण्डीकरण र वस्ती बढ्दै गएकोले प्रत्येक वर्ष कृषि क्षेत्र घट्दै गएको छ जसको कारण व्यवसायिक फर्म चलाउन र कृषि गर्नका निम्ती जमिनको अभाव रहेको छ । कृषि क्षेत्र कम प्राथमिकता परेकोले सिंचाईको समस्या देखिन्छ ।

७. बढ्दो शहरीकरणले पशुपालन गर्ने क्षेत्र घट्दै गइरहेको छ । स्थानीय र रैथाने जातका पशु पंक्षीपालन कार्यक्रम घट्न गई स्थानीय पशुपंक्षीहरू लोप हुने स्थिति समस्याको रुपमा देखिएको छ ।

८. पशुपंक्षीमा लाग्ने विभिन्न प्राणघातक सरुवा रोगहरू फैलिई पशुपंक्षीमा क्षति हुन गई आर्थिक स्थिति कमजोर हुँदै गइरहेको छ ।

९. सहकारी संस्थाहरू प्राय उत्पादनमूलक क्षेत्रमा नभई बचत तथा ऋणको क्षेत्रमा मात्र कारोवार गर्ने गरेको पाइन्छ । यस क्षेत्रमा सहकारी शिक्षाको कमी र वित्तीय तथा संस्थागत सुशासनमा कमजोरी मूख्य समस्याको रुपमा देखिन्छ भने सहकारी सदस्यतामा समेत दोहोरो पनको समस्या पनि पाइएको छ ।

१०. कर्मचारीको पद अनुसार कार्य विवरण निर्माण र प्रयोग गर्न सकिएको छैन । अनलाइन प्रणालीबाट प्रगति विवरण संकलनमा सूचना प्रविधिको उपयोग नभएको देखिन्छ । वेरुजु फर्छ्यौट र आय बृद्धि चुनौतीको रुपमा देखिन्छ ।

११. स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तिको कमी रहेको देखिन्छ । दक्ष जनशक्ति नहूँदा स्वास्थ्य सेवा लिने सारग्राहीहरूको स्वास्थ्य संस्था प्रति विश्वासमा कमी देखिन्छ । एउटा मात्र आयुर्वेद संस्था भएकोले आयुर्वेद संस्थातर्फ स्वास्थ्य संस्थाकै अभाव छ । नगरपालिकाकाको पाँच वटा वडा कार्यालयहरूको आफ्नै भवन नहुनु पनि एउटा समस्याकै रुपमा रहेको छ ।

१२. लैंगिक विभेद गर्ने सामाजिक सोच, बालश्रममुक्त हुन नसक्नु, घरेलु हिंसाका घटना बाहिर नआउनु, सार्वजनिक सेवा प्रदायक संस्थाहरू अपाङ्गमैत्री नहुनु, छुवाछुतको अवस्था अन्त्य हुन नसक्नु, हिंसा पीडितका लागि सुरक्षित आवास गृह नहुनु, बाल हेल्पलाईनको व्यवस्था नहुनु, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र नहुनु, समान अवसर र पारिश्रमिक नहुनु, सबै प्रकारका बालबालिकाहरूको विद्यालयमा पहुँच नहुनु।

१३. नगरपालिका क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री सार्वजनिक शौचालयको समेत व्यवस्था हुन सकेको छैन ।

१४. सबैका लागि गुणस्तरीय शिक्षामा पहूँच सुनिश्चित गर्न नसक्नु, विशेष लक्षित समूहका बालबालिकाहरूको पहुँच नहुनु, सिकाई उपलब्धि हासिल हुन नसक्नु, विषयगत शिक्षकको दरबन्दी कमी, विद्यार्थीले विद्यालय छोड्ने, शिक्षामा निजी क्षेत्रको भूमिका बारेमा स्पष्ट नीति नहुनु, भौतिक संरचनामा कमी, प्राविधिक शिक्षालाई मूलाधारमा विकास गर्न नसक्नू पनि नगरपालिकाको लागि चुनौतीको रूपमा रहेको छ ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

ऐतिहासिक कला, सम्पदा र संस्कृतिको धनी साथै प्राकृतिक विविधताले भरिपूर्ण र बिशिष्ट भू—बनोट, वातानुकूलन जलवायु, लोभलाग्दा डाँडाकाडाँ, वन जंगल, नदीनाला, भीरपाखा, समथर खेत बारी जस्ता प्रकृतिका अनुपम उपहारले सु—सज्जित नागार्जुन नगरपालिकाले यहाँको संभावना र अवसरहरूको समुचित प्रयोग गरी जनताको जीवनस्तर अभिवृद्धि गर्न "**समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार**" को दीर्घकालीन सोच अघि सारि यस नगरपालिकालाई हरियाली शहरको रूपमा विकास गर्ने परिकल्पना गरी सोही अनुरूप स्थानीय सरकारको रूपमा नगरपालिकाद्वारा विभिन्न कार्यहरू अघि बढिरहेको छ । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर नगरपालिकालाई प्राप्त भएको छ । यस नगरपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

- नगरपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस नगरपालिकालाई पहिचान दिने गरी बाली विकास तथा कृषि तथा पशुपालन उत्पादन गर्न सक्ने राजधानी नजिकको तरकारी तथा अन्य खाद्य भण्डार नगरपालिकाका रूपमा विकास गर्न सकिने अवस्था छ।
- नगरपालिकामा रहेको सामुदायिक वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तै प्राङ्गारिक मल, व्यावसायिक नास्पाती तथा टिम्मुर खेती, फुल खेती एवं जडीबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
- राजधानीबाट नजिकको नगरपालिका र मनोरम डाँडाहरु एवं काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सकिने विभिन्न स्थानहरू रहेकाले चलचित्र छायांकन स्थलको रूपमा विकास गर्न सकिने देखिन्छ ।
- पशुपतिनाथ दर्शनका लागि आएका भक्तजनहरूलाई आदेश्वर महादेवको दर्शनका लागि र स्वयम्भू आएका पर्यटकलाई ह्वाइट गुम्बासम्म अवलोकन गरी नगरको आन्तरिक पर्यटनमा टेवा पुग्ने देखिन्छ।
- वडादेखि एक देखि दशसम्म जोड्ने गरी साइकल पदमार्ग निर्माण गरी राजधानी भित्रिएका आन्तरिक तथा वाह्य पर्यटकलाइ यस नगरपालिकाका भित्र्याउन सकिने प्रशस्तै सम्भावना रहेको छ ।
- यस नगरपालिका भित्र रहेको चार नारायण मध्येको एक इचङ्गुनारायण मन्दिरको प्रचार प्रसार र प्रवर्धन गरी धार्मिक पर्यटनको विकास गर्न सकिने देखिन्छ ।
- राजधानीबाट नजिकैको तिव्र बसाइ सराइको अवस्थामा रहेकोले यस नगर व्यवस्थित र सुरक्षित आवास गन्तव्यको रुपमा विकास हुन सक्ने प्रशस्त सम्भावना रहेको छ ।
- नगरपालिकाका सबै वडाहरूमा पक्की सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा सजिलै पुऱ्याउन सकिने अवस्था रहेको छ ।
- वडा नं ६ र ८ जोड्ने झोलुंगे पुलबाट बन्जी र रक क्लाइम्बिङ तथा ह्वाइटगुम्बा देखि जामाचोसम्म केवुलकार निर्माण गरी नगरको पर्यटन विकासमा थप टेवा पुर्याउन सकिने अवस्था छ ।

## ३.४ निर्देशक सिद्धान्त

नगरपालिकाको उल्लिखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र सोह्रौं राष्ट्रिय योजनाको मर्मलाई समेत ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्त तय गरिएको छ । र यसै सिद्धान्तहरूलाई पालन गरी नागार्जुन नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

**तालिका २: नगरपालिकाको निर्देशक सिद्धान्तहरू**

| | |
|---|---|
| **१. कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार विकासमा उच्च प्राथमिकताः** | व्यावसायिक कृषिको विकास, पर्यटन, व्यवसाय र स्थानीय अर्थतन्त्र एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । |
| **२. स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** | संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । |
| **३. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकासः** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू उपयोग—योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ। |
| **४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः** | भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आय मूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायो इञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| **५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** | नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण |

| | |
|---|---|
| | र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ। |
| **६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ्ग जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |
| **७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन** | सुशासन, विकास र समृद्धि देश विकासको अबको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ । |
| **८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः** | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| **९. वन र वन पैदावारको यथोचित उपयोग** | यस नगरपालिकामा प्रशस्त बनपैदावर र जटिवुटि रहेको हुनाले तिनिहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिने छ । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र बागमती प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका निम्न बमोजिमका आ—आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता हुने गरी नागार्जुन नगरपालिकाको पहिलो पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको छ । नगर कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

**दीर्घकालीन सोच**

**"समृद्ध नागार्जुनको आधार; सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार"**

**लक्ष्य**

"स्वस्थ, शिक्षित, उद्यमशील, व्यावसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध सांस्कृतिक नगरपालिका"

**उद्देश्य**

१. स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु,
२. नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्म सम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु,
३. आवास, बजार, भौतिक सुविधा तथा अन्तर—आबद्धता सहज, दिगो, व्यवस्थित र उत्थानशील बनाउनु,
४. नगर क्षेत्रको पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु र
५. नगरपालिकाको सेवा प्रवाह थप प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

**तालिका ३: अपेक्षित परिमाणात्मक उपलब्धि**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| अपेक्षित आयु जन्म हुँदाको | वर्ष | ७०.०९ | ७१.०१ | ७१.०४ | ७१.०९ | ७१.०९ | ७२.०३ | **७२.०९** |
| वर्षभरी सिंचाईं हुने खेतीयोग्य जमिन | प्रतिशत् | ३ | ४ | ४ | ४.५ | ५ | ५ | **५** |
| कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १६० | १६५ | १७० | १७५ | १८५ | १९० | **१९०** |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत् | १० | १५ | २० | २५ | ३० | ३५ | **३५** |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | **१००** |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत् | ८७ | ८९ | ९१ | ९३ | ९५ | ९६ | |
| माध्यमिक तह मा खुद भर्ना (९-१२) | प्रतिशत् | ७२ | ७५ | ७८ | ८० | ८३ | ८५ | **८५** |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत् | ९२.५ | ९३ | ९४ | ९५ | ९५ | ९७ | **९७** |
| भूकम्प प्रतिरोधी भवन (२०७२ को भूकम्प पस्चात) | प्रतिशत् | ९९ | ९९ | १०० | १०० | १०० | १०० | **१००** |
| ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत् | ९५ | ९६ | ९७ | ८ | ९९ | १०० | **१००** |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | **१००** |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत् | ९५ | ९७ | ९८ | ९९ | ९९ | १०० | **१००** |
| ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत् | ७५ | ८० | ८५ | ९० | ९२ | १०० | **१००** |
| वन क्षेत्र ओगटेको भूमि | प्रतिशत् | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | | ७० | ७२ | ७५ | ७७ | ८० | ८५ | **८५** |

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका ४: नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु ।** | |
| १.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगार मूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ४. मुख्य कृषि उत्पादन क्षेत्रको मूल्य श्रृंखलाको विकास (Agriculture Value Chain Development) गरी प्रवर्द्धन, यान्त्रीकीकरण, र बजारीकरणमार्फत् उच्च तथा गुणस्तरीय उत्पादन दिने आधुनिक अर्गानिक कृषि प्रणालीको विकास सहित उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।<br>५. राष्ट्रिय रूपमा स्थापित स्थानीय उत्पादनको प्रवर्धन गर्न जोड दिइनेछ । |
| **१.२**ः विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने। | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूल प्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तर युक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागू गरिनेछ ।<br>४. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख सुधार गरिनेछ । |
| **उद्देश्य २ः नगरवासी गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्मसम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु ।** | |
| **२.१**ः शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ विद्यालय भवन, स्वास्थ्य चौकी निर्माण, एम्बुलेन्स सेवा सञ्चालनमा प्रभावकारीता तथा बाल-विकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशा मुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनका लागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागू गरिनेछ ।<br>४. **विग स्कूल**को अवधारणा अनुसार विद्यार्थी सङ्ख्या न्यून भएका स्कूलहरूलाई मर्ज गरी संरचनागत सुधार गरिनेछ । |
| **उद्देश्य ३ः आवास, बजार, भौतिक सुविधा तथा अन्तर—आबद्धता सहज, दिगो, व्यवस्थित र उत्थानशील बनाउनु ।** | |
| **३.१**ः गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. भू उपयोग नीति कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
| --- | --- |
| | ३. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ।<br>४. सडकको स्तरोन्नत्ति, मर्मत,सम्भार,संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।<br>५. भौतिक पूर्वाधारहरू निर्माण गर्दा क्षति भएको खानेपानी योजना,सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ।<br>६. सडक गुरुयोजना अनुसार "क" वर्गमा परेका सडकहरूको स्तरउन्नति तथा कालोपत्रे गरिनेछ । मुख्य-मुख्य सडकहरूलाई हरित सडक बनाइनेछ ।<br>७. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र बजारीकरण गरी पर्यटन प्रवर्धन गर्ने ।<br>८. सम्पदा वस्तिहरूको सीमाकन गरी वस्ती सम्पदा वस्ती संरक्षण गर्ने ।<br>९. नयाँ एकीकृत वस्ति निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ |
| **उद्देश्य ४: नगर क्षेत्रको पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु ।** | |
| **४.१:** वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. सामुदायिक वन संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ।<br>२. पूर्ण सरसफाइ सहितको नागार्जुन नगर हरित शहरको अवधारणा अनुरूप हरियाली नगरपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।<br>३. एकीकृत फोहोर व्यवस्थापन प्रणाली लागू गरिनेछ ।<br>४. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनकरण,वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ५: नगरपालिकाको सेवा प्रवाहको थप प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।** | |
| **५.१:** सुशासन सम्बन्धी नीति गत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने । | १. सुशासन प्रवर्द्धन गर्न डिजीटल सेवा प्रवाह र प्रविधिमैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ ।<br>२. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ।<br>३. गरिबी निवारणका लागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी शहरी गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>४. नगरपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>५. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ६. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>७. समावेशी सामाजिक संरचनाका माध्यमबाट नगरपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>८. नगरपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी नगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### क. नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय विवरण

**तालिका ५ नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय**

| शीर्षक | नगरपालिकाको यथार्थ आय रु. हजारमा | | |
|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **संघीय सरकार** | **४३२५७६** | **४६२१४७** | **४५९५३७** |
| १३३११ समानिकरण अनुदान | १९७४०० | २०३५०० | १९८५९८ |
| १३३१२ शसर्त अनुदान चालु | २३५१७६ | २२३४०४ | २३६१९३ |
| १३३१३ शसर्त अनुदान पुंजीगत | | ९३०३ | १००३७ |
| १३३१७ समपुरक अनुदान पुंजीगत | | २५९४० | १४७०९ |
| **प्रदेश सरकार** | **६०४४९** | **४५९६६** | **६४५८६** |
| १३३११ समानिकरण अनुदान | १०९९९ | १८०४५ | २१५७८ |
| १३३१२ शसर्त अनुदान चालु | १७२१९ | १२८८८ | १८१६८ |
| १३३१५ विषेश अनुदान पुंजीगत | | ० | |
| १३३१७ समपुरक अनुदान पुंजीगत | | १५०३३ | |
| १३३१४ विषेश अनुदान चालु | २२९२ | | ४९५३ |
| १३३१६ समपुरक अनुदान चालु | २९९३९ | | १९८८८ |
| १३३१८ अन्य अनुदान चालु | | | |
| **राजस्व बाडफाड** | **३८०२४७** | **५५९२९२** | **२९५२९९** |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २७१४११ | ४३४०४२ | २१०२८२ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६२६७१ | ७१५५४ | ५३६२२ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क | १८७७६ | २३१७४ | |
| ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २६३६९ | ३०११४ | ३०८४० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १०२० | ४०८ | ५५५ |
| **अन्तरिक श्रोत** | **३४८९६४** | **४४९६७१** | **३४५५८५** |

| शीर्षक | नगरपालिकाको यथार्थ आय रु. हजारमा | | |
|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | २३०९ | ० |
| ११३१३ सम्पती कर | ३४१८७ | ४१२७८ | ४५२७१ |
| ११३१४ भुमिकर/ मालपोत | १५६३ | १७६६ | १९८५ |
| ११३१७ वहाल कर | २५८०१ | ४०९०५ | ५६३३१ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १५५१० | २३२६४ | २६०५० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ० | |
| १४२१६ निजी धारा वापतको शुल्क | १३ | २६ | ७१ |
| १४२२१ न्यायिक दस्तूर | ५ | ६ | ९ |
| १४२४२ नक्सापास दस्तुर | ५४६७० | ५६४६० | ४५७९१ |
| १४२४३ सिफारिश दस्तुर | २३९०२ | ३१२३७ | २४१३० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५७ | ३८७ | ४६५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५८ | १४३ | ९१ |
| १४२४९ अन्य दस्तुर | १७२६५ | १२३६२ | ९०७९ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६४२७ | ७५३१ | ८४०० |
| १४३१३ धरौटी सदरस्याहा | ६७० | ० | ० |
| १५१११ बेरुजू | १६८८३६ | ४२९६ | २७१ |
| ३२१२२ बैंक मौज्दात | ० | २२७७०० | १२७६४० |
| **स्थानीय तह** | | **०** | **५१५८** |
| १३३११ समानिकरण अनुदान | | ० | ५१५८ |
| **जनसहभागिता** | **२००** | **१६१३७** | **११००४** |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २०० | १६१३७ | ११००४ |
| **जम्मा** | **१२२२४३६** | **१५३३२१३** | **११८११६९** |

स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक प्रावधान, राष्ट्रिय आर्थिक नीति र सँग तथा प्रदेशसँगको आर्थिक अन्तरसम्बन्धलाई मुख्य आधारका रूपमा लिइ वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र प्रक्षेपण गरिएको छ। नगरपालिकाले पाँच वर्षको अवधिमा प्रतिव्यक्ति वार्षिक आय झन्डै दोब्बर पुर्याउन, कृषि क्षेत्रको वृद्धि दर बढाइ लुम्बिनी प्रदेशको कृषि क्षेत्र सरह वृद्धिदर हासिल गर्ने, र बेरोजगारी दर उल्लेख्यरूपमा तल झार्ने महत्वाकांक्षी लक्ष्य पूरा गर्नेतर्फ लक्षित गरिएको छ। नगरपालिकाले उल्लिखित आकारको आर्थिक समृद्धि हासिल गर्न आवश्यक श्रोतका लागि सहकारी, निजी र गैरसरकारी क्षेत्रको एकीकृत र समन्वयात्मक भूमिकालाई समेत आधार मानेको छ। नगरपालिकाको आवधिक योजनाको वित्तीय प्रक्षेपण गर्दा आ.व २०७९/८० लाई आधार वर्ष मानी अन्य निम्न आधार लिइएको छ ।

- आ.ब. २०७६/७७ देखि २०७९।८० सम्मको यथार्थ आय तथा व्ययको आर्थिक विवरण,

- आ.ब. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट,
- आ.व २०८०/८१ मा संघीय तथा प्रदेश सरकारबाट नगरपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरूको वित्तीय विवरण र आगामी वर्षहरूमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरू,
- नगरपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण ।

आय प्रक्षेपण गर्दा स्थानीय सरकार संचालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरूलाई समेत प्रक्षेपणको आधार मानिएको छ। आर्थिक प्रक्षेपण गर्दा औसत आर्थिक वृद्धि राजस्व वृद्धिको सम्भावना तथा नगरपालिकाले गर्नसक्ने थप प्रयासका आधारमा हरेक आ.व.मा अनुमानित वृद्धि गरिएको छ ।

## ख. योजना अवधिमा नगरपालिकामा परिचालन हुने स्रोत अनुमान

**तालिका ६: नगरपालिकाको आय अनुमान**

| शीर्षक | अनुमानित आय रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|
| | **२०८०.८१** | **२०८१.८२** | **२०८२.८३** | **२०८३.८४** | **२०८४.८५** | **२०८५.८६** |
| संघीय सरकार | ५५१४४४ | ६३४१६१ | ७२९२८५ | ८३८६७७ | ९६४४७९ | ११०९१५१ |
| प्रदेश सरकार | ७७५०३ | ८९१२८ | १०२४९८ | ११७८७२ | १३५५५३ | १५५८८६ |
| राजस्व बाँडफाँड | ३५४३५९ | ४०७५१३ | ४६८६४० | ५३८९३६ | ६१९७७६ | ७१२७४३ |
| अन्तरिक श्रोत | ४१४७०२ | ४७६९०७ | ५४८४४३ | ६३०७१० | ७२५३१६ | ८३४११४ |
| स्थानीय तह | ६१९० | ७११९ | ८१८६ | ९४१४ | १०८२६ | १२४५० |
| जन-सहभागिता | १३२०५ | १५१८६ | १७४६४ | २००८३ | २३०९६ | २६५६० |
| **जम्मा** | **१४१७४०३** | **१६३००१३** | **१८७४५१५** | **२१५५६९३** | **२४७९०४७** | **२८५०९०४** |
| **५ वर्षको जम्मा अनुमानित आय** | **१०,९९,०१,७२** | | | | | |

*स्रोतः नागार्जुन नगरपालिका, लेखा शाखा*

## ३.९ नगर गौरवका आयोजनाहरू

### तालिका ७: नगर गौरवका आयोजनाहरू

| क्र.स. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| १ | **नागार्जुन चक्रपथ विकास तथा निर्माण** | कि.मि. | २५ | ५०० | १५०० | १५०० | १००० | १००० | **५५००** |
| २ | **पद मार्ग साइकिलिङ्ग निर्माण** (वडा नं. १ देखि २, ३, ५, ६, ८ देखि ७ सम्म, रिङ रोड स्वयम्भु, सितापाइला, ह्वाइट गुम्बा, भिमढुंगा) | किमि | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ३ | एक वडा एक पार्क निर्माण (डम्फु पार्क, गणेशमान पार्क, कुरकुरे पार्क लगायतका ठूला पार्क समेत) | एकमुस्ट | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | एकीकृत कृषि तथा पशुपालन एवं रैथाने बाली विकास तथा फूल खेती प्रवर्धन | एकमुस्ट | | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** |
| ५ | नागार्जुन एकीकृत खानेपानी आयोजना निर्माण बोर्ड गठन तथा सञ्चालन | एकमुस्ट | | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** |
| ६ | १५ शैया अस्पताल (अटिजम केयर युनिट स्थापना) संचालन तथा व्यवस्थापन (स्वास्थ्य बिमा समेत) | एकमुस्ट | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| ७ | सार्वजनिक जग्गा संरक्षण तथा एकीकृत वस्ती विकास (Landpooling) | एकमुस्ट | | १०० | १०० | १५०० | ३०० | ३०० | **२३००** |
| ८ | एकीकृत सरसफाइ केन्द्र निर्माण तथा व्यवस्थापन | एकमुस्ट | | १० | ९० | १००० | २०० | २०० | **१५००** |
| ९ | सम्पदा संरक्षण तथा विकास आयोजना (एतिहासिक धार्मिक सम्पदाहरुको संरक्षण पुननिर्माण तथा प्रवर्धन) | सङ्ख्या | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |

| क्र.स. | कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| **१०** | IT Park निर्माण | एकमुस्ट | | ३०० | २०० | १०० | १०० | १०० | **८००** |
| **११** | स्पोर्ट्स एकेडेमी स्थापना | एकमुस्ट | | ३०० | २०० | २०० | २०० | २०० | **११००** |
| **१२** | औषधीय जडीबुटी तथा उच्च मुल्यका फलफुलका पाँच लाख विरुवा वृक्षारोपण तथा हेरचाह (सामुदायिक वन क्षेत्र, सार्वजनिक निजी जग्गा तथा पैदयमार्गको दायाबाया समेत) | एकमुस्ट | ५ लाख | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** |
| **नगर गौरवका योजनाको जम्मा बजेट** | | | | **९३१०** | **१०१९०** | **१२४००** | **९९००** | **९९००** | **५१७००** |

# परिच्छेद ४ : आर्थिक विकास क्षेत्र

उच्च र दिगो आर्थिक विकास हासिल गर्नको लागि समष्टिगत आर्थिक परिसूचक र समृद्धिको आधारहरूको सबलीकरण अपरिहार्य छ । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिंचाई, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् जसबाट नगरपालिकाको आर्थिक गतिविधिमा टेवा पुग्दछ । मानव विकासका अनेक पक्षहरूको सम्बोधन समेत आर्थिक विकासले गर्ने भएकोले यसको महत्व धेरै देखिन्छ । सार्वजनिक, निजी र सहकारीको क्षेत्रको सहभागिता र विकास मार्फत सुदृढ अर्थतन्त्रको निर्माण हुने कुरा नेपालको संबिधानमा उल्लेख गरिएको छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य-१(शुन्य गरिबी), लक्ष्य-२(भोकमरीको अन्त्य), लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति), लक्ष्य ९-(सहज पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रबर्द्धन साथै नवउद्यमलाई प्रोत्साहन) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस नागार्जुन नगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रमा प्रोत्साहान गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ ।

## ४.१ कृषि तथा पशुपालन

### ४.१.१ पृष्ठभूमि

नागार्जुन नगरपालिका पछिल्लो समय अधिक रूपमा सहरीकरण भएता पनि यहाँको जमिन कृषिको लागि उर्वर रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनसुार यस नगरपालिकामा कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरू १०.१ प्रतिशत रहेका छन् । कृषिको लागि उल्लेख्य दक्ष कामदार रहेको तथ्यांकले यस नगरपालिकामा आधुनिक एवं व्यवसायिक कृषिको सम्भावना प्रचुर मात्रमा रहेको बुझ्न सकिन्छ । हाल नगरपालिकाको वडाहरूमा फुल खेती, कृषि फर्म, टनेल खेती हुँदै आएको छ भने विभिन्न समयमा नगरपालिकाले कृषि तालिम कार्यक्रम समेत संचालन गर्दै आएको छ । खेतीको लागि धेरै जमिन नभएका वडाहरूमा कौसी खेतीको अभ्यास पनि हुँदै आएको छ । यस नगरपालिकामा कृषि पर्यटन र कृषि ज्ञान केन्द्रको समेत परिकल्पना गरिएको छ ।

नेपालको संविधानको धारा ५१ मा किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्वन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकरण, विविधीकरण र आधुनिकीकरण गर्ने व्यवस्था उल्लेख छ । “खेतबारीमा प्राविधिक सेवा, उत्पादन टेवा र खेतबारीमै प्राविधिक जनशक्ति पुर्याउने” नेपाल सरकारको लक्ष्य पुरा गर्ने गरि नगरपालिकाको समन्वयमा उचित बजार व्यवस्थापन हुन सकेमा यस क्षेत्रमा कृषि रोजगारीको सृजना हुने सम्भावना छ ।

### ४.१.२ सम्भावना तथा अवसर

यस नगरपालिकामा उर्वर कृषि भूमि, कृषिलाई अनुकुल हुने हावापानी र २०७८ को जनागणना अनुसार १०.१ प्रतिशत् दक्ष कृषि कामदार रहेकोले कृषिको प्रचुर सम्भावना रहेको पाइन्छ । देशको राजधानीमा अवस्थित नगरपालिका भएकाले उत्पादित सामान बजारसम्म लैजानको लागि पूर्वाधार सहज रहेको छ । नगरपालिका क्षेत्र भित्र कृषि संकलन केन्द्र र कृषि ज्ञान केन्द्रको स्थापनाले कृषि प्रबर्द्धन र उत्पदानमा अवसर सृजना गर्छ । हाल अन्य जिल्लाबाट र विदेशबाट फर्केका युवाहरूले यस नगरपालिकामा कृषि फर्म संचालन गर्दै आएको पाइएको छ । प्रतिफल स्वरुप कृषि क्षेत्रमा तरकारी र फूल खेतीमा आवद्ध कृषकहरूको आयस्रोतमा बृद्धि गराउन सकिने सम्भावना रहेको छ ।

### ४.१.३ समस्या तथा चुनौती

जग्गाको खण्डीकरण र बस्ती बढ्दै गएकोले प्रत्येक वर्ष कृषि क्षेत्र घट्दै गएको छ जसको कारण व्यवसायिक फर्म चलाउन र कृषि गर्नका निम्ती जमिनको अभाव हुदै गएको छ । कृषि क्षेत्र कम प्राथमिकतामा परेकाले सिंचाईको समस्या देखिन्छ । बढ्दो सहरीकरण र बाक्लिंदो वस्ती विकासले र जग्गाको खण्डीकरणले कृषिको लागि जमिनको अभाव हुँदै गएको छ । जसको कारण व्यवसायिक कृषिको लागि समस्या उत्पन्न भएको छ । आधुनिक कृषिलाई उच्च प्राथमिकता दिनु तथा तालिम प्राप्त दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु यस क्षेत्रको चुनौतीको रुपमा रहेको छ । बजार व्यवस्थापन र आपूर्ति भएका सामानसँगको प्रतिस्पर्धा गर्न नसक्नु अर्को चुनौतीको विषय रहेको छ । नागार्जुन नगरपालिका भित्र सिंचाईंको समेत समस्या रहेकोले कृषिको लागि थप जटिलता रहेको पाइन्छ ।

बाह्य भूगोलबाट आएर जग्गा भाडामा लिई कृषि फर्म संचालन गर्नेको संख्या बढी रहेको र नगरपालिकाको स्थायी बासिन्दा नभएकोले कृषि अनुदानबाट बन्चित हुनपर्ने यहाँको मुख्य समस्या रहेको छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुको संकलन केन्द्र नरहेको र बिचौलिया मार्फत बजार पठाउन पर्ने हुँदा कृषकले उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । बढ्दो वस्ती विकासले बाटोको आवश्यकता बढेको हुँदा सिंचाईको लागि प्रयोग हुँदै आएको राजकुलोहरू सडकको रुपमा रुपान्तरित भएका छन् । कृषि बीमा कार्यक्रमले लगानी गर्दा लाग्ने खर्चमा मात्र बीमा गर्ने हुँदा कृषकहरू बीमामा आकर्षित हुन सकेका छैनन । कूल कृषक मध्ये जम्मा ३० प्रतिशत् मात्र कृषि बीमामा आवद्ध छन् । जग्गा वर्गीकरणका लागि कृषि एवं गैर कृषिको रुपमा जग्गा छुट्टिनुपर्नेमा सम्पूर्ण जमिन गैर कृषिको रुपमा वर्गीकरण भएकोले समेत भविष्यमा कृषि सम्बन्धी नीतिहरूबाट लाभ लिने विषयमा अर्को चुनौती थपिएको छ । बढ्दो शहरीकरणले पशुपालन गर्ने क्षेत्र समेत घट्दै गएको छ ।

### ४.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

व्यावसायिक कृषि तथा पशुपालन उत्पादन तथा उत्पादकत्व वृद्धि

लक्ष्य

आधुनिक एवं व्यावसायिक कृषि तथा पशुपालन मार्फत उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि आत्मनिर्भर बनाउने।

उद्देश्य

१) निर्वाहमुखी कृषि उत्पादनलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
२) पशुपंक्षीबाट उत्पादित स्थानीय वस्तुको उपयोगलाई प्राथमिकता दिनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ८: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा कृषि तथा पशुपालनमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | १. दिगो कृषि तथा पशुपलान विकासको लागि सहज हुने ऐन, नीति, नियम निर्मण गरि कार्यान्वयन गरिनेछ ।<br>२. नयाँ प्रविधि उपयोगका लागि सुलभ कर्जा तथा अनुदानको व्यवस्था मिलाइनेछ ।<br>३. कृषिको लागि सिंचाईको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा पशुपालनको लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ । |
| उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कृषि सामग्री तथा सीपयुक्त जनशक्ति आपुर्ति गर्ने । | १. कृषि प्रचार संयन्त्र निर्माण गरि मल, बिउबिजन तथा विषादीको प्रयोग सम्बन्धी शिक्षा प्रदान गर्ने ।<br>२. कृषकहरूलाई प्राविधिक ज्ञान सम्प्रेषण गर्न कृषि घुम्ती सेवा संचालन गर्ने ।<br>३. उन्नत जातको पशुपालनमा प्रोत्साहन गरि तालिम प्रदान गर्ने । |
| कृषि शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने । | १. कृषि तथा पशुपालनबाट उत्पादन सामाग्रीको भण्डारणको लागि कोल्ड स्टोर निर्मण गरिनेछ ।<br>२. बजार व्यवस्थापनको लागि संकलन केन्द्र निर्माण गरि वितरण गरिनेछ ।<br>३. नगरपालिका भित्र उत्पादित समान राख्न र बेच्न कोशेली घर संचालन गरिनेछ ।<br>४. उत्पादनलाई बजारसम्म पुर्याउन र प्रतिस्पर्धा गर्नको लागि प्याकेजिंग , लेवलिङ्ग सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| पशुपालनमा प्रोत्साहन गर्दै विकास गरिने छ । | १. पशुपालनको लागि सुलभ कर्जाको प्रबन्ध मिलाइनेछ ।<br>२. प्रोत्साहनको लागि प्रविधि अनुदान कार्यक्रम संचालन गरिनेछ ।<br>३. पशुपालनलाई आवश्यक घाँसको उत्पादन र बीउ बेर्नाको वितरण गरिनेछ ।<br>४. दुग्ध उत्पादन आत्मनिर्भर बनाउनको लागि गोठ सुधार कार्यक्रम संचालन गरिनेछ। |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका ९: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| पशुपंक्षी र कृषि विमा | कृषि फर्म | ० | ५० | २५०० | २५०० | ३००० | ३०००० | ३०००० | **६८०००** | कृषि शाखा |
| कृषि तथा पशुपालनमा आवद्ध किसानहरूको पहिचान गरी सुचीकरण तथा सहजिकरण | पटक | | | ५०० | ६०० | ७०० | ८०० | १००० | **३६००** | कृषि शाखा |
| परम्परागत रैथाने खेतीलाई प्रवर्द्धन | पटक | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | कृषि शाखा |
| बिउ बिजन बैंकको निर्माण र सचालन | पटक | ० | १ | १००० | १२०० | १५०० | १५०० | १५०० | **६७००** | कृषि शाखा |
| कृषि संकलन केन्द्र र कोल्ड स्टोेर निर्माण | पटक | ० | १ | ५००० | १०००० | ४००० | ३००० | ३००० | **२५०००** | पूर्वाधार र कृषि शाखा |
| कुहिने फोहोरबाट कम्पोस्ट मल बनाई बिक्रि वितरण कार्यक्रम | पटक | १ | ५ | २००० | २००० | २००० | २५०० | ३००० | **११५००** | कृषि शाखा |
| वडा स्तरीय प्रांगारिक र हरित मल उत्पादन तालिम | पटक | १ | २० | ३००० | ३००० | २००० | २००० | २००० | **१२०००** | कृषि शाखा |
| आधुनिक कृषि तथा पशुपालन सम्बन्धी विभिन्न तालिम कार्यक्रम | पटक | | | १००० | १२०० | १५०० | १५०० | १५०० | **६७००** | कृषि शाखा |
| वडा ३ ६ ७ र ८ मा फूलखेती प्रवर्द्धन कार्यक्रम र विशेष व्यवस्थापन | | | | २५०० | २५०० | १००० | १००० | १००० | **८०००** | कृषि शाखा |
| सिताके च्याउ प्रवर्द्धन कार्यक्रम | | | | ३५०० | ४००० | ४५०० | ४५०० | ४५०० | **२१०००** | कृषि शाखा |
| कालीज तथा ट्राउट माछापालन प्रवर्द्धन कार्यक्रम | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | कृषि शाखा |
| बंगुरपालन प्रवर्द्धन कार्यक्रम | | | | २००० | २००० | २००० | २००० | २००० | **१००००** | कृषि शाखा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मौरीपालन प्रवर्द्धन कार्यक्रम | | | | १५०० | २००० | २००० | २००० | २००० | **९५००** | कृषि शाखा |
| गाई भैंसी प्रवर्द्धन कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | कृषि शाखा |
| पशुपालन यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | पटक | १ | २० | २००० | २००० | २५०० | २५०० | २५०० | **११५००** | कृषि शाखा |
| **कृषि तथा पशुपालनकाको जम्मा बजेट** | | | | **३१०००** | **३७५००** | **३१२००** | **५७८००** | **५८५००** | **२१६०००** | |

## ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १०: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइ को स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान) | मे. टन प्रति हेक्टर | ४ | ४ | ४.५ | ५ | ५.५ | ६ | ६ | | |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै) | मे. टन प्रति हेक्टर | २.५ | २.५ | ३ | ३.५ | ४ | ४.५ | ४.५ | | |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ) मे. टन प्रति हेक्टर | मे. टन प्रति हेक्टर | ३ | ३ | ३.५ | ४ | ४.५ | ५ | ५ | | |
| ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत् | २० | २० | ३० | ४० | ५० | ७० | ७० | | |
| वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत् | ३ | ४ | ४ | ४.५ | ५ | ५ | ५ | | |
| सहकारीमा आवद्ध कृषक | प्रतिशत् | ३ | ४ | ५ | ६ | ७ | ८ | १० | | |
| कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १६० | १६५ | १७० | १७५ | १८५ | १९० | १९० | | |
| कृषि तालिम प्राप्त जनशक्ति | जना | १०० | १७५ | २५० | ३२५ | ४०० | ४७५ | ४७५ | | |
| टनेल | सङ्ख्या | २५०० | २६५० | २७८० | २८९० | २९९० | ४००० | ४००० | | |
| कृषि प्राविधिक | जना | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| व्यवसायिक कृषि तथा पशुपालन फर्म | सङ्ख्या | ४५० | ५०० | ५०० | ५२० | ५४० | ५५० | ५५० | | |
| अण्डाको उत्पादकत्व | सङ्ख्या (हजारमा) | १००० | १००० | ११०० | ११०० | ११५० | ११५० | ११५० | | |
| दुधको उत्पादकत्व | लिटर (हजारमा) | २००० | २१०० | २२०० | २२०० | २३०० | २४०० | २४०० | | |

| | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइ को स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| मासुको उत्पादकत्व | मेट्रिक टन | ६०० | ६१० | ६२० | ६२५ | ६३० | ६३५ | ६३५ | | |
| पशु प्राविधिक | जना | ७ | ७ | ७ | ८ | ९ | १० | १० | | |
| कृषि तथा पशु बीमामा आवद्ध परिवार | प्रतिशत् | ७० | ७० | ७५ | ७५ | ८० | ९० | ९० | | |
| पशु (गाई भैंसी बाखा) | सङ्ख्या | ९००० | ९१०० | ९१०० | ९२०० | ९२०० | ९३०० | ९३०० | | |
| कुखुरा | सङ्ख्या | २५००० | २५००० | २५००० | २६००० | २७००० | २८००० | २८००० | | |

यस योजना सञ्चालन पश्चात् कृषि विकासका क्षेत्रमा तपशिल बमोजिमका नतिजा प्राप्त हुनेछ ।

१. निर्वाहमुखी कृषि तथा पशुपालन प्रणाली दीर्घकालीन रुपमा व्यवसायिक प्रणालीमा परिवर्तन भएको हुनेछ ।
२. नागार्जुन नगरपालिका व्यवसायिक कृषि तथा पशुपंक्षीजन्य उत्पादन बृद्धि आत्मनिर्भर भएको हुनेछ ।
३. कोशेली घरको संचालन, भण्डारणको लागि कोल्ड स्टोर र वितरण गर्ने गरिको संकलन केन्द्र स्थापना भएको हुनेछ ।
४. कृषि र पशुपालनले व्यवसायिक आर्थिक उन्नति हुनेछ ।
५. कौशी खेती कार्यक्रम संचालन भएको हुनेछ ।
६ युवाहरू कृषि तथा पशुपालन व्यवसायमा आकर्षित भएको हुनेछन् ।

# ४.२. पर्यटन, सँस्कृति तथा सम्पदा

## ४.२.१ पृष्ठभूमि

प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक रूपमा नेपालको पर्यटन उद्योग राम्रो सम्भाव्यता बोकेको क्षेत्र हो । हाल पनि कूल ग्राह्यस्थ उत्पादनमा प्रतिशतको योगदान पर्यटन क्षेत्रबाट हुने गरेको छ । काठमाडौं नेपालको राजधानी भएको र यहि भूगोलमा नागार्जुन नगरपालिका रहेको हुँदा यस नगरपालिकामा पर्यटन उद्योगको उल्लेख्य सम्भावना रहेको छ । राजधानीसँग जोडिएको नगरपालिका भएको कारणले पूर्वाधार विकास, अन्तराष्ट्रिय एयरपोर्ट काठमाडौं मै रहेकोले ट्रान्जिट बिन्दु र नागार्जुन नगरपालिका आफैं प्राकृतिक रुपमा रानीबन, नागार्जुन जंगलको फेदीमा रहेको र उल्लेख्य मठमन्दिर, गुम्बा रहेकोले पर्यटनले यस क्षेत्रको आर्थिक समृद्धिको लागि योगदान गर्न सक्ने प्रशस्त आधारहरू छन् ।

नागार्जुन नगरपालिका वडा नं. १ जामाचो गुम्बा, पाप धर्म छुटाउने गुफा, बुद्धको मन्दिर, नागार्जुन डाँडा, राधाकृष्ण मन्दिर, शिव मन्दिर, नागेश्वर मन्दिर रहेको छ । त्यस्तै शिवपुरी राष्ट्रिय निकुञ्जसंग जोडिएको वडा न. २ मा धेरै धार्मिक मठमन्दिर र गुम्बाहरू रहेका छन् भने शान्त आवासीय क्षेत्रको रुपमा परिचित छ । नागार्जुन नगरपालिका वडा न. ३ मा अवस्थित आकाश भैरव, विर भगवती, विर आनन्देश्वर, बद्रीनाथ मन्दिर, धन कुमारी मन्दिर, पाँचधारा, आकाशदेवी लगायतका स्थानहरू पर्यटकीय स्थलको रुपमा परिचित छ । प्राचीन समयदेखि रहेको पाटी पौवा र केहि ऐतिहासिक वस्ती नागार्जुन नगरपालिका वडा नं ४ को चिनारीको रुपमा रहेको छ । नागार्जुन नगरपालिका वडा नं ५ मा सितापाइला मन्दिर, नगरपालिका भवन, हरिसिद्धि पोखरी, ३ वटा सामुदायिक वन छन् भने वडा नं ६ मा लिच्छविकालीन तथा नेवारी लेख रहेको पञ्चकन्या मन्दिर, डाँडाँगाउँमा कल्पेश्वरी मन्दिर र बन्दै गरेको डम्फु पार्क पर्यटकीय स्थलको रुपमा परिचित छन् । वडा नं ७ उल्लेख्य पर्यटकीय स्थल भएको वडा हो जहाँ ५ वटा सामुदायिक वन, इन्द्र दह, पिकनिक स्थल, स्विटजर्ल्याण्ड पार्क र लालीगुराँस रहेको छ । वडा नं ८ मा भिमसेनस्थान (भिमडुङ्गा), चुनदेवी मन्दिर, वडा नं ९ मा पंञ्चकन्या मन्दिर, कोटा पाटी गणेशदेवी मन्दिर, भुवनेश्वरी मन्दिर त्यस्तै वडा नं १० मा कमलपोखरी, पञ्चकन्या मन्दिर, पाटी चोक, भैरव मन्दिर, तारकेश्वर मन्दिर, घ्याम्पेकुवा रहेका छन् । विशेष गरी नागार्जुन नगरपालिका वडा नं १ देखि १० सम्मका अधिकांश वडाहरूको मठमन्दिर र धार्मिक स्थल साथै केहि ऐतिहासिक ठाउँहरू उल्लेख्य रहेकोले यसको संरक्षण, व्यवस्थित र स्तरोन्नती साथै बनजंगलको समिपमा रहेकोले होम स्टे, योगा पार्क, पदमार्गको उल्लेख्य सम्भावनाले पनि यस नगरपालिकाको पर्यटन उद्योगले आर्थिक क्षेत्रमा योगदान गर्ने आधार प्रष्ट हुन्छ ।

## ४.२.२ सम्भावना तथा अवसर

यस नगरपालिकामा धार्मिक एवम् साँस्कृतिक शक्तिपीठका रुपमा शिव मन्दिर, नागेश्वर मन्दिर, आकाश भैरव, बद्रीनाथ मन्दिर, धन कुमारी मन्दिर, सितापाइला मन्दिर, पञ्चकन्या मन्दिर, डाँडाँगाउँमा कल्पेश्वरी मन्दिर, चुनदेवी मन्दिर, पञ्चकन्या मन्दिर, गणेशदेवी मन्दिर, भुवनेश्वरी मन्दिर, भैरव मन्दिर, तारकेश्वर मन्दिर आदि प्रमुख रुपमा रहेका छन् । प्राचिन समय देखि रहेको पाटि पौवा, लिच्छविकालिन तथा नेवारी लेख रहेको पञ्चकन्या मन्दिर ऐतिहासिक

पर्यटकीय स्थलको रुपमा राम्रो सम्भावना रहेको छ । नगरक्षेत्रभित्रका होमस्टेहरूको क्षमता विकास लगायत पर्यटन उद्यम विकासका निम्ति नगरपालिकाले आवश्यक तालिम र दक्षता कार्यक्रम संचलान गर्दै आएको छ । नागार्जुन नगरपालिका वडा नं १ मा रहेको निकुञ्ज नजिक बनमा चराचुरुंगी रहेको र संरक्षण गर्ने काम अघि बढेमा पदयात्रा सहितको साइट सिइङ्ग पर्यटनको अर्को गन्तव्य बन्न सक्ने सम्भावना समेत रहेको छ । काठमाडौंमा पहिलो हवाइजहाज अवतरण भएको ठाउँ समेत यसै नगरपालिकामा रहेको कारण सो ठाउँलाई म्युजियमको रुपमा राखी पर्यटन प्रबर्द्धन गर्न सकिन्छ । नगरपालिका कुल भू-भागको ४४ प्रतिशत् भाग बनजंगल रहेकोले स्वच्छ हावा र प्राकृतिक मनोरम दृश्यले चलचित्र पर्यटनलाई समेत आकर्षित गर्ने अवसर यस नगरपालिकामा रहेको छ । स्थानीय जात्रा, कला, संस्कृतिको संरक्षण र ऐतिहासिक महत्वका विषयहरू जानकारबाट संग्रह गरि लिपिवद्ध गरि पर्यटनको प्रबर्द्धन गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

### ४.२.३ समस्या तथा चुनौती

नागार्जुन नगरपालिकामा प्रशस्त पर्यटकीय स्थलहरू रहे पनि उक्त स्थानहरूको एकीकृत तथ्यांक र प्रचार समाग्री र पहिचान सहितको नक्साङ्कन प्रणाली नभएकोले पर्यटकको लागि उक्त ठाँउ पहिचान गर्न र पुग्न कठिनाई भएको पाइन्छ । पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास हुन सकेको छैन । पर्यटनको लागि मूलतः उचित पूर्वाधारको विकास अति आवश्यक हुन्छ जस्तै सहज बाटो, बिश्रामस्थल, ढल, पानी, व्यवस्थित स्थान । पर्यटनको लागि यस्ता पूर्वाधार विकासमा समेत समस्या रहेको छ । ट्रेकिङ्गको लागि सम्भावना भएता पनि पूर्वाधार निर्माण नुहुँदा सञ्चालनमा ल्याउन सकिएको छैन । दक्ष पर्यटन जनशक्ति उत्पादनको लागि नगरपालिकाले विभिन्न समयमा तालिम प्रदान गरेपनि प्रयाप्त नभएको र कार्यान्वयनको अवस्था कमजोर देखिएको छ । जसले गर्दा दक्ष जनशक्ति सहितको पर्यटन प्रवर्द्धनमा चुनौती रहेको पाइन्छ । पर्यटकीय महत्वका थुप्रै स्थानहरू भए तापनि व्यवस्थापन गर्न सकिएको छैन । ऐतिहासिक, पुरातात्विक महत्वका विषयहरूको संरक्षण एवं प्रवर्द्धनमा कमी भएकोले सो कुराहरू लोपोन्मुख हुनु सबैभन्दा ठुलो समस्या र चुनौतीको रूपमा पाइएको छ ।

### ४.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

**सोच**

धार्मिक तथा ऐतिहासिक पर्यटकीय सम्पदाको संरक्षण गर्दै पर्यटनबाट रोजगारी र आयको वृद्धि ।

**लक्ष्य**

कला, संस्कृतिको संरक्षण र पूर्वाधार सहितको पर्यटनको विकासबाट रोजगारीको अवसर सृजना गरि जनजीविकाको स्तरोन्नती गर्ने ।

**उद्देश्य**

१. संस्कृतिक, प्राकृतिक, ऐतिहासिक सम्पदाको संरक्षण, सम्बर्द्धन एवं विकास गर्नु ।

२. पूर्वाधार सहितको पर्यटन विकासबाट स्वरोजगारी सृजना गर्नु ।

## रणनीति तथा कार्यनीति

**तालिका ११: पर्यटन, सँस्कृति तथा सम्पदाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| संस्कृति, इतिहास, कला तथा साहित्यको अभिलेखीकरण गर्ने । | १. विभिन्न जातजाति, भाषा, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. पुरानो पुस्तासँग यस भूगोलको मौलिक कला, संस्कृति, इतिहासको बारेमा जानकारी लिई लिपिवद्ध गरिनेछ ।<br>३. साहित्य सर्जकसँग अन्तक्रिया गरिनेछ ।<br>४. लोपोन्मुख साँस्कृतिक सम्पदाहरूलाई कला, संस्कृति तथा साहित्य स्रष्टाको सहयोगमा अभिलेखबद्ध गरिनेछ । |
| नगरपालिका भित्रका युवा युवतीलाई पर्यटन सम्बन्धी शिक्षा, तालिम प्रदान गर्ने । | १. नगरपालिका भित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा छात्रवृत्तिमा पढ्न पठाइने छ ।<br>२. नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएको (Tourist guide, trekking guide, food preparation and control ) तालिम प्रदान गरिनेछ । |
| पर्यटक स्थलहरूको एकीकृत सूचना प्रणाली (एप) बनाउने । | १. नागार्जुन नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको सूचना एकीकृत गरी सूचना प्रणालीमा आवद्ध गरिनेछ<br>२. पर्यटकीय स्थलहरूको नक्शा राखिने छ ।<br>३. पर्यटकीय गन्तव्यको ऐतिहासिक, पुरातात्विक र विशेषता उल्लेख गरिने छ । |
| पर्यटन पूर्वाधारको विकास गर्ने, पदयात्राको निर्माण गर्ने । | १. नागार्जुन नगरपालिकाका नर्सरी भन्ज्याङ, भिमढुंगा, रामकोट, स्वीजरल्याण्ड पार्क, सेतो गुम्बा, इचंगुनारायण मन्दिर हुँदै बाइसधारा वडा नं. १ को पचली भैरव मन्दिरदेखि जामाचो, थाप्ले, वडा नं. १ रानीवन क्षेत्रमा पर्यटन बोर्ड तथा अन्य संघ तथा प्रदेश सरकारका निकायहरूसँगको सहकार्यमा पदमार्ग तथा हाइकिङ मार्ग निर्माण गरिनेछ ।<br>२. पर्यटकहरूलाई आकर्षण गर्ने सम्भाव्य पर्यटकीय स्थलहरूमा पैदल मार्गको व्यवस्था गरिने छ ।<br>३. उक्त पदयात्रालाई सहज हुने गरि पुर्वाधार (बाटो, पानी, बिजुली, फ्री वाइफाई, बिश्रामस्थल) विकास गरिनेछ । |
| होम-स्टे, होटेलको लागि दक्ष जनशक्ति उत्पादन एवं बसोबास र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने । | १. सामुदायिक र संस्कृतिक होम स्टेको लागि समुदायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।<br>२. दक्ष जनशक्ति उत्पादनको लागि नगरपालिकाद्वारा तालिम संचालन गरिनेछ ।<br>३. पर्यटकलाई सुरक्षा अनुभूति हुने गरि सुरक्षा प्रबन्ध मिलाइनेछ ।<br>४. नगरपालिकामा निर्माण हुने एकीकृत पर्यटक एपमा होटेल र होम स्टेको सूचना एवं प्रचार गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका १२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| पर्यटक स्थलहरुको एकीकृत सूचना प्रणाली तथा एप निर्माण र परिचालन | कि. मि | ० | १ | १००० | ५०० | ५०० | ५०० | ५०० | ३००० | |
| पदमार्गको निर्माण | सङ्ख्या | | १२ | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| धार्मिक तथा ऐतिहासिक सम्पदाको पुन निर्माण एवं सम्वर्द्धन | एकमुस्ट | | | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० | |
| मन्दिरमा फल्चा तथा घण्टा निर्माण | सङ्ख्या | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| सार्वजनिक निजी साझेदारी मोडेलको रुपमा जामाचो आवत जावत गर्न केवलकार सञ्चालनको सम्भाव्यता अध्ययन | सङ्ख्या | | ० | ० | २००० | ० | ० | ० | २००० | |
| संस्कृतिक केन्द्रमा रहने एक कला संग्रहालयको निर्माण र सञ्चालन | सङ्ख्या | | | २५०० | २००० | २००० | २००० | २००० | १०५०० | |
| काठमाडौंका चार नारायण मध्येका कान्छा नारायणका नामले परिचित इचंगुनारायण मन्दिरको पुनः निर्माण | एकमुस्ट | | १ | ५००० | १०५० | ० | ० | ० | ६०५० | |
| अतिथि सत्कार, होटेल, होम स्टे प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| पर्यटन प्रवर्द्धनको लागि धार्मिक, संस्कृतिक मेला तथा महोत्सवको आयोजना | | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| पूर्वाधार सहितको पर्यटन विकासको लागि विस्तृत पर्यटन विकास गुरु योजना तर्जुमा | एकमुस्ट | ० | १ | ० | १५०० | ० | ० | ० | १५०० | |
| जीपलाइन रक क्लाइम्बिङ्ग बंजी जम्प प्याराग्लाइडिङ्ग जस्ता साहासिक क्रियापलाप | कि. मि | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | |

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| सम्बन्धी सम्भाव्यता अध्ययन तथा प्रवर्द्धन कार्यक्रम | | | | | | | | | | |
| पर्यटन गाइड सम्बन्धी तालिम | सङ्ख्या | ० | ४ | ० | १००० | १००० | १००० | १००० | ४००० | |
| **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा बजेट** | | | | २१५०० | २१०५० | १६५०० | १६५०० | १६५०० | ९२०५० | |

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १३: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुस्टयाइको आधार | जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | २०० | २५० | ३०० | ३५० | ४०० | ५०० | ५०० | | |
| पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | २५ | २५ | २७ | २९ | ३० | ३२ | ३२ | | |
| पर्यटकीय स्तरका होटल | सङ्ख्या | ३० | ४० | ६० | १०० | १५० | १५० | १५० | | |
| होम स्टे तथा बेड | सङ्ख्या | २० | २० | २२ | २५ | २७ | ४० | ४० | | |
| पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ११ | १२ | १४ | १७ | २० | २० | २० | | |
| ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ५० | १०० | १५० | २०० | २०० | २०० | | |
| कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ६० | ८० | १०० | १२० | १४० | १६० | १६० | | |
| होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | २० | ५० | ८० | ११० | १४० | १७० | १७० | | |
| मेकानिक्स तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १७ | १७ | २० | ३० | ४० | ५० | | | |

यस योजना सञ्चालन पश्चात् पर्यटन, संस्कृति तथा सम्पदा विकासका क्षेत्रमा तपशिल बमोजिमका नतिजा प्राप्त हुनेछन्:

१. ऐतिहासिक, धार्मिक, संस्कृतिक, कला क्षेत्रको संरक्षण हुनेछ । सो क्षेत्रमा पूर्वाधारको पर्याप्त विकास हुनेछ ।
२. पर्यटक प्रबर्द्धनका लागि नगरपालिका भरिको एकीकृत सूचना प्रणालीको विकास हुनेछ । सबै प्रकारका पर्यटकीय क्षेत्रहरूको विवरण संलग्न हुने गरी वृत्तचित्र निर्माण भएको हुनेछ ।
३. पदयात्रा सञ्चालन हुने स्थानहरूमा पूर्वाधार सुविधा सहितको पदयात्रा सञ्चालनमा आएको हुनेछ ।
४. होमस्टेको लागि तालिम प्राप्त जनशक्ति उत्पादन गरि स्वरोजगारको वातावरण हुनेछ ।

## ४.३ उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धन

### ४.३.१ पृष्ठभूमि

हाल सम्म घरेलु तथा साना उद्योगहरू मात्र संचालनमा रहेको यस नगरपालिकामा ठुला उद्योगहरू संचालनमा छैनन् । यस नगरपालिकामा पनि उद्योग, बेकरी उद्योग, ग्रिल उद्योग, फर्निचर उद्योग, ह्यान्डिक्राफ्ट उद्योग, मसला उद्योग लगायतका उद्योगहरू संचालनमा रही आएको छन् । यस्ता उद्योगहरूबाट स्वरोजगार रहेको र केही रोजगारी समेत सृजना हुँदै आएको छ । त्यस्तै व्यापार, व्यवसायमा पर्यटकीय स्थल धेरै रहेको र प्राकृतिक मनोरम सौन्दर्य भएकोले होटेल, रेस्टुरेन्ट व्यवसाय संचालनमा छन् । विशेष गरी स्वरोजगार हुने किसिमका किराना पसल, खाद्यान्न पसल, लत्ताकपडा, अटो मोबाइल, जुत्ता चप्पल, कृषि एग्रोभेट लगायतका व्यापार व्यवसाय संचालनमा रहेका छन् । स्थानीय स्तरमा उत्पादन हुने वस्तुको बजार देशको राजधानी र ठुलो जनघनत्व भएको काठमाडौं उपत्यका रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

यस नगरपालिकामा बजारको माग अनुरूप उद्यमशील र नाफामूलक क्षेत्रको पहिचानको कमी रहेको छ । विभिन्न समयमा नगरपालिकाले उद्यम र स्वरोजगार हुन सक्ने उद्देश्यका साथ सिपमूलक तालिम दिंदै आए पनि उक्त तालिमलाई उद्यमसँग जोड्न सकेको अवस्था छैन । ठुला उद्योग यस नगरपालिकामा नरहेका कारण स्वरोजगार हुने किसिमका साना तथा लघु उद्योगको सम्भावना रहे तापनि यस्तो किसिमको व्यवसायिक सोच र संस्कार बिकास नभएकोले यो विषय चुनौतीको रुपमा देखिन्छ । व्यवसायको लागि पूँजीको समस्या साथै प्रविधिको अभावले समेत यहाँ उद्योग संचालनमा समस्या रहेको पाइन्छ । स्थानीयवासी उद्योग प्रति कम आकर्षित हुनु र बाहिरबाट आएर बसोबास गर्नेहरूको लागि पूँजी अपर्याप्त रहने, धितोबाट काम गर्न सक्ने वातावरण नरहेको र स्थान भाडामा लिनुपर्ने जस्ता समस्या रहेको छन् । यस नगरपालिकामा छुट्टै औधोगिक क्षेत्र समेत नरहेकोले व्यवसाय प्रबर्द्धनमा समेत समस्या रहेको छ ।

### ४.३.३ सम्भावना तथा अवसर

यस नगरपालिकामा लगानीमैत्री वातावरण सृजना हुनेगरी नीतिगत तथा कानूनी संरचनाको सुरुवात भएको छ। वस्ती विकास र सहरी जनसंख्या बृद्धि भएको हुँदा बजार विस्तारको लाभ लिन सकिने अवस्था रहेको छ। धेरै मात्र पर्यटकीय स्थलहरू रहेकोले पर्यटन उद्योग, होटेल व्यवसाय संचालन गर्न सकिने पर्याप्त आधारहरू छन्। नगरपालिकाबाट विभिन्न समयमा सिप, तालिम र प्रशिक्षण उपलब्ध गराउँदै आएकोले साना लघुउद्योगहरू घरमै संचालन गर्न सकिन्छ । स्थानीय स्तरमा पाइने कच्चा पदार्थ र स्रोतमा आधारित उद्योग विकासको सम्भावना समेत रहेको छ । घरेलु स्तरमा उत्पादन हुने सामानको बजारीकरणको लागि नगरपालिकाको सहजीकरण र समन्वयकारी भूमिका महत्वपूर्ण हुन्छ । उद्योगको विकास तथा विस्तारले स्थानीय स्तरमा रोजगारीको सृजना हुन्छ।

## ४.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

घरेलु तथा साना उद्योगको विस्तारबाट अर्थतन्त्रको दिगो विकास

लक्ष्य

साना लघु उद्योग र नवप्रबर्द्धन उद्योगको विकास र विस्तार गरि स्वरोजगार बनाउनु ।

उद्देश्य

१. परम्परागत ज्ञान र सिपलाई प्रविधि, नवप्रबर्द्धनकारी सिप र क्षमतासँग आवद्ध गर्दै स्टार्टअपलाई प्रबर्द्धन गर्ने ।
२. लघु, घरेलु तथा साना उद्योगहरूको लगानी तथा श्रम शक्ति परिचालनको लागि वातावरण तयार गर्ने ।
३. उद्योगबाट उत्पादन भएको वस्तुको सरल बजारीकरण र उपभोगमा व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १४: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योग क्षेत्रको विकासको लागि नितीगत कानूनी र संस्थागत सुधार गर्ने । | १. रोजगारी सृजना र गरिवी न्यूनीकरण गर्न घरेलु तथा साना उद्योगको संरक्षण गरिनेछ ।<br>२. उद्योग स्थापना र उत्पादित वस्तुको बजारीकरण र सञ्चालनमा सहजता ल्याउन प्रणालीगत सुधार गरिनेछ ।<br>३. उद्योग तथा व्यवसायीहरूलाई व्यवसाय दर्ता देखि संचालन सम्मका सेवाहरू सहज रुपमा उपलब्ध गराइने छ । |
| स्थानीय उत्पादनलाई बजारीकरण गर्ने र गुणस्तरीयता सुनिश्चित गर्ने । | १. उत्पादित वस्तुको गुणस्तर सुधारका लागि गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ ।<br>२. स्थानीय श्रोतबाट उत्पादन हुने हस्तकला उद्योगहरूको स्थापना गरी परम्परागत शिप र प्रविधिको संरक्षण गर्ने र कोशेली घर संचालन गरी बिक्री वितरण गर्ने । |
| स्थानीय स्रोत, साधानको अधिकतम प्रयोग गरि साना लघु उद्योगको विकास एवं विस्तारमा जोड दिने । | १. गुणस्तरीय उत्पादनको लागि आवश्यकतानुसार स्थानीय कच्चा पदार्थ र आधुनिक प्रविधिको प्रयोगमा जोड दिई लघु घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गरिनेछ ।<br>२. स्थानीय स्तरमा रहेको कच्चा पदार्थको सम्भाव्यता अध्ययन गरिने छ ।<br>३. स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।<br>४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना तथा संचालनमा प्रोत्साहन र प्रबर्द्धन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्योग व्यावसायको विकास र विस्तारकालागि क्षमता विकास, वित्तिय पहुँच र प्रवर्द्धनात्मक अवलम्बन गर्ने। | १. उद्योग व्यावसायमा नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ, ।<br>२. उद्यमशील कार्य संस्कृतिमा जोड दिईनेछ ।<br>३. नवउद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्तीको विस्तार र उत्पादकत्व बृद्धिका लागि उद्यमीहरूलाई लागत साझेदारीमा विधी हस्तान्तरण गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

**तालिका १५: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| स्थानीयस्तरमा लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरणका लागि उपयुक्त ठाउँमा कोशेली घर तथा हाट बजारको स्थापना | एकमुस्ट | | | २५०० | २००० | १५०० | १५०० | १५०० | ९००० | |
| वार्षिक रुपमा स्थानीय उत्पादनको व्यापारिक मेला संचालन | एकमुस्ट | | ५ | ५०० | ४००० | ४००० | ४००० | ५००० | १७५०० | |
| खाद्य बजार गुणस्तर जांच तथा अनुगमन कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | २००० | २००० | २०० | ७२०० | |
| स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण | सङ्ख्या | | १ | ० | १००० | ५०० | ५०० | ५०० | २५०० | |
| घरेलु उद्योग संचालन साहयता कार्यक्रम | | | ५ | ३००० | ३५०० | ३५०० | ४००० | ४००० | १८००० | |
| उपभोक्ता हित सम्बन्धी जनसचेतना मुलक कार्यक्रम | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १२०० | १२०० | ५४०० | |
| प्याकेजिङ्ग, लेबलिङ्ग तथा ब्राण्डिङ्ग सम्बन्धी तालिम | सङ्ख्या | | ५ | ५०० | ६०० | ७०० | ८०० | १००० | ३६०० | |
| युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | एकमुस्ट | | | ५००० | ६००० | ७००० | ८००० | १००००० | १२६००० | |
| **उद्योग, वाणिज्य तथा उद्यमशीलताको जम्मा बजेट** | | | | १४००० | १९६०० | २०२०० | २२००० | ११३४०० | १८९२०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका १६: उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत् | १८०० | १८२० | १८५० | १८७० | १९०० | २००० | २००० | | |
| सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १५० | २०० | २०० | | |
| घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | | | | | | | | | |
| स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० | २० | | |
| उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | ४०७६ | ४०८० | ४१०० | ४१३० | ४१७० | ४२०० | ४२०० | | |
| सहकारी पसल | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ४६ | ४८ | ५० | ५२ | ५५ | ६० | ६० | | |
| स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | | आवश्यकता अनुसार | | | | | | | |
| न्युनतम रोजगारीमा संलग्न व्यक्ति | सङ्ख्या | ३९ | ४० | ४२ | ४५ | ५० | ५५ | ५५ | | |
| श्रम स्वीकृतिको लागि अनलाइन सहजीकरण | सङ्ख्या | ३ | ५ | १० | १५ | २० | २५ | २५ | | |

यस योजना सञ्चालन पश्चात उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रबर्द्धन विकासका क्षेत्रमा तपशिल बमोजिमका नतिजा प्राप्त हुनेछ ।

१. उद्योगका लागि आवश्यक पुर्वाधार जस्तैः बाटो, बिजुली, श्रम शक्ति, सुरक्षा विकास भएको हुनेछ ।

२. स्थानीय श्रोत र शिपको प्रयोगबाट स्थानीय श्रोतमा आधारित उद्योग संचालन भएको हुनेछ ।

३. स्थानीय उत्पादनको गुणस्तर बृद्धि भएको हुनेछ ।

४. उत्पादन वस्तुको लागि उचित बजार व्यवस्थापन भएको हुनेछ ।

५. नवप्रबर्द्धन उद्यमको लागि सुलभ कर्जा र अनुदान प्रवाह भएको हुनेछ ।

## ४.४ सहकारी तथा गरिबी निवारण

### ४.४.१ पृष्ठभूमि

स्थानीय तह अन्तर्गत कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूले स्थानीय स्तरमा जनजीविका सहज गर्नका निम्ति नागार्जुन नगरपालिकासंगको समन्वयमा विभिन्न प्रकारका सिपमूलक तालिम, प्रशिक्षण कार्यक्रम संचालन गरी स्थानीय स्तरमा स्वरोजगार हुनका लागि आधार पूँजी स्वरुप ऋण प्रवाह गरेका छन् । यस नगरपालिकामा सहकारीबाट कर्जा उपयोग गरि उत्पादनशील क्षेत्रमा लगानी भएका छन् । त्यस्तै विषयगत सहकारी संस्थाहरू मध्ये कृषि सहकारीको भूमिका कृषि सम्बन्धी तालिम, कृषि उत्पादनका निम्ति ऋण प्रवाह, कृषि उत्पादन सुरक्षाको लागि कोल्ड स्टोर, बजार सहजीकरणको लागि संकलन केन्द्रको व्यवस्था गर्ने गरेका छन् । नगरपालिकाको रोजगारी, आर्थिक गतिविधि तथा राजस्वमा समेत सहकारीले योगदान पुर्याएको छ । सहकारी स्थापनाको खास उद्देश्य स्थानीयस्तरमा रोजगारीको अवसर सृजना गरी प्रत्येक व्यक्तिलाई गरिबीको रेखा मुनिबाट माथि उठाउनु समेत हो । त्यसैले सहकारीले गरिबी निवारणको लागि प्रमुख भूमिका खेलेको हुन्छ ।

संयुक्त राष्ट्र संघीय कार्यक्रम (UNDP) को २०७९ मा सार्वजनिक भएको बहुआयमिक गरिबी सूचकाङ्क अनुसार नेपालको कुल जनसंख्याको १३.८ प्रतिशत अर्थात् ५१ लाख ३७ हजार जनसंख्या गरिबी रेखामुनि रहेका छन् । त्यस्तै नेपाल जीवनस्तर सर्वेक्षण चौथोका अनुसार नेपालमा २०.२७ प्रतिशत् नागरिक गरिबीको रेखामुनि छन् । संघीय सरकारले "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने नाराका साथ श्रम सृजना गरि प्रति व्यक्ति आय वृद्धि हुने लक्ष्य लिएको छ । त्यसलाई मद्दत पुग्ने गरी नगरपालिका स्तरमा यस नगरपालिकाले समेत आत्मनिर्भरको लागि स्वरोजगार र लघु उद्योगको अवधारणा अघि सारी गरिबी न्यूनीकरणमा भूमिका खेल्नु आजको आवश्यकता रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

सहकारीको मूल उद्देश्य उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्नु भए तापनि यस नगरपालिकामा भने बचत तथा ऋण प्रकारको सहकारी धेरै रहेकोले विषयगत सहकारी मार्फत प्रवाह हुने तालिम र उत्पादन प्रोत्साहनमा कमी रहेको छ । राज्यले लिएको तिन खम्बे आर्थिक नीति अन्तरगत एक खम्बामा सहकारी समेत राखेको अवस्थामा देश भर रहेका सहकारी संख्या अत्यन्तै धेरै भएकोले जनाशक्ति अभावमा सहकारीको नियमन र अनुगमन चुस्त नरहेको कारण सहकारी भित्र सुशासनको प्रत्याभूति गर्न सकिएको छैन जसका कारण हाल समग्र सहकारी क्षेत्रमा समस्या उत्पन्न भई सहकारीको विश्वसनियता खस्किएको छ । उत्पादित वस्तुको सुरक्षा र बजारीकरणमा सहकारीको प्रमुख भूमिका रहने भएकोमा यस नगरपालिकाको हकमा भने सहकारी संस्थाहरू त्यो भूमिकामा नरहेको पाइएको छ । अन्यत्रका स्थानीय तहको तुलनामा राजधानीमा रहेको नगरपालिका भएकोले यस नागार्जुन नगरपालिकामा गरिबी रेखामुनि रहेको जनसंख्या न्यून रहेको छ । हालको अवस्थामा बढ्दो आर्थिक मन्दी, सहकारी प्रतिको अविश्वास, माग तथा बजार संकुचनले गरिबी निवारणको लागि थप चुनौती थपेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

यस नगरपालिकामा अवस्थित सहकारीहरूले स्थानीयको लागि रोजगारी सृजना गर्दै आएका छन् । व्यवसाय संचालन गर्न पुँजीको अभाव हुँदा सहकारीले कर्जा प्रवाह गरि आर्थिक व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको छ । सहकारी मार्फत व्यावसयिक एवं सिपमुलक तालिम, प्रशिक्षण प्रदान हुँदा स्वरोजगारको अवसर सृजना भएको छ । प्रत्येक व्यक्तिले सानो सानो बचत गर्ने बानीले भविष्यमा केहि गर्न एकमुष्ट पूँजी संकलन हुने र आर्थिक गतिविधिमा समेत सहयोग हुन्छ । सहकारीलाई कृषि, उद्योग, पर्यटनमा जोड्न सकेमा आर्थिक गतिविधि र समृद्धि हुनेगरी व्यवसायको व्यवस्थापन र प्रबर्द्धन हुने साथै उत्पादनको लागि बजार उपलब्ध, प्रविधि र सिपको लागि सहयोग हुने छ ।

### ४.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

स्थानीय पूँजी परिचालन मार्फत् उत्पादन, रोजगारी र आयमा अभिबृद्धि ।

<u>लक्ष्य</u>

स्थानीय स्तरमा छरिएर रहेको पूँजीलाई सामुहिक हितका लागि परिचालन गरी नगरपालिकाको आर्थिक समृद्धि , सामाजिक रुपान्तरण तथा गरिबी निवारणको आधारशीला तयार पार्ने ।

<u>उद्देश्य</u>

१. उत्पादनशील क्षेत्रमा रहेको सहकारीलाइ प्रोत्साहन गरि कृषि र पर्यटनमा जोड्नु ।
२. साना तथा मझौला उद्योगलाई सहकारीमा जोडी स्वरोजगार तथा व्यक्तिगत आय बृद्धि गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका १७: सहकारी तथा गरिबी निवारणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने । | १. उत्पादनमूलक क्षेत्रमा क्रियाशिल रहेका कम्तिमा २ वटा सहकारी संस्थालाई नमुना सहकारी बनाउने व्यवस्था गरिनेछ ।<br>२. उद्यमशिलता विकास र स्थानीयमा पर्यटन प्रबर्द्धनमा सहकारीको भुमिका लाई बढाउदै लगिनेछ ।<br>३. वित्तिय पहुँच विस्तार र आर्थिक सामाजिक समावेशीकरणमा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>४. सहकारी संस्थाबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणको लागि आवश्यक व्यवस्था गरिनेछ । |
| | १. सहकारी उद्देश्य अनुरुप उत्पादनमुखी क्षेत्र विषयक कार्यक्रम संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी शिक्षा तालिम, क्षमता अभिबृद्धि तालिम प्रदान गर्ने । | २. सबै प्रकृतिका सहकारी संस्थालाई वित्तिय साक्षरता, सहकारी शिक्षा, तालिम र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सहकारीता विषयको शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ । |
| सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि नियमित अनुगमन प्रणालीको विकास गर्ने । | १. नगरपालिका भित्र कार्यक्षेत्र रहेका संस्थाहरूको नियमन गरिनेछ ।<br>२. सहकारीमा वित्तिय शुसासन कायम गर्ने गरि परिणाममुखी अनुगमन गरिनेछ ।<br>३. सहकारी संस्थाहरूको अभिलेख अद्यावधिकरणका लागि वर्गीकृत रुपमा कोपोमिसमा आधारित मासिक/चौमासिक र वार्षिक प्रतिवेदन प्रणालीलाई संस्थागत गरिनेछ । |
| पहिचान भएका गरिबका लागि गरिबी निवारण कार्यक्रम तर्जुमा गरि प्रभावकारी कार्यन्वयन गर्ने । | १. नागार्जुन भित्र रहेका गरिब तथा बिपन्न परिवारको तथ्यांक संकलन गरिनेछ ।<br>२. गरिबीको रेखा मुनि रहेका परिवारले व्यवसाय संचालनको लागि इच्छुकता देखाएमा तालिमको व्यवस्था गरि अनुदान वा सहुलियत दरमा कर्जा उपलब्ध गराउने छ ।<br>३. गरिब र बेरोजगार युवाको तथ्यांक संकलन गरि रुचि र क्षमताको आधारमा रोजगारी अवसर उपलब्ध गराउने छ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका १८: सहकारी तथा गरिबी निवारणका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| सहकारी उद्योग विकास एवं बिस्तारमा प्रोत्साहन कार्यक्रम | सङ्ख्या | | ५ | ५०० | १००० | १००० | १२०० | १५०० | ५२०० | |
| सहकारीको क्षमता विकास र संस्थागत सुशासन क्षेत्र सुधार कार्यक्रम | सङ्ख्या | | ५ | २००० | २५०० | २५०० | २५०० | २५०० | १२००० | |
| बाँझो र पर्ति जग्गाको पहिचान र विवरण संकलन गरी सहकारी मार्फत कर्षि कार्यको लागि खेती प्रवर्द्धन | सङ्ख्या | | १ | १००० | १००० | १२०० | १२०० | १२०० | ५६०० | |
| गरिब परिवार पहिचान सुचना संकलन | सङ्ख्या | | १ | १०० | ५०० | ५०० | ५०० | ५०० | २१०० | |
| गरिब लक्षित खाद्य तथा सुरक्षा कार्यक्रम | सङ्ख्या | | ५ | २००० | २२०० | २५०० | २५०० | २५०० | ११७०० | |
| आयमुलक सिप विकास तालिम | सङ्ख्या | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| बेसहारा आश्रय स्थल | पटक | | १ | ० | १००० | १५०० | ० | ० | २५०० | |
| सहकारी तथा गरिबी निवारणका कार्यक्रमको जम्मा बजेट | | | | ७१०० | ९७०० | १०७०० | ९४०० | ९७०० | ४६६०० | |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका १९: सहकारी तथा गरिबी निवारणकाका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| नगरपालिका भित्र रहेका कुल सहकारी | सङ्ख्या | ६३ | ६३ | ६३ | ६३ | ६३ | ६३ | ६३ | | |
| सहकारीबाट सहुलियत कर्जा उपयोग गर्ने | सङ्ख्या | ३५२९ | | | | | | | | |
| कृषि सहकारी संस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| बहुउद्श्यीय सहकारी संस्था | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| बचत तथा सहकारी संस्था | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | | |
| सहकारीबाट रोजगारी सृजना | सङ्ख्या | २३१ | २४० | २५० | २६० | २७० | २८० | २८० | | |
| सहकारी शिक्षा तालिम प्राप्त | सङ्ख्या | ४५ | ६० | ७५ | ९० | १०५ | १२० | १२० | | |
| नगरपालिका स्वास्थ्य बीमाबाट सुरक्षित बिपन्न परिवार | सङ्ख्या | | | | | | | | | |

यस योजना सञ्चालन पश्चात सहकारी तथा गरिबी निवारण विकासका क्षेत्रमा तपशिल बमोजिमका नतिजा प्राप्त हुनेछ ।

१. सहकारीको स्रोत उपयोग गरी युवाहरू स्वरोजगार हुनेछन ।
२. सहकारी शिक्षा, तालिमबाट सरोकारवाला लाभान्वित भएको हुनेछन् ।
३. सहकारीबाट सुलभ कर्जा र अनुदानको उपयोग धेरै भएको हुनेछ ।
४. बिपन्न परिवारको लागि रोजगारीको अवसर सृजना भएको हुनेछ ।
५. गरिबी रेखामुनी रहेको परिवार संख्यामा न्यूनीकरण भएको हुनेछ ।

## ४.५ श्रम, रोजगार र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक अन्तर्गत "प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ र धारा ३४ मा श्रमको हक अन्तर्गत "प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ" भनेर उल्लेख भएको छ । श्रमिकलाई उचित पारिश्रमिक, सुबिधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको समेत हक हुने कुरा सुनिश्चित गरेको छ । विकासोन्मुख देश भएकै कारण आन्तरिक रुपमा रोजगारीको अभाव र देश भित्र श्रम अनुरुपको आम्दानी नहुनुले देशको अधिकांश युवा जनशक्ति विदेश पलायन भएको यथार्थ रहेको छ । हालको अवस्थामा विदेशबाट आउने विप्रेषण नै आर्थिक गतिविधिको प्रमुख विषय रहेको छ । समग्र देशको तुलनामा यस नगरपालिकामा पनि त्यहि स्थिति रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

नेपाल युवाबहुल मुलुक हो । नागार्जुन नगरपालिकामा युवाको जनसंख्या उच्च छ । उचित अवसरको अभावमा युवाहरू पलायन हुने तथा निराश हुने अवस्था सिर्जना भएको छ । कृषिलाई आकर्षक बनाउन नसक्दा युवाको संलग्नता न्यून छ र उद्योग क्षेत्र प्रबर्द्धन नहुँदा माग बमोजिम रोजगारीको अवसर सिर्जना हुन सकेन । श्रमको सम्मान गर्ने संस्कार नहुँदा कामका अवसर भएता पनि त्यसको उपयोग हुन सकेन । बैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गर्दै देश भित्र रोजगारीको वतावरण सृजना गरि विदेशमा सिकेको ज्ञान, सिप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सक्ने नीति प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

### ४.५.३ सम्भावना तथा अवसर

फराकिलो बजार, पूँजीको उपलब्धता, उद्यशीलता, युवा जनशक्तिको बाहुल्यता भएकाले नगरपालिकामा नै रोजगारीका अवसर सिर्जना गर्ने पर्याप्त अवसर छ । नगरपालिकाले विदेशबाट फर्किएका जनशक्तिको तथ्यांक संकलन गरी उनीहरूमा रहेको सिप, अनुभव र पूँजी अनुसार नगरपालिका स्तरमा उद्योग संचालन, रोजगारी सृजना जस्ता कुरामा प्रोत्साहन गर्न सकेमा रोजगारीको लागि नगरपालिकाको भूमिका उल्लेख्य रहने छ । यसका लागि आवश्यक नीति तथा कार्यक्रमको लागि नगरपालिका तदारुक हुनुपर्ने आवश्यक छ । रैथाने उत्पादनको बजारमा बढ्दो मागलाई सम्बोधन गर्न सकिने सम्भावना रहेको छ । तीन तहका सरकारले नै सामाजिक सुरक्षामा काम गरेकाले त्यसलाई एकीकृत गरी समन्वयात्मक ढंगबाट काम गरेमा लक्षित समुदायलाई पर्याप्त सहयोग गर्न सक्ने सम्भावना छ ।

### ४.५.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

सबै नगरवासीलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता तथा सामाजिक सुरक्षाको सुनिश्चितता।

लक्ष्य

बेरोजगारी तथा श्रमको अल्प उपयोगमा कमी ल्याउने गरी उत्पादनशील रोजगारी सिर्जना गर्नुका साथै लक्षित वर्गलाई गुणस्तरीय सामाजिक सुरक्षा उपलब्ध गराउने ।

उद्देश्य

१. उत्पादनशील र मर्यादित रोजगारीका अवसर सिर्जना गर्नु ।
२. असल श्रम सम्बन्ध विकास गर्नु ।
३. सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु ।
४. वैदेशिक रोजगारीलाई सुरक्षित र उत्पादनमूलक बनाउनु ।
५. लक्षित वर्गलाई गुणस्तरीय सामाजिक सुरक्षा सुनिश्चित गर्नु ।

**रणनीति तथा कार्यनीति**

योजनाको सहकारी तथा गरिबी निवारण विकासमा उल्लेखित लक्ष्य, उद्देश्य प्राप्ति गर्नका लागि अपनाइने रणनीति प्रतिफल हासिल गर्नका लागि निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन तपशिलमा उल्लेखित कार्यनीति अवलम्वन गरिनेछ ।

**तालिका २०: श्रम, रोजगार र सामाजिक सुरक्षाका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| संघ तथा प्रदेश सरकारसंगको समन्वयमा इच्छुक नगरबासीलाई न्यूनतम रोजगारी प्रत्याभूत गर्ने । | १. न्यूनतम रोजगारी प्रबर्द्धन गर्ने गरी नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।<br>२. पालिकाभित्र रहेका सहकारीलाई उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।<br>३. श्रमप्रति सम्मान अभिबृदि गर्नका लागि अभियान संचालन गरिनेछ ।<br>४. नगरपालिकाले संचालन गर्ने विकास निर्माणका काममा सम्भव भएसम्म श्रममूलक प्रविधि उपयोगमा ल्याईनेछ ।<br>५. रोजगार खोज्ने र रोजगार दिनेका बीचमा प्रत्यक्ष सम्पर्क स्थापित गर्न रोजगार एप प्रयोगमा ल्याईनेछ ।<br>६. धेरै रोजगारी सिर्जना गर्ने उद्यमीहरूलाई सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।<br>७. बेरोजगारको लगत नियमित अध्यावधिक हुने व्यवस्था गरिनेछ । |
| बजारको आवश्यकता तथा श्रमिकको चाहनाको पहिचान गरी श्रमिकको दक्षता अभिबृद्धि गर्ने । | १. बजारको आवश्यकता तथा श्रमिकको चाहना बमोजिम सबैलाई सीप उपलब्ध गराउने गरी वडावडामा नियमित सीप विकास कार्यक्रम संचालन गरिनेछ ।<br>२. आधुनिक प्रविधिसँग श्रमिकलाई अभ्यस्त गराई उत्पादकत्व बृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. वैदेशिक रोजगारमा जान चाहने श्रमिकलाई गन्तव्य देशको आवश्यकता बमोजिमको तालिम दिनका लागि सम्बन्धीत निकायसँग साझेदारी गरिनेछ ।<br>४. बजारमा कस्तो सीपयुक्त जनशक्तिको माग छ त्यसको विवरण वार्षिक रुपमा अध्यावधिक गरिनेछ । |
| वैदेशिक रोजगारलाई अधिकतम प्रतिफलयुक्त बनाउने । | १. वैदेशिक रोजगारमा जान ईच्छुक नागार्जुन नगरपालिकाका बासिन्दाको विवरण लिई उनीहरूलाई सीपयुक्त बनाईनेछ ।<br>२. वैदेशिक रोजगारमा रहेका परिवारका सदस्यलाई वित्तीय साक्षरता तथा आवश्यकता बमोजिम मनोसामाजिक परामर्श उपलब्ध गराईनेछ ।<br>३. वैदेशिक रोजगारबाट प्राप्त सीप अनुभव र पूँजीको उपयोगलाई सुनिश्चित गर्ने गरी विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ ।<br>४. वैदेशिक रोजगारमा रहेका व्यक्तिको विवरण अध्यावधिक गर्ने त्यस्तो परिवारलाई सहयोग गर्ने र देशमा नै अवसर सिर्जना गर्ने वातावरण तयार पारी बाध्यात्मक वैदेशिक रोजगारी अन्त्य गरिनेछ । |
| नगरपालिकामा असल श्रम सम्बन्धको विकास गर्ने । | १. रोजगारदाताको हित रक्षाको लागि आवश्यक स्थानीय कानून तर्जुमा गरिनेछ ।<br>२. प्रत्येक श्रमिकले न्यूनतम पारिश्रमिक पाउने व्यवस्थाका लागि श्रमिकको विवरण अध्याविधक गर्ने र बैंकबाट भुक्तानी दिने व्यवस्था सुनिश्चित गरिनेछ ।<br>३. सबै प्रकारका बाल श्रम तथा श्रम शोषणको अन्त्य गरिनेछ । |
| सबैलाई सामाजिक सुरक्षाको प्रत्याभूत गर्नु । | १. सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने नागरिकको विवरण नियमित अध्यावधिक गर्ने प्रणालीलाई प्रभावकारी बनाइनेछ ।<br>२. सामाजिक सुरक्षाको आवश्यकता भएका नागरिकलाई मात्र सामाजिक सुरक्षा प्रदान गर्ने नीति लिईनेछ ।<br>३. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गरी लक्षित वर्गलाई जीवन धान्न पुग्ने सहयोग उपलब्ध गराईनेछ ।<br>४. अप्ठ्यारामा परेका नागरिकको उद्धार र पुनःस्थापनाको लागि विशेष प्रबन्ध मिलाईनेछ। |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका २१: श्रम, रोजगार र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| रोजगारीमुलक तथा युवा अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | | १० | १००० | १००० | १००० | १२०० | १२०० | ५४०० | |
| सामाजिक सुरक्षा कोषको व्यवस्थापन | एकमुस्ट | | | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | |
| बैदेशिक रोजगारमा गएर आएका व्यक्तिहरुलाई उद्यम विकासका लागि सहजीकरण तथा सहयोग कार्यक्रम | पटक | | १० | १००० | १२०० | १२०० | १२०० | १२०० | ५८०० | |
| वैदेशिक रोजगारमा गएका परिवारका सदस्यलाई मनोसामाजिक परामर्श सेवा कार्यक्रम | सङ्ख्या | | ५ | १००० | १००० | १२०० | १२०० | १५०० | ५९०० | |
| पर्यटक होम स्टे र कृषि जोडेर व्यवसाय गर्न रोजगारी सिर्जना गर्ने | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | |
| व्यवसायिक तथा प्राविधिक सीप विकास तालिम सञ्चालन | सङ्ख्या | | २५ | १२०० | १५०० | १५०० | १५०० | १५०० | ७२०० | |
| **श्रम, रोजगार र सामाजिक सुरक्षाका कार्यक्रमको जम्मा बजेट** | | | | **९७००** | **१०३००** | **१०६००** | **१०९००** | **११३००** | **५२८००** | |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २२: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत् | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत् | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | ५ | १० | १५ | २० | २५ | ३० | ३५ | | |
| वैदेशिक रोजगारी संलग्न घरपरिवारहरूलाई उद्यम विकास सहयोग | प्रतिशत् | | १० | २० | २५ | ३० | ३५ | ३५ | | |
| सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रदायक संस्था | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसमाजिक परामर्श सेवा प्रदान | पटक | २ | ४ | ६ | ८ | १० | १२ | १२ | | |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | सङ्ख्या | ३२४७ | ३२५० | ३३०० | ३३५० | ३४०० | ३४५० | ३४५० | | |
| सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

यस योजना सञ्चालन पश्चात् श्रम रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा तपशिल बमोजिमका नतिजा प्राप्त हुनेछ ।

१. नगरपालिकामा बेरोजगारी दर १ प्रतिशतमा झरेको हुनेछ ।
२. बेरोजगार श्रमिक र रोजगारदाताका बीच सहज सम्पर्क स्थापित भएको हुनेछ ।
३. इच्छुक सबैले बजारको माग बमोजिमको सीप प्राप्त गरेका हुनेछन् ।
४. वैदेशिक रोजगारबाट प्राप्त लाभको सही सदुपयोग भई उत्पादनमा बृद्धि भएको हुनेछ ।
५. एकीकृत सामाजिक सुरक्षा प्रणाली विकास भई लक्षित वर्गले पर्याप्त सहयोग पाएका हुनेछन्

# परिच्छेद ५: सामाजिक विकास क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालले विगत दुई दशकमा नागरिकको स्वास्थ्य अवस्था सुधार गर्ने दिशामा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। विशेष गरी औसत आयु बृद्धि, शिशुको जीवन रक्षा, मातृस्वास्थ्य सुधार तथा संक्रामक रोग नियन्त्रणको क्षेत्रमा उल्लेख्य प्रगति भएको देखिन्छ । नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु, आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा र बालस्वास्थ्य सेवा प्रत्याभूत गराउनु राज्यको दायित्व हो । संङ्घ, प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार तथा जिम्मेवारीलाई कार्य विस्तृतीकरण मार्फत स्पष्ट पारिएको र स्वास्थ्यलाई साझा अधिकार र जिम्मेवारीको रूपमा राखिएको छ । त्यसै अनुरूप यस नागार्जुन नगरपालिकाको आवधिक योजनाले **दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्यमा** योगदान गर्नेछ । नगरपालिकाले सुरक्षित मातृत्वका लागि सेवा दिने काम गरिरहेको छ । यहाँ १ वटा आधारभूत अस्पताल, १ वटा आधुनिक स्वास्थ्य उपकरण उपलब्ध भएका भवन, १ वटा आयूर्वेद संस्था, ९ वटा आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था रहेका छन् । खोपको हकमा नगरपालिकालाई पूर्ण खोप भएको नगरपालिका घोषणा गरिएको छ ।

### ५.१.२ समस्या र चुनौती

स्वास्थ्य क्षेत्रका नतिजाहरूमा क्रमिक सुधार हुँदै आएको भए तापनि समग्र स्वास्थ्य प्रणालीमा अझै पनि समस्या र चुनौतीहरू विद्यमान रहेको पाईन्छ, जसलाई सम्बोधन नगरी थप उपलब्धि हासिल गर्न कठिन हुन्छ। सबै स्वास्थ्य संस्थाहरूमा प्रयोगशालाको नहुनु, स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधार अपर्याप्त रहनु, नेपाल सरकारबाट निःशुल्क वितरण गरिने औषधीहरू नियमित रुपमा स्वास्थ्य केन्द्रहरूमा आपूर्ति नहुनु, स्वास्थ्य भवन सबैलाई पायक पर्ने ठाउँमा नहुनु, दक्ष जनशक्तिको अभावमा अवश्यकता अनुसार बर्थिङ सेन्टर सञ्चालन गर्न नसक्नु, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसक्नु, विषेशज्ञ सेवा प्रदान गर्न दक्ष जनशक्ति र तालिमको कमी भएका कारण सेवा प्रदानमा कठिनाई हुनु जस्ता समस्याहरू छन् । दक्ष जनशक्ति नहुँदा स्वास्थ्य सेवा लिने सेवाग्राहीहरूको स्वास्थ्य संस्था प्रति विश्वासमा कमी देखिन्छ । एउटा मात्र आयुर्वेद संस्था भएकाले आयुर्वेद तर्फको स्वास्थ्य संस्था कै अभाव छ । जनताको आवश्यकता र वैधानिक अपेक्षा अनुरुपको स्वास्थ्य सेवाको उपलब्धता र गुणस्तरमा सुधार ल्याउन सकिएको छैन। सङ्घीय सन्दर्भमा स्वास्थ्य प्रणालीलाई सवलीकरण गरी दक्ष र सीपयुक्त स्वास्थ्य जनशक्तिको उपलब्धता सुनिश्चित गर्नु चुनौतीको रुपमा रहेको छ । वस्तुपरक तथ्याङ्कको सीमित उपलब्धता र नीतिगत निर्णय, योजना र बजेट तर्जुमा

प्रक्रियामा तथ्य तथ्याङ्कको प्रयोगको कमीले स्वास्थ्य प्रणालीमा प्रभाव पारेको देखिन्छ। विद्यमान सूचना प्रणालीलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउनु पनि चुनौतीपूर्ण छ। यसैगरी आधुनिक उपकरणको अपर्याप्त उपलब्धताले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न चुनौतीपूर्ण बनाएको छ । स्वास्थ्य चौकीमा आधारभूत सुविधाहरू नभएको, औषधी ३० प्रतिशत जति मात्र पाइने र वडामा राम्रोसँग सुचारु भइसकेको ल्याब नगर अस्पतालमा दिइएको छ ।

### ५.१.३ सम्भावना तथा अवसरहरू

प्रत्येक वडामा स्वास्थ्य संस्थाहरूको स्थापना तथा मध्यम स्तरीय जनशक्तिको उपलब्धता तथा टोल टोलमा म.सा.स्व.से.हरूको उपलब्धता गराउन सकिन्छ । सबैलाई पायक पर्ने ठाउँमा नगर अस्पतालको स्थापना भएकोले सेवाग्राहीहरूले विश्वासनीय स्वास्थ्य सेवा लिन सक्नेछन् । स्वास्थ्य चौकीलाई पूर्ण रुपमा व्यवस्थित गरी फराकिलो बनाउनु पर्ने आवश्यकता देखिन्छ । स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तार गर्न सकेमा बीमा कार्यक्रमको आर्थिक श्रोतबाट विशेषज्ञ सेवाको विस्तार गर्न सकिने सम्भावना छ । स्वास्थ्य उपचारको कारण सबैको आर्थिक क्षति कम होस् भनि स्वास्थ्य बीमा कार्यक्रम मार्फत विशेषज्ञ सेवा उपलब्ध गराउँदै आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने सम्भावना रहेको छ। रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिन र यसको रोकथाम गर्नका लागि पोषणयुक्त खानेकुराको प्रचार गर्न सकिन्छ ।

### ५.१.४ सोच, लक्ष्य, उद्देश्य, तथा रणनीति

<u>सोच</u>

गुणस्तरीय स्वास्थ्य उपचार गर्दै स्वस्थ नागरिकको सुनिश्चितता ।

<u>लक्ष्य</u>

नगरपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. गुणस्तरीय आकस्मिक तथा आधारभूत स्वास्थ्य सेवा नगरपालिकामै उपलब्ध गराउनु ।
२. स्वास्थ्य बीमा कार्यक्रम मार्फत नगर अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध गराउनु ।
३. रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउने र स्वास्थ्य चेतना प्रदान गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका २३: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीय तथा आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक जनशक्ति तथा पूर्वाधार निर्माण गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. स्वास्थ्य बीमा कार्यक्रमलाई व्यापक बनाई बीमा कार्यक्रमको आर्थिक श्रोतबाट नगर अस्पतालमा विशेषज्ञ चिकित्सकको सुविधा उपलब्ध गराइनेछ।<br>३. स्वास्थ्यकर्मी कर्मचारीहरूलाई क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।<br>४. सवै स्वास्थ्य संस्थाहमा ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम मार्फत गर्भवती महिलाहरूको नियमित जाँच तथा निःशुल्क भिडियो एक्सरे कार्यक्रम संचालन गरिने छ।<br>५. प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति गरिनेछ ।<br>६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिबृद्धि तालिम कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।<br>७. मौसम अनुसार हुने रोगको महामारी नियन्त्रण गर्न आवश्यक बजेट तथा कार्यक्रमहरूको व्यवस्था गरिनेछ।<br>८. निःशुल्क वितरण गर्नुपर्ने औषधीहरूको नियमित आपुर्ति गरिनेछ।<br>९. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष तथा मध्यमस्तरीय जनशक्तिको व्यवस्थापन गरिनेछ । |
| विपन्न तथा लक्षित वर्गका नागरिकहरूको स्वास्थ्य सेवामा सहज<br>पहुँच पुर्याउने । | १. अति विपन्न घर परिवार पहिचान गरी उनीहरूको स्वास्थ्य बीमा शुल्क नगरपालिकाले व्यहोर्ने व्यवस्था गरी स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य सेवामा पहुँच पुर्याइनेछ।<br>२. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>३. कडा गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने सहुलियतलाई बिरामी समक्ष पुर्याउन सहजीकरण गरिनेछ।<br>४. सबै किसिमका विरामीहरूलाई अस्पताल पुर्याउन निःशुल्क एम्बुलेन्स संचालन गरिनेछ।<br>५. महिलाहरूको स्तन र पाठेघरको मुखको क्यान्सर सम्वन्धि सचेतना मुलक कार्यक्रम तथा स्क्रिनिङ क्याम्पहरू संचालन गरिनेछ।<br>६. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>७. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रति व्यापक जनचेतना जागरण अभियान संचालन गर्ने | १. आधारभुत स्वास्थ्य सेवा आयुर्वेद, योग र मानसिक स्वास्थ्य लगायत निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक सेवाहरूलाइ एकीकृत गरी नगरवासीको स्वास्थ्य अवस्था सवल बनाउने निती लिइने छ ।<br>२. सामाजिक संजाल तथा विभिन्न संचार माध्यमहरूबाट स्वास्थ्य सम्बन्धी जनचेतनामुलक सामाग्रीहरूको प्रशारण गरिनेछ।<br>३. विद्यालयहरूमा विभिन्न उमेर समुहमा रहेका विद्यार्थीहरूको उमेर अनुसार हुने परिवर्तन तथा स्वास्थ्य सम्बन्धी ज्ञान बढाउन स्वास्थ्य शिक्षा सम्बन्धी कक्षाहरू संचालन गरिने छ। |
| पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच<br>सबै वस्तीसम्म<br>पुर्‍याउने । | १. गुणस्तरीय एवम् स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रबर्द्धनमा बन्देज लगाइनेछ ।<br>३. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>५. पोषण सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका २४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| स्वास्थ्य जनशक्तिको क्षमता विकास कार्यक्रम | पटक | | ५ | १५०० | २००० | २००० | २००० | २००० | **९५००** | |
| वडास्तरीय स्वास्थ्य चौकीहरूको स्थापना र रहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति | सङ्ख्या | | १० | ३५०० | ३८५० | ४२३५ | ४६५९ | ५१२४ | **२१३६८** | |
| रोमिङ हेल्थ वर्कर कार्यक्रम सञ्चालन | एकमुस्ट | | | १२०० | १५०० | १५०० | २००० | २००० | **८२००** | |
| बर्थिङ्ग सेन्टर सञ्चालन | सङ्ख्या | | ३ | २५०० | २५०० | १००० | २५०० | ३००० | **११५००** | |
| परोपकार प्राथमिक उपचार केन्द्र ट्रस निर्माण र स्तरोन्नति | एकमुस्ट | | | १५०० | १००० | ५०० | ५०० | ५०० | **४०००** | |
| विपन्न, उत्पिडीत, सुकुम्बासी महिलाहरूलाई सुत्केरी हुन अस्पताल जाँदा निशुल्क एम्बुलेन्स सेवा | एकमुस्ट | | | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | |
| विपन्न नागरिक सुनौला हजार दिन पोषण व्यवस्था | पटक | | | १००० | ११०० | १२१० | १३३१ | १४६४ | **६१०५** | |

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| जेष्ठ नागरिकहरूको Prostate Gland को क्यान्सर Screening Camp तथा दीर्घ रोगी, शारीरिक रूपले असक्त व्यक्तिहरूलाई घरदैलो स्वास्थ्य सेवा | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा अबलोकन भ्रमण | एकमुस्ट | | ५ | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | |
| योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | एकमुस्ट | | १० | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | |
| मनोसामाजिक परामर्श कार्यक्रम | एकमुस्ट | | ५० | ७५० | ७५० | ७५० | ७५० | ७५० | **३७५०** | |
| वडास्तरीय स्वास्थ्य परीक्षण शिविर सञ्चालन | एकमुस्ट | | ५० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| गम्भिर प्रकृतिका रोग उपचार Rapid Response इकाई गठन | एकमुस्ट | | १० | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | |
| स्वास्थ्य बीमा कार्यक्रम अभियान | एकमुस्ट | | | ८०००० | ८०००० | ८०००० | ८०००० | ८०००० | **४०००००** | |
| पोषणयुक्त पालिका अभियान कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | |
| आयुर्वेद स्वास्थ्य प्रवर्द्धन तथा विस्तार | एकमुस्ट | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| आयुर्वेद शीविर तथा जडिवुटीको उपयोगिता सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन | एकमुस्ट | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| नगरपालिकामा Medical incinerator (disposal) को व्यवस्था गर्ने | पटक | | १ | ० | १०००० | ० | ० | ० | १०००० | |
| शरीरलाई हानी पु-याउने खालका रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य र पत्रुखाद्यपदार्थ (जंक फुड) विरुद्ध सचेतनात्मक कार्यक्रम सञ्चालन | सङ्ख्या | | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| स्वास्थ्य तथा पोषणका कार्यक्रमको जम्मा बजेट | | | | १००२०० | ११०९५० | ९९४४५ | १०१९९० | १०३०८८ | ५१५६७३ | |

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २५: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| अपेक्षित आयु जन्म हुँदाको | वर्ष | ७०.०९ | ७१.०१ | ७१.०४ | ७१.०९ | ७१.०९ | ७२.०३ | ७२.०९ | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत् | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| आधारभूत अस्पताल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| अस्पताल बेड | सङ्ख्या | ५ | १० | १५ | १५ | १५ | १५ | १५ | | |
| स्वास्थ्य एकाई आयुर्वेद समेत | सङ्ख्या | ९ | १० | १० | १० | १० | १० | १० | | |
| विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ३ | ४ | ४ | ४ | ५ | ५ | | |
| मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ५० | ५५ | ५५ | ५ | ६० | ६० | ६० | | |
| संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| बर्थिङ सेन्टर | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | २ | | |
| गर्भावस्थाको परीक्षण दर | प्रतिशत् | २९.६ | ४० | ६० | ८० | १०० | १०० | १०० | | |
| ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जिवित जन्ममा ) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| नवजात शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| पूर्ण खोप | प्रतिशत् | ७९.५ | ८५ | ९५ | ९५ | १०० | १०० | १०० | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| भिटामिन ए खाने बालबालिका | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| झाडा पखालाको संक्रमण दर | प्रतिशत् | १९।७ | १० | ५ | ० | ० | ० | ० | | |
| महिला स्वास्थ्य स्वयंसेविका | सङ्ख्या | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | | |
| सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन १ आयूर्वेद | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| परिवार नियोजनका साधन प्रयोग गर्ने दम्पति | प्रतिशत् | ५० | ५५ | ५५ | ६० | ६० | ६५ | ६५ | | |
| सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत् | | ७५ | ७५ | ८० | ८० | ९० | ९० | | |
| एम्बुलेन्स सञ्चालन | सङ्ख्या | २ | २ | ३ | ३ | ३ | ३ | ३ | | |
| पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | | |
| एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत् | | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | | २० | २० | २० | २० | ३० | ३० | | |
| घुमन्ते स्वास्थ्य सेवा | पटक | | २० | २० | २० | २० | ३० | ३० | | |
| दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | | १० | १२ | १२ | १५ | १५ | १५ | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | १ | २ | २ | २ | ३ | ३ | ३ | | |
| कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत् | ० | ० | ० | ० | ० | ० | ० | | |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत् | | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| सुत्केरी -स्याहार भत्ता पाउने महिला | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| करेसाबारी वा कौशी खेति भएको घरपरिवार | प्रतिशत् | | १० | १० | १५ | १५ | २५ | २५ | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक समेत स्थापित गरेको छ । शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई संविधान मै मौलिक अधिकारका रूपमा स्थापित गरिएको छ । साथै शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, व्यावसायिक, सीपमूलक तथा रोजगारीमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिबृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियम र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्वन गरेको छ । यस आवधिक योजनाले **दिगो विकासको लक्ष्य ४ तथा "गुणस्तरीय शिक्षा"को उद्देश्यमा** योगदान गर्नेछ । यस नगरपालिका अन्तर्गत शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयहरू १९ वटा, धार्मिक विद्यालय १ वटा तथा ६८ वटा संस्थागत विद्यालयहरू रहेका छन् । शैक्षिक सत्र २०८० मा प्रारम्भिक वालविकास देखि कक्षा १२ सम्म ५३८७ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संस्थागत विद्यालय तर्फ १८७८७ जना विद्यार्थी अध्ययनरत छन् । २०७८ सालको जनगणना अनुसार घरधुरी संख्या ३१,३०१ कूल जनसंख्या १,१५,४३७ जना मध्ये पुरुष ५७५९६(४९.८९ प्रतिशत) तथा महिला ५७८४१(५०.११ प्रतिशत) रहेको छ । आधारभूत तहको लैगिंक समता सूचाङ्क १ रहेको छ। गरिब तथा पिछडिएका समुदायका वालवालिकाको शैक्षिक पँहुच तथा गुणस्तर पनि राष्ट्रिय औसतभन्दा कम छ । विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति हुने किसिमको वातावरण सृजना गरिएको छ । कक्षा १ मा कम उमेरका वालवालिकाहरू भर्ना हुने तथा कक्षा १ मै उनुत्तीर्ण हुने र कक्षा दोहोर्याउने दरमा कमी भएको र बालविकास केन्द्रवाट कक्षा १ मा भर्ना भएका बालबालिकाहरूमा सिकाई उपलब्धि दर सिधै भर्ना भएका बालबालिकाहरूको भन्दा राम्रो पाइएको छ । माध्यमिक तहका छात्रछात्राहरू सबैले निःशुल्क पाठ्यपुस्तक प्राप्त गरिरहेका छन् भने छात्राहरूले छात्रवृत्ति पाइरहेको अवस्था छ । ३ वटा सामुदायिक सिकाई केन्द्रहरूको स्थापनाले नवसाक्षर महिला तथा पुरुष प्रौढहरूलाई आफ्नो साक्षरताबाट आर्जित शिक्षालाई निरन्तरता प्रदान गर्नका लागि टेवा प्रदान गरेको छ ।

### ५.२.२ समस्या र चुनौती

सबैका लागि गुणस्तरीय शिक्षामा पँहुच र विशेष लक्षित समूहका बालबालिकाको शिक्षामा पँहुचको सुनिश्चितता गर्न नसकिनु यस क्षेत्रको समस्या रहेको छ। प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रुपमा विकास गर्न सकिएको छैन । प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यान्वयन गर्न पर्याप्त स्रोत साधन व्यवस्थापन गर्न सकिएको छ । शिक्षामा निजी क्षेत्रको भूमिका वारेमा स्पष्ट नीति नहुनु र सार्वजनिक निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसकिनु यस क्षेत्रको समस्याको रुपमा छ । वालविकास

केन्द्रमा न्यूनतम मापदण्ड सुनिश्चित गर्दै बालमैत्री वातावरणमा कक्षा सञ्चालन गर्नको लागि भौतिक संरचना निर्माण गर्न नसकिएको अवस्था छ। सक्षम र योग्य व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्ने र सक्षम र योग्य शिक्षकलाई प्रअमा नियुक्ति गर्ने काममा विद्यालय व्यवस्थापन समितिलाई सक्षम वनाउनु चुनौती देखिएको छ। पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास हुन नसक्नु तथा तोकिएको मापदण्डका आधारमा विद्यालयको भौतिक व्यवस्थापन गरी वालवालिकाको सिकाइलाई सहज र सुविधामूलक वनाउने काम चुनौतीपूर्ण रहेको छ । माध्यमिक तहको न्यून देखिएको शैक्षिक उपलब्धिलाई सुधार गरी न्यून संख्यामा रहेको शिक्षक दरबन्दीलाई आवश्यकताको आधारमा पूर्ति गर्ने कार्य चुनौतीको रुपमा रहेको छ । भाषा, संस्कृति, स्थानीय ज्ञान तथा मूल्य पद्धति लगायतका विविध स्थानीय आवश्यकता सुहाउँदो गरी साक्षरता कार्यक्रमको विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसरहरू

स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरी सर्वसुलभ र गुणस्तरीय बनाउने सम्भावना रहेको छ। विभिन्न किसिमको छात्रवृत्ति वितरण गर्नुपर्ने आवश्यकता देखिन्छ । यस नगरपालिकामा विद्यार्थीहरूलाई दिवा खाजा, पोषण प्रदान गर्न सकिने देखिन्छ । विद्यालयहरूमा तालिम प्राप्त शिक्षक तथा सूचना प्रविधिमैत्री वातावरणको सृजना गर्न सकिने सम्भावना छ । २ वटा अनौपचारिक प्रौढ विद्यालय मार्फत १४ वर्ष भन्दा माथि उमेर समूहका महिलाहरूलाई पठनपाठन गरी औपचारिक शिक्षाको कार्यमा टेवा पुर्याएको अवस्था छ । सामुदायिक विद्यालयको अभिभावकलाई पनि समेट्ने गरी कार्यक्रमहरू विस्तार गर्न सकिन्छ। विद्यालयमा एकरुपता ल्याउन सुरुवात गर्नुपर्ने सम्भावना रहेको छ ।यस नगरपालिकामा रहेको आर्मी कलेजलाई विश्वविद्यालय बनाउने पहल गर्न सकिने सम्भावना देखिन्छ । पुस्तकालय तथा शिक्षाको हव निर्माण गरी विद्यार्थीहरूको पढ्ने बानीको विकास गर्दै उनीहरूको शैक्षिक गुणस्तारमा सुधार ल्याउन सकिन्छ ।

### ५.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

सोच

नगरपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि दक्ष मानव संसाधनको विकास ।

लक्ष्य

गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील जनशक्ति तयार गर्ने ।

उद्देश्य

१. सबै बालवालिकाहरूलाई आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पँहुच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
२. शिक्षालयहरू बालमैत्री, शिक्षकमैत्री र अभिभावकमैत्री सिकाई थलोको रुपमा विकास गर्नु ।
३. शिक्षामा नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु ।

## रणनीति तथा कार्यनीति

**तालिका २६: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्ने । | १. विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण तथा जीर्णोद्धार गर्न रकम विनियोजन गरिनेछ ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>३. प्रत्येक विद्यालयमा छात्रछात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ ।<br>६. प्रारम्भिक बालकक्षा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाईलाई ध्यान दिई खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सहितको आकर्षक, मनोरञ्जन र वालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।<br>७. शिक्षण संस्थाहरूमा प्रविधि सहितको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । |
| विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. शिक्षक तथा कर्मचारीहरू पेसागत कार्यमा अनियमित पाइएमा कानुन बमोजिम कारवाही गरी पेशाप्रति नियमित गराउँदै शैक्षिक सेवालाई थप प्रभावकारी बनाइनेछ ।<br>२. सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको समन्वय, सामुदायिक सहभागीता र स्थानीय सरोकारवालासँगको साझेदारीमा शिक्षामा पहुँच, गुणस्तर अभिबृद्धि तथा संस्थागत क्षमता अभिबृद्धि जस्ता कार्यक्रमहरूमा समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।<br>४. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिबृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिनेछ ।<br>५. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. नगरमा उच्च नतिजा सहित नमुना बनिरहेका उत्कृष्ट विद्यालयहरूको सफलताका कथाहरूलाई प्रचारप्रसार गर्नुका साथै त्यस्ता विद्यालयहरूबाट न्यून नतिजा भएका विद्यालयहरूले सिक्ने अवसरको सुनिश्चितता गरिनेछ ।<br>७. नगरमा शैक्षिक सुशासन कायम गराउन र लक्षित कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्नका लागि विद्यालयका प्रधानाध्यापक, विद्यालय शिक्षकसँग नतिजामा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ । |
| प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको<br>रुपमा विकास गरी सबै बालवालिकाका लागि<br>अनिवार्य गर्ने । | १. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>२. पूर्व प्राथमिक अथवा वालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षा सम्बन्धी कानून र मापदण्ड निर्माण गरी लागु गरिनेछ ।<br>३. आवश्यक परेको ठाँउमा दुर्गम वस्तीका विद्यालयलाई आवासीय विद्यालय तथा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>४. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>५. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>६. छोराछोरी विद्यालय नपठाउने अभिभावकहरूको पहिचान गरी आवश्यक<br>सहजीकरण, परामर्श तथा घरदैलो भेटघाट सम्मका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>७. विद्यालय वाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालय प्रवेश गर्न प्रोत्साहन गरिनेछ।<br>८. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न जोखिममा परेका सबै बालवालिकाहरूलाई आवश्यकताको आधारमा शिक्षाको प्रवन्ध मिलाइनेछ।<br>९. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ । |
| शिक्षण पेशामा आवश्यक दक्ष जनशक्ति प्रवेशको व्यवस्थापन गर्ने | १. प्रत्येक विद्यालयमा विषयगत शिक्षक दरबन्दी पुनरावलोकन गरी विद्यार्थी सङ्ख्या तथा शिक्षक सङ्ख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी दरबन्दी मिलान गर्ने तथा अवस्था हेरी विद्यालय तह तथा कक्षा समायोजन गरिनेछ ।<br>२. कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरुप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित रुपमा विषयगत तालिमको प्रबन्ध गरिनेछ ।<br>३. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>४. सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धि गर्न शिक्षक अध्ययन भ्रमण कार्यक्रम, शैक्षिक तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. वालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>६. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।<br>७. प्राविधिक तथा व्यवसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ। |
| रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने | १. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>२. माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>३. विद्यालय शिक्षामा जीवनोपयोगी तथा मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. साधारण तथा व्यावसायिक दुवै धारका कक्षा सञ्चालन गर्ने प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।<br>५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा लगानीको सुनिश्चिताका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी एकीकृत योजना बनाइनेछ ।<br>७. **CTEVT** को सम्बन्धनमा नगरपालिकास्तरीय एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।<br>८. विद्यार्थीको सिकाई अभिबृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।<br>९. शिक्षामा सूचना र प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राख्दै नगरको कम्तिमा ७५ प्रतिशत् विद्यालयहरूमा सूचना र प्रविधि सहितको शिक्षण गर्ने व्यवस्था मिलाइनेछ । |
| आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने । | १. दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, अपाङ्गता भएका व्यक्तिहरू, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताको आधारमा प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>२. नयाँ विद्यालय भवन निर्माण गर्दा अपाङ्ग मैत्री हुनेगरी बनाइनेछ ।<br>३. भिन्न सिकाई आवश्यकता भएका, जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाई आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा नगरपालिकाबाट व्यवस्थापन गरिनेछ । |
| शिक्षामा नवप्रवर्तन प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने । | १. असल चरित्र निर्माणका लागि नैतिक शिक्षाको प्रबर्द्धन गर्दै योग, ध्यान, आहार-विहार, आचरण, व्यवहार र राष्ट्रिय दायित्व बोध गर्न सक्ने दक्ष नागरिक उत्पादन गर्ने लक्ष्यबाट निर्देशित रहँदै समुचित शैक्षिक नीति अवलम्वन गरिनेछ ।<br>२. औपचारिक तथा अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सीप (**Life Skills**) विकास गर्न स्थानीय तहको पाठ्यक्रममा समावेश गरिनेछ ।<br>३. नगरभित्रका कुनै एउटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालयको रुपमा विकास गरिनेछ ।<br>४. प्राविधिक तथा व्यवसायिक शिक्षामा मा. वि. तह उत्तीर्ण विद्यार्थीलाई सम्बन्धित विषयमा थप तालिम लिन आवश्यक नपर्ने गरी अध्यापन गर्ने शिक्षा प्रदान गरिनेछ ।<br>५. सामुदायिक र संस्थागत विद्यालय बीचको शैक्षिक स्तरको दुरी घटाउँदै लैजाने उपायहरूको खोजी गर्न संस्थागत र सामुदायिक विद्यालयका शिक्षक बीचमा अन्तरक्रिया गरिनेछ ।<br>६. हरेक विद्यालयले प्रत्येक कक्षाको औसत सिकाई उपलब्धि कम्तिमा ५१ प्रतिशत् पुर्‍याइनेछ ।<br>७. शिक्षा Hub को निर्माण गरी विद्यार्थीहरूको अतिरिक्त पढ्ने बानीको विकास गरनेछ । |
| अनुगमन तथा निरीक्षण गरी शैक्षिक क्रियाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने । | १. प्रधानाध्यापक तथा व्यवस्थापन समिति अध्यक्ष लक्षित शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास विशेष तालिम सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकास्तरिय एक वैज्ञानिक तथा व्यवहारिक शैक्षिक पात्रोको निर्माण गरी लागु गरिनेछ ।<br>३. अनुसन्धानात्मक क्रियाकलापमा विद्यार्थीहरूलाई संलग्न गराउन परियोजना कार्यलाई पाठ्यक्रममा समावेश गरी पूरक क्रियाकलापका रूपमा अनिवार्य गरिनेछ ।<br>४. "शिक्षक तथा अभिभावक संघ" गठन गरी नीति निर्माणमा प्रभावकारी रुपमा सहभागीता सुनिश्चित गरिनेछ ।<br>५. विद्यार्थीको सिकाई अधिकारलाई सुनिश्चित गर्न कम्तिमा १९२ दिन अनिवार्य पठनपाठन हुने र २२० दिन विद्यालय खुलाउने प्रत्याभूति गराउनुका साथै विद्यार्थी उपलब्धिलाई शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।<br>६. विद्यालय अनुगमनलाई सुधारमुखी बनाउन टीम सुपरिवेक्षणलाई अभियानकै रुपमा लगि निर्दिष्ट फारामहरूका आधारमा कक्षा अवलोकन गर्ने, नमूना कक्षा लिने प्रणालीलाई कार्यान्वयनमा ल्याईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा शिक्षण र न्यूनतम एउटा शैक्षिक सामग्रीसहित कक्षामा विद्यार्थी सहजीकरण गर्न प्रोत्साहन गर्ने र अनुगमनको क्रममा त्यसलाई प्रमुखताका साथ हेरिनेछ । |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका २७: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| शिक्षा गुरुयोजना निर्माण | सङ्ख्या | ० | १ | १००० | ० | ० | ० | ० | **१०००** | |
| विद्यार्थी लागतका आधारमा विद्यालयलाई प्रोत्साहन अनुदान | एकमुस्ट | | | २२५०० | २३००० | २३५०० | २४००० | २४५०० | **२५०००** | |
| प्रविधिमैत्री विद्यालय प्रवर्द्धन | सङ्ख्या | | | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | **२५०००** | |
| विद्यालयमा अपाङ्ग तथा छात्रामैत्री शौचालय निर्माण | | | | २५०० | ३००० | ४००० | ५००० | ६००० | **२०५००** | |
| अपुग शिक्षक दरबन्दी पूर्ति | सङ्ख्या | | | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | **३००००** | |
| विषय शिक्षक तालिम | सङ्ख्या | | ५ | १००० | १२०० | १५०० | १८०० | २००० | **७५००** | |
| एक विद्यालय एक नर्स कार्यक्रम | सङ्ख्या | | १९ | ६००० | ७००० | ३५०० | ३५०० | ३५०० | **२३५००** | |
| अति विपन्न, सीमान्तकृत, तथा विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण सङ्कलन | सङ्ख्या | | १ | ० | ५०० | ० | ० | ० | **५००** | |
| सार्वजनिक पुस्तकालय निर्माण | सङ्ख्या | | १० | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडागत रुपमा अनौपचारिक प्रौढ शिक्षा सञ्चालन | एकमुस्ट | | १० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| नविनतम् शिक्षण सिकाई तालिम सञ्चालन | एकमुस्ट | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था | एकमुस्ट | | २५ | ४०० | ४४० | ४८४ | ५३२ | ५८५ | **२४४२** | |
| विद्यार्थी शैक्षिक भ्रमण व्यवस्थापन खर्च | एकमुस्ट | | ५ | १२०० | १३२० | १४५२ | १५९७ | १७५६ | **७३२६** | |
| नगरपालिका भित्रका सरकारी तथा सामुदायिक विद्यालयमा साइबर अपराध लगायतका नियमित सचेतनामूलक कार्यक्रम | एकमुस्ट | | ५ | २५०० | ३००० | ३५०० | ४००० | ४५०० | **१७५००** | |
| विद्यालयमा संस्कृत तथा स्थानीय भाषामा पठन-पाठन सञ्चालन | एकमुस्ट | | | १००० | ११०० | १२१० | १३३१ | १४६४ | **६१०५** | |
| डिजिटल स्मार्ट बोर्ड खरिद तथा वितरण तथा अन्य शिक्षण सामाग्री | एकमुस्ट | | २५ | १२०० | १३२० | १४५२ | १५९७ | १७५७ | **७३२६** | |
| स्यानीटरी प्याड डिस्ट्रोएर मेसिन खरिद अनुदान | एकमुस्ट | | | १५०० | १६०० | १७०० | १८०० | २००० | **८६००** | |
| **शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रमको जम्मा बजेट** | | | | **५३८००** | **५७४८०** | **५७२९८** | **६११५८** | **६५०६३** | **२०२२९९** | |

## ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २८: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत् | ८७ | ८९ | ९१ | ९३ | ९५ | ९६ | ९६ | | |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत् | ८५ | ८७ | ८९ | ९१ | ९३ | ९५ | ९५ | | |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत् | ९७ | ९८ | ९८ | ९९ | ९९ | १०० | १०० | | |
| बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत् | ७६ | ७८ | ८० | ८३ | ८६ | ९० | ९० | | |
| आधारभूत तह (१,८) मा लैगिंक समानता | महिला प्रति सय पुरुष | १ | १ | १ | १ | १ | १ | १ | | |
| माध्यमिक तह मा खुद भर्ना (९-१२) | प्रतिशत् | ७२ | ७५ | ७८ | ८० | ८३ | ८५ | ८५ | | |
| माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत् | ८० | ८३ | ८६ | ८९ | ९३ | ९५ | ९५ | | |
| आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत् | १११ | १०९ | १०७ | १०६ | १०४ | १०२ | १०२ | | |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत् | ९२।५ | ९३ | ९४ | ९५ | ९५ | ९७ | ९७ | | |
| आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत् | १ | ०।५ | ०।४ | ०।३ | ०।२ | ० | ० | | |
| विद्यालय छाड्ने विद्यार्थीको दर( Dropout Rate) आधारभूत तह | प्रतिशत् | १.६ | १।४ | १।२ | १ | ।५ | ।२ | ।२ | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| आधारभूत तह (१-८) मा कुल भर्नादर | अनुपात | १:१९ | १:२२ | १:२६ | १:३० | १:३२ | १:३५ | १:३५ | | |
| आधारभूत तह (१-८) मा खुद भर्नादर | अनुपात | १:९६ | १:८५ | १:८० | १:७५ | १:७० | १:६० | १:६० | | |
| प्राविधिक धारका विद्यालय सञ्चालन | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ४ | ४ | | |
| प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | १०५ | १५० | २०० | २०० | २०० | २५० | २५० | | |
| प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ४ | ४ | | |
| बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | १३ | १८ | १८ | १८ | १८ | १८ | १८ | | |
| कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १३ | १८ | १८ | १८ | १८ | १८ | १८ | | |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ९ | ११ | १३ | १३ | १४ | १४ | १४ | | |
| ईन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | १२ | १३ | १४ | १४ | १४ | १४ | १४ | | |
| छात्रामैत्री विद्यालय | सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | | |
| अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | ५ | ७ | ९ | ११ | १३ | १५ | १५ | | |
| सामुदायिक सिकाइ केन्द्र | सङ्ख्या | ३ | ४ | ६ | ७ | ८ | १० | १० | | |
| आवासीय विद्यालय | सङ्ख्या | ० | | | | | | | | |
| माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ६ | ६ | ७ | ८ | ८ | ९ | ९ | | |
| सामुदायिक विद्यालय | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| संस्थागत विद्यालय | सङ्ख्या | ६८ | ६८ | ७० | ७२ | ७४ | ८० | ८० | | |

## ५.३ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्ग

### ५.३.१ पृष्ठभूमि

संविधानको धारा ३८ मा महिला हकको व्यवस्थामा प्रत्येक महिलालाई बिना भेदभाव समान लैङ्गिक हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४१ मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक र संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रुपले विपन्न, अशक्त र असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लोपोन्मुख जातिका नागरिकलाई समेटेको अवस्था छ । यस नगरपालिकामा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका देखिन्छन् । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ । यस आवधिक योजनाले **दिगो विकासका लक्ष्य ५ तथा "लैङ्गिक समानता" को उद्देश्यमा** योगदान गर्नेछ । यस नगरपालिकाले लैगिक हिंसा र छुवाछुत सम्बन्धी १६ दिने सचेतना कार्यक्रम गर्ने गरेको छ । यहाँ ४ वटा बाल उद्यान र ८ वटा बाल गृह रहेका छन् । यसै गरी ३ वटा ज्येष्ठ नागरिक सत्सङ्ग केन्द्र र बैंक मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक १०० प्रतिशत रहेका छन् । यस नगरपालिकामा अपाङ्गता संख्या ६३५ जना र अपाङ्ग सम्बन्धी हेल्प डेक्सको व्यवस्था छ ।

### ५.३.२ समस्या र चुनौती

यस नगरपालिकामा लैंगिक विभेद तथा अन्य सामाजिक असमानताका संकेतहरू पनि देखिन्छन् । जसको कारण समान अवसर र पारिश्रमिकबाट पनि निश्चित बर्ग समुदाय बञ्चित भएको अवस्था हुन सक्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्ने छ । घरेलु बालश्रम तथा घरेलु हिंसाका घटना निर्मुल पार्ने चुनौती समेत देखिन्छ । सार्वजनिक सेवा प्रदायक संस्थाहरूलाई थप अपाङ्गमैत्री बनाउनु । हिंसा पिडितका लागि सुरक्षित आवास गृह र बाल हेल्पलाईनको व्यवस्था गर्नु । सबै प्रकारका बालबालिकाहरूको विद्यालयमा समान पहुँच नहुनु, शिशु स्याहार केन्द्रको पर्याप्त व्यवस्थापन नहुनु, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा सहज पहुँच नहुनु, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र नहुनु जस्ता समस्याका साथै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित र सिमान्तकृतहरूको अधिकारहरूको सुनिश्चितता गर्न चुनौती रहेको छ ।

### ५.३.३ सम्भावना तथा अवसरहरू

महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता र यौनिक लैंगिक अल्पसंख्यकहरूका लागि श्रोत साधनमा पहुँच अभिवृदि गर्न सचेतना मूलक कार्यक्रम, क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्ने पर्याप्त

सम्भावना छ । अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण/सम्मान कार्यक्रम, सिपमूलक तालिम संचालन, कानूनी सचेतना कार्यक्रम संचालनमा धेरै संस्थाहरूको संलग्नताको सम्भावना रहेको छ । ज्येष्ठ नागरिकहरूको प्रत्येक वडामा समिति गठन तथा नगर सञ्जाल निर्माण गरि ज्येष्ठ नागरिकहरूको हकहितको संरक्षण गर्ने अवसर छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ यस नगरपालिकाले समतामूलक, समृद्ध पालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ । बालमैत्री स्थानीय शासन नीतिगत, प्रक्रियागत कार्य अवलम्वन घोषणाका लागि सामूहिक प्रतिबद्धता समेत गर्न सकिन्छ । संविधानले मौलिक हकमा अधिकांश क्षेत्रलाई समेटनु, तीन तहको सरकारको प्राथमिकतामा पर्नु, गैर सरकारी संस्थाहरूले यस विषयलाई विशेष महत्व दिनु, समाजमा चेतनाको विस्तार हुदै जानु यस क्षेत्रमा देखिएका समस्या समाधानका लागि उपलब्ध अवसर हुन् ।

### ५.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

सोच

लैङ्गिक, सामाजिक तथा लक्षितवर्ग विभेदको अन्त्य एवम् समग्र अधिकार संरक्षणको सुनिश्चितता ।

लक्ष्य

न्यायोचित तथा समतामूलक विकासको माध्यमबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा सिमान्तकृत वर्गलाई मूल प्रवाहमा ल्याउने ।

उद्देश्य

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिबृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्नु ।
२. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउनु ।
३. कुसंस्कार विरुद्ध सामाजिक दृष्टिकोण परिर्वतन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्नु ।
४. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली एवं तथ्यांकमा समेत महिला एवं लक्षितवर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका २९: महिला, बालबालिका तथा लक्षित वर्गका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| महिलाको हकहितको संरक्षण र लैङ्गिक समानता कायम गर्ने । | १. महिला उद्यमी साक्षरता कार्यक्रम संचालन गरिनेछ।<br>२. किशोरीहरूलाई आत्मविश्वास तथा मनोवल अभिबृदि गर्न आत्मरक्षा सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको तथ्यांक एकिन गरी हक हितको संरक्षण गरी आयआर्जनमा जोड दिइनेछ।<br>४. महिला उद्यमीलाई प्रोत्साहन हुने गरी विभिन्न किसिमका प्रदर्शनी, मेला आयोजना गरी उत्पादित साम्राग्रीहरूको बजारीकरणलाई प्रबर्द्धन गर्ने कार्यक्रमहरू संचालन गरिनेछ।<br>५. लैङ्गिक तथा घरेलू हिंसा रहित समाज निर्माणका लागि जोड दिइनेछ।<br>६. महिलाहरूका लागि सीप विकास कार्यक्रम मार्फत आयआर्जनमा जोड दिइनेछ।<br>७. कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ।<br>८. महिलाहरूको क्षमता विकास, नेतृत्व विकास गरी महिला सशक्तिकरण गरिनेछ । |
| लक्षितवर्गको हक हित र अधिकारको प्रबर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्ने । | १. महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता र यौनिक लैंगिक अल्पसंख्यकहरूका लागि श्रोत साधनमा पहुँच अभिवृदि गर्न सचेतना मूलक कार्यक्रम, क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिनेछ।<br>२. महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आत्मनिर्भर बनाउनका लागी सिप विकास, क्षमता विकास, नेतृत्व विकास, कानूनी सचेतना लगायतका कार्यक्रमहरू संचालन गरिनेछ।<br>३. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिनेछ।<br>४. बालमैत्री स्थानीय शासन नीतिगत प्रक्रियागत कार्य अवलम्बन घोषणाका लागि सामूहिक प्रतिबद्धता सहित अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।<br>५. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई आर्थिक र सामाजिक रूपमा सशक्तिकरण गरिनेछ।<br>६. ज्येष्ठ नागरिकलाई सम्मान तथा नेपाल सरकारले दिएका सुविधाको बारेमा पकेट डायरी वितरण गरिनेछ ।<br>७. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक मिलन चौतारी लगातको स्थापना गरिनेछ ।<br>८. ज्येष्ठ नागरिक तिर्थाटन तथा अन्य भ्रमण कार्यक्रमहरू संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ९. ज्येष्ठ नागरिकहरूमा देखिने स्वास्थ्य समस्याका बारेमा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१०. ज्येष्ठ नागरिकका लागि सम्मानपूर्वक परिवारसँग बस्नका लागि अभिभावकलाई सचेतना कार्यक्रम गरिनेछ ।<br>११. ज्येष्ठ नागरिकलाई निःशुल्क औषधी वितरण गरिनेछ ।<br>१२. ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिनेछ ।<br>१३. ज्येष्ठ नागरिकहरूको प्रत्येक वडामा समिति गठन तथा नगर सञ्जाल निर्माण गरि ज्येष्ठ नागरिकहरूको हक हितको संरक्षण गरिनेछ । |
| अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सशक्तिकरण मार्फत जीवनयापनमा सहजता र आत्मसम्मान प्रबर्द्धन गर्ने । | १. अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यहरूका लागि सिप विकास मार्फत आय आर्जनमा जोड दिइनेछ ।<br>२. अपाङ्गता परिचय पत्र वितरण गरिनेछ ।<br>३. अपाङ्ता सहायता सामाग्री वितरण तथा सम्मान कार्यक्रम गरिनेछ ।<br>४. विभिन्न किसिमका अपाङ्ता भएका व्यक्तिहरूका लागि फिजियोथेरापी सुविधा उपलब्ध गराईनेछ ।<br>५. विभिन्न सेवा प्रदायक संस्थाहरू अपाङतामैत्री बनाइनेछ ।<br>६. अपाङ्गता भएका वालवालिका लागि विद्यालयमा पहुँचको व्यवस्था गरिनेछ । |
| दलित र सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा ल्याउने | १. छुवाछुत, कुसंस्कार विरुद्ध सचेतना अभिबृद्धि गरिनेछ ।<br>२. आर्थिक र सामाजिक रूपमा पछाडी परेका दलित समूदाय, महिलाहरूलाई प्राथमिकता दिई स्वरोजगार तथा जीविकोपार्जनका कार्यक्रमहरू सिर्जना गरिनेछ। |
| यौनिक लैङ्गिक अल्प संख्यक, सिमान्तकृत वर्गको सम्मानपूर्वक सामाजिक न्याय र आत्मसम्मान सहित आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने । | १. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको तथ्यांक एकिन गरी हक हितको संरक्षण गरी आयआर्जनमा जोड दिइनेछ।<br>२. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई आर्थिक र सामाजिक रूपमा सशक्तिकरण गरिनेछ।<br>३. सीप विकास कार्यक्रम मार्फत उद्यमशीलतामा अभिबृद्धि गरी स्वलम्बन तथा आत्मनिर्भर बनाइनेछ। |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका ३०: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| महिला उद्यमी साक्षरता कार्यक्रम संचालन | सङ्ख्या | ३ | २० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| लै.स.सा.स परीक्षण | सङ्ख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| अपाङ्ता भएका व्यक्तिहरुका लागि फिजियोथेरापी सुविधा उपलब्ध | सङ्ख्या | ० | ५ | १००० | १२०० | १५०० | १८०० | २००० | **७५००** | |
| अपाङ्ता भएका व्यक्तिहरुका लागि पुनः स्थापना कार्यक्रम | सङ्ख्या | | | १००० | १२०० | १५०० | २००० | २२०० | **७९००** | |
| शिशु स्याहार केन्द्रको व्यवस्थापन | सङ्ख्या | ० | १० | ३००० | ४००० | ५००० | ६०० | ७०० | **१३३००** | |
| बाल अधिकार अभिमुखिरण तथा बाल संरक्षण | सङ्ख्या | २ | १० | २००० | २२०० | २५०० | २७०० | ३००० | **१२४००** | |
| बालक्लब तथा बाल सञ्जाल गठन तथा परिचालन | एकमुस्ट | | १० | २००० | २००० | २००० | २००० | २००० | **१००००** | |
| ज्येष्ठनागरिक दिवा सेवा केन्द्र निर्माण तथा सञ्चालन | सङ्ख्या | | १० | ४५०० | ५००० | ५४५ | ५९९ | ६५९ | **११३०३** | |
| ज्येष्ठ नागरिकलाई सम्मान तथा पकेट डायरी | सङ्ख्या | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| ज्येष्ठ नागरिकका लागी सम्मानपूर्वक परिवारसँग बस्नका लागि अभिभावकलाई सचेतना कार्यक्रम | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| ज्येष्ठ नागरिक निःशुल्क औषधी तथा स्वाथ्य शिविर संचालन | सङ्ख्या | | ५० | २५०० | २७०० | ३००० | ३३०० | ३५०० | **१५०००** | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुसंस्कार र सामाजिक बिकृति विरुद्ध सचेतना अभिवृद्धि | | | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | |
| आर्थिक र सामाजिक रूपमा पछाडी परेका दलित समुदाय, महिलाहरुलाई प्राथमिकता दिई स्वरोजगार तथा जीविकोपार्जन अभिबृद्धि | एकमुस्ट | | ५० | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | **३००००** | |
| **महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रमको जम्मा बजेट** | | | | **२४७००** | **२७५००** | **२५७४५** | **२३१९९** | **२४७५९** | **१२५९०३** | |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३१: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| महिला/घरेलु हिंसा | प्रतिशत् | ० | ० | ० | ० | ० | ० | ० | | |
| बालश्रम | प्रतिशत् | ० | ० | ० | ० | ० | ० | ० | | |
| अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | १ | नयाँ बन्ने सबैमा | | | | | | | |
| बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| कुल सहभागीहरूमा महिलाको प्रतिशत् | प्रतिशत् | ६५ | ० | ० | ० | ० | ० | ० | | |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | २०० | २२५ | २५० | २७५ | ३०० | ३५० | ३५० | | |
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम (१६ दिने) | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| GESI परिक्षण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| बाल उद्यान | सङ्ख्या | ४ | ४ | ६ | ८ | १० | १० | १० | | |
| सुरक्षित बाल गृह | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| जेष्ठ नागरिक सम्मान | सङ्ख्या | १८५ | १८५ | १८५ | १८५ | १८५ | १८५ | १८५ | | |
| जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ३ | ३ | ४ | ५ | ५ | ५ | ५ | | |
| अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

## ५.४ खानेपानी तथा सरसफाई

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले पनि खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्याख्या गरेको छ । स्वस्थ नागरिक उत्पादनमा योगदान पुर्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी हाल सञ्चालन भइरहेका खानेपानीको स्रोत रहेका मुहानहरूको आवश्यक मर्मत सम्भार सरसफाई गर्दै थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । सरसफाई तथा स्वच्छ पानी मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्त्वहरू भएको र **दिगो विकास लक्ष्यको लक्ष्य नं ६ ले खानेपानी तथा सरसफाईलाई** सुनिश्चितता गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा रहेका कुल घरपरिवारमध्ये ६२.९ प्रतिशत घरपरिवारको घरभित्र खानेपानीको धारा भएको, १४.४ प्रतिशत घरपरिवारको घरबाहिर खानेपानीको धारा भएको र १५.५ प्रतिशत घरपरिवारले जार बोतलको पानी प्रयोग गरेको देखिन्छ। जसमध्ये ७.१८ प्रतिशत घरपरिवारले अझैपनि ट्युवेल/धारा/इनार/कुवा आदि श्रोतको पानी प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिकामा अधिकांश घरपरिवारमा खानेपानीको सुविधा पुगेको देखिन्छ । यसै सन्दर्भमा नगरपालिकामा एक घर एक धाराको नीति अनुरुप धारा वितरण गर्ने कार्य निकट भविष्यमा नै सम्पन्न हुने अवस्थामा रहेको छ । यो नगरपालिका खुला दिशामुक्त घोषणा भइसकेको छ र सबै घरपरिवारमा चर्पीको सुविधा भएको देखिन्छ । यस नगरपालिकाभित्र नाजार्जुन फोहरमैला सङ्कलन केन्द्रले फोहरमैला सङ्कलनको कार्य गर्दै आएको छ । यहाँ ढल सहितको फ्लस भएको शौचालय भएको परिवार ६९.७ प्रतिशत, सेफ्टी ट्याङ्की सहितको फ्लस भएको शौचालय भएको परिवार २२.७ प्रतिशत, सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार ०.३ प्रतिशत र शौचालय नभएको परिवार ०.०५ प्रतिशत रहेका छन्।

### ५.४.२ समस्या र चुनौती

यस नगरपालिकामा कतिपय स्थानमा खानेपानीको असुविधा रहेको छ । सहरी विकास सम्बन्धी नीति, योजना, मापदण्ड तथा आधारभूत शहरी पूर्वाधार बिना नै सहरीकरण र तीव्र जनसङ्ख्या बृद्धिका कारण वर्षौंदेखि खानेपानीको चरम समस्या भइरहेको छ । काठमाडौं उपत्यकामा खानेपानीको ठूलो समस्या रहेको छ । नागार्जुन नगरपालिकाका परम्परागत पोखरी र जलाधार क्षेत्र प्रदुषित बनेको पाउन सकिन्छ । शिवपुरी राष्ट्रिय निकुन्जसँग सीमाना जोडिएका वडाहरूमा निकुन्जमा रहेका पानीका श्रोतहरूलाई व्यवस्थापन गरी नियमित पानी वितरण कार्य गर्न केही कठिनाई भएको छ । खानेपानीको वितरण एकद्वार प्रणालीबाट नहुँदा पानीको असमान वितरण हुन गई समस्या सृजना हुने गरेको छ । खानेपानी वितरणको अधिकार नगरपालिकाको भएकोले उपभोक्ता मार्फत वितरण गरिँदै आएको खानेपानीलाई नगरपालिकाले वितरण गर्न चुनौती देखिन्छ । अव्यवस्थित रुपमा बढ्दै गएको वस्ती पुराना टोलहरू र नयाँ वस्तीसम्म पुग्ने गरी खानेपानीको विस्तार हुन सकेको छैन । वस्ती विस्तारसँगै पानीका मुहान सुक्दै गएको, ढुङ्गे धाराहरूको संरक्षण नहुनु, खानेपानी तथा सरसफाईको लागि प्रर्याप्त बजेट विनियोजन नहुनु जस्ता समस्याहरू

रहेका छन् । डिप बोरिङका कारण भूमिगत पानी सुक्न थालेको र जमीन तल भासिंदै गएको छ । यसले भविष्यमा ठुलो समस्या ल्याउन सक्छ । घरघरबाट निष्कने फोहोरहरू, जंक फुडका प्लाष्टिकहरू, बोतलहरू नगरवासी तथा बटुवाहरूले सम्वन्धित स्थानमा नराखी यत्रतत्र फालिदिने समस्या व्यापक रुपमा बढिरहेको छ । फोहरमैला व्यवस्थापन गर्ने जिम्मा लिएको संस्था तारकेश्वर फोहरमैला सङ्कलन केन्द्रले नियमित समयमा फोहर व्यवस्थापनको काम नगर्दा कतिपय स्थानहरू समय समयमा दुर्गन्धित समेत भइरहेका छन् । सञ्चालनमा रहेका खानेपानीका बोरिङबाट नियमित पनी वितरण नहुनु र फोहरमैला सङ्कलन गर्ने संस्थाले लामो समयसम्म फोहरमैला सङ्कलन नगर्ने जस्ता समस्या खानेपानी तथा फोहोरमैला व्यवस्थापनका प्रमुख समस्या हुन् । तीव्र शहरीकरणको सघनतामा बृद्धि भएकोले यस नगरपालिकामा फोहोरमैला बढी मात्रामा निष्कासन हुने गरेको र फोहोरमैला व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसरहरू

नगरपालिकासँग सीमा जोडिएको शिवपुरी राष्ट्रिय निकुन्जमा खानेपानीको राम्रो श्रोत रहेको र उक्त श्रोतको पानी सङ्कलन तथा व्यवस्थापन गरी सहज रुपमा वितरण गर्न सकिने अवसर रहेको छ। भूमिगत पानीको लागि विभिन्न स्थानहरूमा डीप बोरीङ पानी वितरण भै रहेको छ । सतही वा भुमिगत पानी र पाइपलाइनको अवस्थाका साथै सरसफाईको WASH Plan तयार गर्न सकिन्छ । सबै नगरवासीहरूमा शत् प्रतिशत् गुणस्तरीय शुद्ध पानी पुर्याउने निति बनाई अगाडी बढ्न सकिन्छ । खानेपानी तथा सरसफाई उपभेक्ता समितिलाई वर्षमा अनिवार्य रुपमा ३ पटक पानी परिक्षण गर्न लगाई गुणस्तर र शुद्धता कायम राख्न सकिन्छ । नगर भित्र रहेका पुराना कुवा, धारा, सतही मुलहरूको संरक्षण र व्यवस्थित गर्दै वृक्षारोपण, पानी रिचार्ज गर्ने विधि तथा वर्षातको पानी संकलन तथा व्यवस्थापन कार्यक्रमलाई अगाडी बढाउँदै लान सकिन्छ । सरसफाई कार्यमा नागार्जुन फोहरमैला सङ्कलन केन्द्रले फोहरमैला सङ्कलनको कार्य गरिरहेको छ । फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरबाट जैविक मल उत्पादन गरी फोहोरबाट मोहोर आम्दानी गर्न सकिन्छ साथै फोहोरमैलाबाट वायोग्यास प्लान्ट पनि निकाल्न सकिन्छ । ओखरपौवा सिसडोल ल्याण्डफिल साइट समेत यसै नगरपालिकाको ३ सँग सीमाना जोडिएको कारण सहज रुपमा फोहरमैला विसर्जन गर्न सकिएको र सो ल्याण्डफिल साइटसँग सीमाना जोडिएको कारण महानगरपालिकाबाट समेत केही सहयोग प्राप्त हुनु सरसफाई क्षेत्रको अवसरको रुपमा रहेको छ । नगरपालिकाले शुद्ध पिउने पानीको व्यवस्था गर्न एक घर एक धाराको नीति अवलम्बन गरेको अवस्था छ । खानेपानीको आपूर्ति सहज बनाउन आवश्यक सम्भाव्यता अध्ययन गरी अघि बढ्न नगरपालिका दृढ रहेको छ ।

### ५.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

सोच

सबैलाई पर्याप्त स्वच्छ पानीको उपलब्धता र सरसफाईको वैज्ञानिक व्यवस्थापनको सुनिश्चितता ।

लक्ष्य

एक घर एक धाराको शुद्ध खानेपानीको नीति अवलम्वन गरी सबै नगरवासीहरूमा गुणस्तरीय पानीको पहुँच पुर्याउने र शुद्ध खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापन गर्ने ।

उद्देश्य

१. सबै घर तथा सार्वजनिक स्थलमा शुद्ध खानेपानीको पर्याप्त आपूर्ति गर्नु ।

२. नगरपालिकामा पूर्ण सरसफाई कायम राख्नु ।

रणनीति र कार्यनीति

**तालिका ३२: खानेपानी तथा सरसफाईका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीय खानेपानी सेवा प्रवाहमा विस्तार गर्न जलाधार संरक्षण तथा खानेपानीको आपूर्ति सहज बनाइने । | १. खानेपानीका संरचनाहरूको स्तरोन्नति गर्दै डिप बोरिङ्गबाट निकालिएको पानीलाई निर्मलीकरण एवं प्रशोधन गरेर वितरण गरिनेछ ।<br>२. खानेपानी तथा सरसफाई स्वच्छता गुरुयोजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।<br>३. “एक घर एक धारा” कार्यक्रम लागू गरिनेछ ।<br>४. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>५. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ ।<br>६. आधारभूत खानेपानीको पहुँच बृद्धिको लागि ठाउँठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>७. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>८. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>९. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>१०. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ । |
| घरेलु फोहोरमैला व्यवस्थापन र हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गरिने । | १. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. नकुहिने फोहोरमैला व्यवस्थापनका लागि नियमित संकलन कार्य नगरपालिकाबाट गरिनेछ।<br>३. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गीकरण गर्न, कम्पोस्ट मल बनाउन र पुनः प्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. फोहरबाट मोहोर उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरी यस नगरपालिकाको फोहोरलाई यसै नगरपालिकामा विसर्जन गर्ने सम्भाव्यता अध्ययन गरिनेछ । |
| सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गरिने । | १. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ।<br>२. सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय सञ्चार माध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सार्वजनिक स्थलमा फोहर फाल्नेलाई जरीवाना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. सरसफाइको लागि डस्टविनको व्यवस्था गरी कुहिने फोहोर र नकुहिने फोहोर सङ्कलन केन्द्रहरू बनाइनेछ । |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका ३३: खानेपानी तथा सरसफाईका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| नासिढोका, ठुलोखोला, इचङ्गुनारायण, घट्टेखोला आदि मुहानहरुलाई संरक्षण, संवर्धन तथा खानेपानी आयोजना | पटक | | १० | २५००० | २५००० | २५००० | २५००० | २५००० | **१२५०००** | |
| मुलको पानी शुद्धीकरणको लागि मुलको सरसफाइ, ट्याङ्किमा क्लोरिन राख्ने विधिको विकास | सङ्ख्या | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| वर्षातको पानी संकलन तथा व्यवस्थापन कार्यक्रम | एकमुस्ट | | | २००० | १५०० | १००० | १००० | १००० | **६५००** | |
| कुहिने र नकुहिने फोहरको वर्गीकरणका लागि घरघरमा डस्टविन वितरण | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| सार्वजनिक सवारी साधनमा डस्टविन राख्ने | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| कुहिने फोहरलाइ कम्पोष्ट मल बनाउन कम्पोष्टविन वितरण | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | **१००००** | |

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| नदीहरुमा सिधै ढल मिसाउने कार्यलाइ उपयुक्त प्रविधि अपनाइ रोक्ने योजना निर्माण | एकमुस्ट | | १ | १५०० | ३०००० | ३०००० | ३०००० | ३०००० | १२१५०० | |
| सबै वडाहरुमा अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | एकमुस्ट | | १० | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | २४००० | |
| **खानेपानी तथा सरसफाईका कार्यक्रमको जम्मा बजेट** | | | | ३८००० | ६६५०० | ६६५०० | ६७००० | ६१५०० | २९९५०० | |

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३४: खानेपानी तथा सरसफाईका कार्यक्रम तथा आयोजनाको नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत् | ९९ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत् | ९२.८ | ९३ | ९५ | ९८ | १०० | १०० | १०० | | |
| शौचालय भएका घरपरिवार | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत् | ७८.४ | ८० | ८५ | ९० | १०० | १०० | १०० | | |
| सेप्टिटयांकी सहितको शौचालय भएको परिवार | प्रतिशत् | २२.७ | २२ | २१ | २० | १९ | १८ | १८ | | |
| सार्वजनिक शौचालय | सङ्ख्या | | | | | | | | | |

# परिच्छेद ६: पूर्वाधार विकास क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

पूर्वाधारको क्षेत्रहरूमा मूलतः सडक तथा यातायात, परम्परागत गोरेटो बाटो, पर्यटकीय पद मार्ग, पक्की तथा झोलुङ्गे पुल, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता विषयहरू समावेश गरिएका छन् । बढ्दो बसाइसराई तथा शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक, सुरक्षित र दिगो शहर एवं एकीकृत वस्ती विकास गर्नु वाञ्छनीय देखिएको छ । नगरपालिकाको चौतर्फी विकासको लागि पूर्वाधार विकास अन्य विषयगत क्षेत्रसँग पनि अन्तर सम्बन्धित हुन्छ । यस आवधिक योजनाले **दिगो विकासका लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना) को** उद्देश्यमा योगदान गर्नेछ । नागार्जुन नगरपालिकामा नया बन्ने ९९ प्रतिशत भवनहरु भूकम्प प्रतिरोधी रहेको छ । व्यवस्थित सहरीकरण सहितको वस्ती वडा नं १ मा रहेको छ । प्रशासनिक भवन १ वटा, वडा कार्यालय चारवटा निर्माण र सामुदायिक भवन १२० वटा रहेका छन् । भवन तथा आवास निर्माणका लागि वातावरण प्रभाव अध्ययन गरिएको छ । नगरपालिकामा आठवटा आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भएर कार्यान्वयनको चरणमा रहेको छ ।

### ६.१.२ समस्या र चुनौती

पूर्वाधार विकासका लागि ठूलो स्रोतको आवश्यकता पर्दछ । शहरीकरणको तिव्रतासँगै जनस्तरबाट सडक निर्माण तथा स्तरोन्नतिको लागि अत्याधिक माग आउने र आवश्यकता अनुसार बजेट विनियोजन गर्न नसक्दा गुणस्तरको सडक निर्माण गर्न कठिनाई हुने गरेको छ । वातावरणीय पक्षलाई ध्यानमा राखी सडक निर्माण गर्दा त्यसबाट उत्पन्न हुने पहिरो तथा भूक्षयले पार्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । यस नगरपालिकाको दीर्घकालीन योजना नभएकोले सानासाना योजनामा बजेट खर्च हुँदा सडक क्षेत्रमा अपेक्षित रुपमा उपलब्धि हासिल हुन नसक्नु पनि यहाँको समस्याको रुपमा रहेको छ । नगरपालिका क्षेत्रमा व्यवस्थित वस्ती विकास गर्न आवश्यक छ र वस्ती विस्तारसँगै सार्वजनिक क्षेत्रहरू अतिक्रमित हुँदै गएका मौलिक संस्कृति र वास्तुकला लोप हुँदै जाने अवस्थामा पुगेका छन् । भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन सकेको छैन । सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ती एकीकृत वस्ती विकास सम्बन्धी ठोस नीति नरहेको पाईन्छ ।

### ६.१.३ अवसर र सम्भावना

यस नगरपालिकामा अधिकांश घरहरू पक्की अवस्थामा रहनुले यहाँ प्राय घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले केही सुरक्षित अवस्थामा रहेको देखिन्छ । नयाँ निर्माण हुने घर तथा भवनहरूका लागि

स्वीकृति दिंदा भूकम्प प्रतिरोधी निर्माण गर्न अनिवार्य गरिएकोले भुकम्पीय जोखिम कम हुने अपेक्षा गरिएको छ । पुरातात्विक महत्व भएका भवनहरूलाई पुनर्निर्माण गर्दा पुरानो कला, संस्कृति तथा सौन्दर्यलाई नाश हुन नदिई निर्माण अनुमति दिनु ले पुरातात्विक महत्व झल्किरहन र मौलिकता रहिरहन दिनुपर्ने आवश्यकता छ ।

नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत नगर क्षेत्रका केही स्थानहरूमा जग्गा एकिकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् र नयाँ क्षेत्रमा वस्ती एकिकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ । पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा बृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ । नगरक्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसरहरू छन् ।

### ६.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

विकास र समृद्धिको आधार, सन्तुलित शहरी प्रणाली र गुणस्तरीय भौतिक पूर्वाधार ।

<u>लक्ष्य</u>

सुरक्षित सुलभ र वातावरणमैत्री एकीकृत आवास तथा वस्ती विकास गर्ने ।

<u>उद्देश्य</u>

१) आधारभूत सहरी पूर्वाधारहरूको अवस्थामा सुधार गर्नु ।
२) योजनावद्ध र दिगो विकास गरी बस्न योग्य शहर निर्माण निर्माण गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका ३५:** बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| | १. सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्गमैत्री बनाइनेछ । |

| | |
|---|---|
| बहुउपयोगी तथा बहुउद्देश्यीय एकीकृत सेवा प्रदायक भवन निर्माण गर्ने । | २. वागमती प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी शहरी विकास आयोजना लागु गर्ने गरी सरकारी नीति अनुरुप शहरी विकास आयोजना सञ्चालन गरिनेछ ।<br>३. सरकारी भवनहरूमा एकरूपता ल्याउन सकेसम्म एकै स्थानमा र एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी जनसेवा प्रदान गरिनेछ ।<br>४. अपाङ्गता भएका व्यक्ति लगायत ज्येष्ठ नागरिकका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ । |
| शहरहरूको एकीकृत विकास गर्ने । | १. भू-उपयोग नीती तथा वस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप वस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कार्यान्वयन गरिनेछ ।<br>३. काठमाडौं उपत्यका विकास प्राधिकरणसँग आवासीय क्षेत्रमा सुव्यवस्थित शहरीकरणका लागि सहकार्य र समन्वयमा क्षेत्रगत रुपमा सम्बन्धीत स्थानको भूगोललाई अध्ययन गरी जग्गाको एकीकृत विकास (Integrated Development) कार्यलाई अघि बढाइनेछ । |
| जोखिममा परेका तथा छरिएर रहेका बस्तीहरूलाई एकीकृत वस्तीको निर्माण गरी स्थानान्तरण गर्ने । | १. छरिएर रहेका र भौगोलिक हिसाबले बिकट तथा विपद्को जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत वस्ती निर्माण गरिनेछ ।<br>२. भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप वस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>३. नगरपालिकासँगको समन्वय तथा सहकार्य गरी जग्गा प्लटिङ्ग गरिनेछ ।<br>४. विपद्को जोखिममा परेका र पर्न सक्ने घर तथा वस्तीहरू पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>५. नयाँ शहरको अवधारणा अनुसार खाली जग्गामा एकीकृत वस्ती विकास गरिनेछ। |

**कार्यक्रम तथा आयोजनाहरू**

**तालिका ३६: वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| व्यवस्थित वस्ती विकास, बडा नं ३, ६, ७ र ८ मा पनि सम्भावना अध्ययन | सङ्ख्या | ० | १ | १००० | १००० | १००० | ० | ० | ३००० | |
| गरीब परिवारको लागि आवास र आधारभूत पूर्वाधार र अन्य सेवा सुविधाको व्यवस्था | पटक | १ | ३ | ० | २००० | २००० | ० | ० | ४००० | |
| वस्ती विकास, जग्गा एकीकरण, निर्देशित जग्गा विकास कार्यक्रमहरू सञ्चालन | एकमुस्ट | | २ | ० | १०००० | ० | १०००० | ० | २०००० | |
| वडा कार्यालय भवन निर्माण | सङ्ख्या | ५ | ५ | २०००० | २१००० | २२००० | २५००० | ३०००० | ११८००० | |
| बहुउद्देशिय सामुदायिक भवन निर्माण तथा स्तरोन्नती | एकमुस्ट | | | १०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २१०००० | |
| नगरपालिकाको वडा नं १ देखि १० सम्मका प्रत्येक वडामा वृद्ध, अपांग, वालमैत्री व्यायामशाला सहितको पार्क निर्माण । | एकमुस्ट | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | |
| नगरका सबै घरहरु नम्वरिङ (डिजिटाइजेशन) | एकमुस्ट | | १ | १००० | ५००० | ५००० | ० | ० | ११००० | |
| **वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रमको जम्मा बजेट** | | | | ४२००० | ९९००० | ९०००० | ९५००० | ९०००० | ४१६००० | |

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३७: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| भूकम्प प्रतिरोधी भवन (२०७२ को भूकम्प पस्चात) | प्रतिशत् | ९९ | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |
| व्यवस्थित सहरीकरण सहितको वस्ती (वडा नं १ मा) | सङ्ख्या | १ | ३ | ३ | ४ | ४ | ४ | ४ | | |
| पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत् | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रशासकीय भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| वडा कार्यलय भवन | सङ्ख्या | ५ | ७ | ९ | १० | १० | १० | १० | | |
| सामुदायिक भवन | सङ्ख्या | १२० | | | | | | १२० | | |
| भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | १ | २ | - | १ | - | १ | ५ | | |
| भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | ८ | ३ | ३ | २ | १ | १ | १८ | | |
| भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | १३ | २ | १ | १ | १ | १ | १९ | | |
| भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ४ | १ | १ | २ | २ | १ | ११ | | |
| विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | | १ | १ | | | २ | | |

# ६.२ सडक, पुल तथा यातायात

## ६.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्त्वपूर्ण सूचक मानिन्छ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिबृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । यस क्षेत्रले **दिगो विकासका लक्ष्य–११ (शहरहरू र समुदायहरूको दिगोपना)** को उद्देश्यमा योगदान गर्नेछ । यस नगरपालिकाको पुर्वमा काठमाडौं महानगरपालिकाको वडा नं १३, १४, १५ र १६, पश्चिममा धादिङ्ग जिल्ला, उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी नगरपालिका रहेका छन् । यस नगरपालिकाको सबै वडा कार्यालयहरू पक्की सडक सञ्जालमा जोडिई सकेका छन् । यस नगरपालिकामा ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार ९५ प्रतिशत् रहेको र सर्वयाम सडक २३८ कि.मि रहेको छ । नगरपालिका केन्द्रबाट सबै वडा कार्यालयसम्म पक्की सडकले छोएको छ । कालोपत्रे सडकको लम्बाई १०० कि.मी. रहेको छ । व्यवस्थित नाला सहितको सडकको लम्बाई १०० कि.मी. छ । पुल तथा कल्भर्टको सङ्ख्या ११ वटा रहेको छ । आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी सङ्ख्या ५४.८३ प्रतिशत प्रतिशत् छ । आफ्नै निजी सवारी साधनमध्ये कार जीप भ्यान भएको घरधुरी सङ्ख्या ११.५१ प्रतिशत रहेको छ ।

## ६.२.२ समस्या र चुनौती

योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गर्न ठूलो आकारको बजेटको आवश्यकता पुरा गर्न कठिन छ । सडकहरूमा खानेपानी, ढल तथा नाली, भूमिगत तार व्यवस्थापन गर्नुपर्ने हुँदा बारम्बार सडक भत्काइरहनु पर्ने समस्या छ । सडकका घुम्तीहरू मापदण्ड भन्दा साँघुरा हुँदा सवारी आवागमनमा समस्या भइरहेको छ भने सडक निर्माण गर्दा प्रयोग हुने निर्माण सामग्रीहरू र निर्माण प्रकृयाको गुणस्तरीयता कायम गर्न समस्या देखिन्छ । नगरपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवाको असुविधा भएकाले नगरवासीलाई कठिनाई रहेको छ । सडक बाटो यातायातका लागि मापदण्ड अनुसार चौडा गर्न कानुनी बाधा अड्चन र स्थानीय अवरोध आउने तथा अदालतबाट निषेधाज्ञा (Stay Order) चर्को मुआब्जाको माग र ढल व्यवस्थापन चुनौतीको रुपमा रहेका छन् । सतही खाने पानीको स्रोतको अभाव र अस्थायी श्रोत डिप बोरिङमा भर पर्नु पर्ने अवस्था र त्यसको व्यवस्थापनमा जटिलता देखिएको छ । केहि वडाहरूको भौगोलिक बनौट कठिन छ र जनसहभागिता जुटाउन प्राय असम्भव जस्तै देखिएको छ । बजेट अभावको कारणले पनि विकास निर्माणको कार्य सहज ढङ्गले हुन सकिरहेको छैन ।

### ६.२.३ अवसर र सम्भावना

नगरपालिकाको प्रत्येक वडालाई सडक सञ्जालले जोडेको छ, सडक सञ्जाल मार्फ कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको छ । नगरका मुख्य सडकहरू लगायत अन्तर वडा, अन्तर नगर स्तरमा सडक सञ्जाल निर्माणलाई प्राथमिकतामा लगिने अवसर रहेको छ । दसै वटा वडालाई समेट्न गरी सवारी यातायात रूट/(चक्रपथ)/नगरबस सञ्चालन गर्न सकिन्छ । कोरिडोर निर्माण-मनमति खोलाको दायाँ वायाँ कोरिडर हुदै नर्सरी भञ्ज्याङ्ग वडा नं (४-९-६-७-८) कौडाभगवती वैकल्पिक बाटो निर्माण र विद्यमान सडकहरूको स्तरोन्नतीले मात्र पनि यस नगरलाई सुन्दर, शान्त रमणीय र पर्यटकीय तथा बस्न योग्य बनाउन सकिने सम्भावना रहेको छ । हाइकिङ्गको लागि पचली मार्ग तथा ह्वाइट गुम्बादेखी जामाचो सम्म केवलकार सञ्चालन गर्ने सम्भावना रहेको छ ।

### ६.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

दिगो, गुणस्तरीय र सुरक्षित सडक तथा यातायात पूर्वाधारको विकास ।

<u>लक्ष्य</u>

सडक निर्माण, मर्मत सम्भार तथा स्तरोन्नती गरी सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवा उपलब्ध गराउने ।

<u>उद्देश्य</u>

१. नगरवासीमा गुणस्तरीय सडक तथा यातायातको सहज पहुँच पुर्याउनु ।
२. नगरस्तरीय यातायात सञ्जालको विकास संरचना र व्यवस्थापनमा सुधार गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका ३८: सडक, पुल तथा यातायातका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| सडक पूर्वाधार स्तरोन्नति तथा विस्तार गरी यातायात सहज गर्ने । | १. प्राथमिकताको आधारमा प्रमुख वस्ती र बजार केन्द्र जोड्ने प्रमुख सडकहरूको स्तरोन्नति, विस्तार र कालोपत्रे वा पक्की गरिनेछ ।<br>२. साँघुरो पुलले गर्दा यातायातमा कठिनाई भएका स्थानहरूमा थप पुल निर्माण गरी यातायात सञ्चालनलाई सहज बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा आवश्यकताको आधारमा ट्राफिक बत्ती, सडक बत्ती तथा सि.सि. क्यामेरा जडान गरिनेछ ।<br>४. साँघुरो पुलले गर्दा यातायातमा कठिनाई भएका स्थानहरूमा थप पुल निर्माण गरी यातायात सञ्चालनलाई सहज बनाइनेछ ।<br>५. उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेटका लागि समन्वय गरिनेछ ।<br>६. सबै सडकहरूमा अव्यवस्थित ढल र नाली मर्मत तथा निर्माण गरी नियमित रुपमा यातायात सञ्चालनको व्यवस्था मिलाइनेछ । |
| यातायात पहुँच र गतिशीलतामा सुधार गर्ने । | १. सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गर्न यातायात सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया गरिनेछ ।<br>२. नगरपालिकाको सबै वडाहरू समेट्ने गरी नागार्जुन चक्रपथ निर्माण गर्न सङ्घ र प्रदेश सरकारसँग पहल गरिनेछ ।<br>३. आवश्यकता अनुसार ट्राफिक प्रहरीसँगको समन्वयमा सडकमा ट्राफिक संकेतहरूको व्यवस्था मिलाइनेछ ।<br>४. बस, मिनि बस, माइक्रो बस आदिजस्ता रूटमा चल्ने सवारी साधनहरूको सङ्ख्या र प्रकार आवश्यकता अनुसार तय गरिनेछ ।<br>५. निश्चित ठाँउहरूमा प्रतिक्षालयहरू निर्माण गरिनेछ । |
| सबै वस्ती तथा पर्यटकीय गन्तव्य सम्म पुग्नका लागि निश्चित मापदण्ड पुगेको दिगो सडक सञ्जालको विस्तार गर्ने । | १. भौगोलिक अवस्था अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गरि सडक निर्माण गर्दा यातायात गुरुयोजना तयार पारिनेछ ।<br>२. पर्यटकीय तथा धार्मिक क्षेत्रसम्म पुग्नका लागि भरपर्दो सडक तथा सार्वजनिक यातायात सेवा सञ्चालनमा ल्याइनेछ ।<br>३. राजकूलोलाई नपुरीकन त्यसको दायाँ र बाँया ४/४ मिटरको बाटो निर्माण गरिनेछ।<br>४. सडक निर्माण गर्दा ढल, खानेपानी, टेलिफोन तथा इन्टरनेटको विस्तार पनि सगसँगै निर्माण गरिनेछ ।<br>५. करिडोरहरूका सडकहरूको मापदण्ड निर्धारण गरी वडा भित्र आवश्यक ठाउँमा नयाँ ट्र्याक खोल्ने तथा ट्र्याक खोलिसकेका सडकको स्तरोन्नति गरिनेछ ।<br>६. मुख्य सडकहरूमा सवारी दुर्घटना नियन्त्रण गर्न ट्राफिक अनुशासन पालना गराउन जोड दिंदै मूल सडकहरूका दुवैतर्फ पैदलमार्ग निर्माण गरिनेछ । |
| दिगो वातावरणमैत्री यातायात व्यवस्थापन | १. सडकको आवश्यकताका आधारमा दायाँ-बाँया र पहिरो जाने सम्भावित स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रणालीलाई व्यवस्थित गरिनेछ । | २. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइनेछ ।<br>३. सडक तथा यातायातमा प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले हुन सक्ने असर तथा नोक्सानीलाई न्युनीकरण गरिनेछ ।<br>४. सङ्घीय तथा प्रादेशिक सरकारसँग समन्वय गरी विद्युतीय सवारी साधन सञ्चालन गर्नका लागि प्रोत्साहन गर्न निजी क्षेत्रलाई आर्थिक सहुलियत दिने र चार्जिङ स्टेशनको सम्भाव्यता अध्ययन गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका ३९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| नगरपालिकाका सबै वडालाई समट्ने गरी नगर रिङ्गरोडको अवधारणामा बाटो निर्माण एवं विस्तारको सम्भाव्यता अध्ययन | पटक | १ | ० | ० | २००० | ० | ० | ० | **२०००** | |
| पैदल यात्रीहरुको सुविधाको लागि सडक पेटीको यथोचित प्रबन्ध र सुधार | एकमुस्ट | १ | १० | २५००० | २५००० | २५००० | २५००० | २५००० | **१२५०००** | |
| नगर भित्रका मुख्य सडक नियमित मर्मत सम्भार | एकमुस्ट | | ५० | ५०००० | ५०००० | ७५००० | १००००० | १००००० | **३७५०००** | |
| सडक बत्ती तथा सिसि क्यामरा लगायतका पूर्वाधारहरु नियमित रुपमा मर्मत सम्भार | एकमुस्ट | | ५० | १०००० | १०००० | १५००० | २०००० | २०००० | **७५०००** | |
| साँघुरा सडकमा आवश्यक मात्रामा सूचना, संकेत तथा सडक बत्ती जडान | एकमुस्ट | | १० | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | |
| खोलाहरूको साइडमा कोरिडोर सडक निर्माण | एकमुस्ट | | | २०००० | ३०००० | ३५००० | ४०००० | ४५००० | **१७००००** | |
| पुल मर्मत वा थप पुल निर्माण | एकमुस्ट | | ५ | ५५००० | ५५००० | ५५००० | ५५००० | ५५००० | **२७५०००** | |
| **सडक, पुल तथा यातायातका कार्यक्रमको जम्मा बजेट** | | | | १६२५०० | १७४५०० | २०७५०० | २४२५०० | २४७५०० | १०३४५०० | |

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४०: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत् | ९५ | ९६ | ९७ | ०८ | ९९ | १०० | १०० | | |
| सर्वयाम सडक | कि.मि. | २२८ | ४ | ४ | ४ | ४ | ४ | २५८ | | |
| यातायात सुचारु सडक लम्बाइ | कि.मि. | २५८ | २ | २ | ३ | ३ | २ | २७० | | |
| नियमित मर्मत सम्भार भएको सडकको लम्बाइ | कि. मि. | २०० | १० | १० | १० | १५ | १३ | २५८ | | |
| अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ३ | | | | | | | | |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | १ | १ | १ | १ | १ | १ | ६ | | |
| बाढी नियन्त्रणका लागि ग्याभिन वाल निर्माण | कि.मी. | ५०० | २०० | २०० | २०० | २०० | २०० | १५०० | | |
| पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | | | | | | | | | |
| कच्ची सडक | कि.मी. | १ | २ | २ | २ | २ | २ | १३ | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| ग्राभेल सडक | कि.मि. | २१.४५ | २ | २ | २ | ३ | ३ | ३३.४५ | | |
| कालोपत्रे | कि.मि. | १०० | १० | १० | १० | १० | १० | १५० | | |
| ट्र्याक खोलिएको सडक | कि.मि. | ७ | २ | २ | २ | ३ | ३ | १९ | | |
| पक्की पुल /कलभर्ट | सङ्ख्या | ११ | | | | | | | | |
| झोलुङ्गे पुल | सङ्ख्या | ० | | १ | | | | १ | | |
| सडक नाली | कि.मि. | १०० | १० | १० | १० | १० | १० | १५० | | |
| सडक पेटी | कि.मि. | ६ | १ | २ | २ | २ | २ | १५ | | |

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

उर्जा सम्पन्नताको प्रतिक हो । नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास र रुपान्तरण गर्न ऊर्जाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाले **दिगो विकासका लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा) को** उद्देश्यमा योगदान गर्नेछ । यस नगरपालिकाको सबै वडाहरूमा विद्युत सेवा पुगेको छ । विद्युत सेवा सबै वडाहरूमा उपलब्ध भएता पनि शत् प्रतिशत् घरपरिवारले बिजुलीको प्रयोग गर्ने गरेको अवस्था भने छैन । कुल घरपरिवार ३१,३०१ मध्ये बत्तीको लागि विद्युत उपयोग गर्ने घरपरिवार ३१२८३ (९९.९४ प्रतिशत), सोलार प्रयोग गर्ने घरपरिवार ६(०.०२ प्रतिशत), मट्टितेल प्रयोग गर्ने घरपरिवारको सङ्ख्या ५(०.०२ प्रतिशत), वायो ग्यास प्रयोग गर्ने घरपरिवारको सङ्ख्या ०(०.०० प्रतिशत) र अन्य स्रोत प्रयोग गर्ने घरपरिवार सङ्ख्या ७(०.०२ प्रतिशत) रहेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेख गरिएको छ । थ्री फेज लाइनको विस्तार ५० प्रतिशत रहेको छ भने खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार २० प्रतिशत् रहेका छन्।

### ६.३.२ समस्या र चुनौती

उर्जाको उपयोग उज्यालोको लागि मात्र गर्ने अर्थात आर्थिक उपार्जनका लागि खासै नगर्ने अवस्था समृद्धिका लागि एक समस्या हो । उर्जाको आपुर्ति पनि गुणस्तरीय नहुँदा उद्योग व्यावसाय गर्न कठिनाई पनि भएको छ । विश्व नै स्वच्छ उर्जातर्फ उन्मुख भएको र नेपालले पनि अन्तराष्ट्रिय मञ्चमा परम्परागत उर्जाको स्थानमा स्वच्छ उर्जा उपयोग गर्ने प्रतिवद्धता व्यक्त गरेकाले त्यसको प्राप्ति तथा पालना एक प्रमुख चुनौती हो । यस नगरपालिकामा विद्युतका तारहरू भूमिगत गर्ने कार्य समेत समस्याको रुपमा रहेको पाईन्छ । यहाँ मुख्य प्रसारण लाइन बाहेक नगरपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका कतिपय पुराना पोलहरू जीर्ण अवस्थामा रहेको छ । सडकहरूमा र सार्वजनिक स्थानमा सडक बत्तीहरूको पर्याप्त प्रबन्ध नहुँदा सुरक्षाको प्रत्याभूति दिलाउन सकिएको छैन । विद्युतको उपयोग बढाउनु आय आर्जनको क्षेत्रमा विद्युतको प्रयोग गर्नु विद्युतको गुणस्तर सुधार गर्नु तथा स्वच्छ उर्जा प्रबर्द्धन गर्नु यस क्षेत्रको मुख्य चुनौती हो ।

### ६.३.३ सम्भावना तथा अवसर

वैकल्पिक उर्जा तथा नवीकरणीय उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिन्छ। वडा नं ५ छ्ग्डोल, वडा नं ६ बतासे डाँडा, वडा नं ३ सिंगल ट्रि, ७ र ८ को थाप्लेमा वायु ऊर्जाको सम्भाव्यता रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाका १०० प्रतिशत् अर्थात शतप्रतिशत् घरधुरीहरूमा विद्युत सेवा पुगेको छ । यसले गर्दा उद्योग सञ्चालन लगायत अन्य कार्य गर्नका लागि आवश्यक पर्ने विद्युतको आपूर्ति सहज भएकाले आर्थिक उन्नयनका लागि यसको प्रयोग बढाउनु आवश्यक छ । जनसमुदायमा ऊर्जाको

आवश्यकता बारे चेतना अभिबृद्धि भएको अवस्था छ । ऊर्जाको सही सदुपयोगबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

### ६.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

सोच

किफायती, विश्वासनीय, दिगो उर्जामा पहुँच सुनिश्चित गर्दै उर्जा खपतमा बृद्धि।

लक्ष्य

नगरवासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच सुनिश्चित गर्ने ।

उद्देश्य

१. गुणस्तरीय उर्जा आपुर्ति सुनिश्चित गर्नु ।
२. स्वच्छ उर्जाको उत्पादन र उपयोगमा जोड दिनु ।
३. उर्जाको उपभोग बृद्धिमा जोड दिंदै आय आर्जन र रोजगारी बृद्धिमा उर्जाको उपयोग गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ४१ः जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| विद्युत क्षमता बृद्धि गरि विद्युत् उपयोग बढाइने । | १. ऊर्जाको स्रोत पहिचान, सम्भाव्य स्थानीय जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरि डाटाबेस तयार गरिनेछ।<br>२. विद्युत प्राधिकरणसँग समन्वय गरि विद्युत प्रसारण लाइन सुधार गर्न गरिनेछ ।<br>३. विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिबृद्धि गरिनेछ ।<br>४. नगरपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका विद्युतका तारहरूलाई व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।<br>५. घरायसी प्रयोजनका लागि अधिकतम् विद्युतीय चुल्हो लगायतका उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>६. निजी क्षेत्रसँग समन्वय गरी विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न विद्युतीय चार्जर स्टेशन बनाइनेछ । |
| | १. फोहोरको प्रयोग गरी ऊर्जामा परिणत गर्ने प्रविधिको सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| वैकल्पिक ऊर्जा प्रबर्द्धन गरिने | २. वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ ।<br>३. नगरपालिका क्षेत्रभित्रका प्रमुख सडक र चोकहरूमा सौर्य सडक बत्ती जडान गरी नगरक्षेत्रलाई उज्यालो बनाइनेछ ।<br>४. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ ।<br>५. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

<u>**कार्यक्रम तथा आयोजनाहरू**</u>

तालिका ४२: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| निजी क्षेत्र समेतको लगानीमा विद्युतीय सवारी साधनको लागि चार्जिङ स्टेसनहरूको स्थापना र सञ्चालन | एकमुस्ट | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| वडा नं ५ छ्गडोल र वडा नं ६ बतासे डाँडा र वडा नं ३ सिंगल ट्रि र ७ र ८ को थाप्लेमा वायु ऊर्जाको सम्भाव्यता अध्ययन र निजी क्षेत्रलाइ प्रोत्साहन | एकमुस्ट | | २ | १५०० | ५०० | ० | ० | ० | **२०००** | |
| विद्युतीय चुलोमा अनुदान | एकमुस्ट | | ० | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | |
| Energy Efficient Building तथा Clean Energy प्रवर्धन र सचेतना | एकमुस्ट | | ० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| **जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाका कार्यक्रमको जम्मा बजेट** | | | | **६५००** | **५५००** | **५०००** | **५०००** | **५०००** | **२७०००** | |

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४३: जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जाको अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| थ्री फेज लाइनको बिस्तार | प्रतिशत् | ५० | १ | २ | २ | २ | ३ | ६० | | |
| राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत् | २० | ५ | ५ | ५ | ५ | ५ | ४५ | | |
| सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत् | १ | १ | १ | १ | १ | १ | १ | | |
| बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार सङ्ख्या | प्रतिशत् | २ | २ | २ | २ | २ | २ | २ | | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

सूचना प्रविधिमा भएको विकासले विश्वलाई पर्याप्त लाभ दिएको छ । नेपालमा पनि सूचना र सञ्चारको क्षेत्रमा भएको विकास उत्साहजनक छ । यसबाट अधिकतम लाभ लिनका लागि थप तयारी आवश्यक देखिन्छ ।नेपालको संविधानले मौलिक हकको रूपमा सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी हकलाई उल्लेख गरेको छ । यस नगरपालिकामा मोबाइल नेटवर्क कभरेज क्षेत्र ९५ प्रतिशत्, ईन्टरनेटमा पहुँच प्राप्त परिवार ७५ प्रतिशत्, अप्टिकल फाइबरको बिस्तार ६० प्रतिशत्, ईन्टरनेट उपलब्ध भएका विद्यालय संख्या १९, ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरूमा ईन्टरनेट उपलब्धता, फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू ११, ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू १२ रहेको र सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी ९९ प्रतिशत् रहेको छ ।

### ६.४.२ समस्या र चुनौती

यस नगरपालिकामा इन्टरनेट र टेलिफोनको तारहरू अव्यवस्थित हुनुका साथै यत्रतत्र छरिएर रहेका कारण सडक दुर्घटना हुनुका साथै नगरपालिका नै कुरुप बनाउँदै गइरहेको छ ।अनियमित सामाजिक सन्जालको प्रयोगसँगै यसमा बढ्दै गएको दुरुपयोग रोक्न कठिन हुदै गएको छ। नगरवासीमा सञ्चारका सबै प्रविधिसँगको पहुँच स्थापना नभएको र साइबर सुरक्षा सम्बन्धी जनचेतनाको विस्तार पर्याप्त हुन सकेको छैन । सूचना प्रविधिको उपयोग शिक्षा, स्वाथ्य तथा आर्थिक विकास तर्फ लक्षित गर्नु आजको मुख्य चुनौती हो ।

### ६.४.३ सम्भावना तथा अवसरहरू

नगरलाई विद्यमान योजना तथा नीति अनुरूप सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिने सम्भावना रहेको छ । सूचना प्रविधिको प्रयोगलाई आधुनिकीकरण गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने अवसर छ । स्थानीय सञ्चार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरपालिकालाई मिडियामैत्री बनाउन सकिन्छ । राजधानीको नगरपालिका भएकाले यहाँ बसोबास गर्ने युवा परिचालन गरी ठूलो रोजगारी सिर्जना तथा विदेशी मुद्रा समेत आर्जन गर्ने गरी सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने अवसर छ ।

### ६.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

सोच

सूचना तथा सञ्चार प्रविधिमा आधुनिक पूर्वाधारयुक्त नगरपालिका ।

लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

उद्देश्य

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुर्याउनु ।
२. सूचना सञ्चार प्रविधि र सेवामा सबै परिवारहरूको पहुँच सुनिश्चित गर्नु ।
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट रोजगारी तथा आयआर्जनका गतिविधि बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ४४: सूचना, सञ्चार तथा प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| सूचना सञ्चार प्रविधि सेवाहरूलाई सरल र सुलभ बनाउने । | १. स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>२. नगरपालिका र सबै वडाहरूमा वेबसाइट, विद्युतीय नागरिक वडापत्र तथा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>३. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबर र मोबाइल एपजस्ता माध्यमबाट नागरिकको गुनासो र उजुरी प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>४. आवश्यकतानुसार मोबाइल टावरहरूको थप र विस्तार तथा गुणस्तर सुधार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिनेछ ।<br>५. डिजिटल नेपाल फ्रेमवर्क २०७६ अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६. नगरपालिका केन्द्र, वडा कार्यालय तथा सार्वजनिक स्थलहरूमा फ्री वाइफाईको व्यवस्था गरिनेछ ।<br>७. वडा कार्यालयहरू सूचना प्रविधिमैत्री बनाइनेछ ।<br>८. नगरपालिकालाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुर्‍याउन सूचना तथा सञ्चार प्रविधियुक्त पर्यटकीय योजना बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| नगरवासीमा क्षमता अभिबृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने । | १. प्राविधिक जनशक्तिलाई सूचना प्रविधिसँग सम्बन्धित विभिन्न किसिमका तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ ।<br>२. डिजिटल साक्षरता र सचेतना अभिबृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।<br>३. साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिबृद्धि गरिनेछ । |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका ४५: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| डिजिटल नागरिक वडापत्रको शुरुवात गरी मोबाइलबाटै गुनासो र उजुरी लिने व्यवस्था | पटक | १ | १ | २५०० | २७०० | ३००० | ३५०० | ४००० | **१५७००** | |
| सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकास | एकमुस्ट | | १ | ३००० | २००० | २००० | १०००० | १०००० | **२७०००** | |
| सेवा प्रभावका लागि मोबाइल एप्लिकेसन निर्माण तथा सञ्चालन | सङ्ख्या | | १ | १५०० | ५०० | ५०० | ५०० | ५०० | **३५००** | |
| नगर कार्यालय तथा मुख्य चोकहरूमा डिजिटल पाटी निर्माण तथा सञ्चालन | सङ्ख्या | | १ | ४००० | ४५०० | ३००० | २५०० | २००० | **१६०००** | |
| सरकारी तथा सार्वजनिक स्थानहरूमा आवश्यकताका अनुरुप Free Wifi जडान | एकमुस्ट | | १ | ५०० | १००० | १५०० | १५०० | १५०० | **६०००** | |
| **सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रमको जम्मा बजेट** | | | | **११५००** | **१०७००** | **१००००** | **१८०००** | **१८०००** | **६८२००** | |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४६: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत् | ९५ | ९७ | ९८ | ९९ | ९९ | १०० | १०० | | |
| ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत् | ७५ | ८० | ८५ | ९० | ९२ | ९६ | १०० | | |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत् | ३ | ३ | ५ | १० | १० | १० | ४० | | |
| अप्टिकल फाइबरको बिस्तार | प्रतिशत् | १० | १० | १० | १० | १० | | १०० | | |
| सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | | १ | | | | १ | | |
| ईन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत् | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | ११ | १ | २ | ३ | ३ | ३ | २३ | | |
| ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | १२ | १ | २ | ३ | १ | — | १९ | | |
| डिजिटल सूचना पाटी | सङ्ख्या | १ | ३ | ४ | ३ | — | — | ११ | | |
| सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत् | ९९ | १ | — | — | — | — | १०० | | |
| राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | १ | २ | ३ | ३ | २ | | ११ | | |

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

वन तथा जैविक विविधता यस नगरपालिकाको महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । कूल क्षेत्रफल २८.८५ वर्ग कि.मी मध्ये शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज तथा वफर जोन सहित लगभग ४४ प्रतिशत् भू-भाग बनजङ्गल रहेको छ। यस नगरपालिकामा वडा नं ३, ५, ६, ७ र ८ मा गरी १७ वटा सामुदायिक बन रहेका छन् । यहाँ पूर्वाधार निर्माणका काम गर्दा वातावरणीय अध्ययन (IEE/EIA) गरेर गर्ने गरेको छ । यस नगरपालिकामा बन क्षेत्र बाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकोले उक्त जमिनमा नियमित रूपले बृक्षारोपण भै रहेको छ र अझै व्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ। एक घर एक रूख नीतिलाई समेत पालना गर्न पहल गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गरी बनलाई आयआर्जनसँग जोड्न सकिन्छ । यो नगरपालिका माथिल्लो भूभागमा पहिरो गई जमिन कटान हुने भएकोले भूसंरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा जग्गा प्लटिङ्ग कार्यलाई नियन्त्रण गरी बृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न बनजङ्गलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ ।

### ७.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा भएका सामुदायिक वन र सामुदायिक जग्गाको पूर्ण रुपमा पहिचान र संरक्षण भएको पाइदैन । बढ्दो बस्ती विकास र शहरीकरणको कारण बनजङ्गल नासिदै गएको देखिन्छ । जग्गाको प्लटिङ्ग तथा खानेपानीको पाइप बिछ्याउँदा बन विनास हुँदै गएको गुनासो आउने गरेको छ । शिवपुरी राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा सडक निर्माण गर्दा वातावरण मैत्री ढङ्गबाट बाटो बनाउनु पर्ने चुनौती रहेको छ । स्थानीय किसानले लगाएको बालीलाई बँदेल, बाँदर जस्ता जनावरले क्षति पुर्‍याउने गर्छन् । वृक्षारोपण, बन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोटविरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । यो नगरपालिका शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएकोले जंगली जनावर तथा पशुपंक्षीहरूको लागि पानीको व्यवस्था पर्याप्त नहुँदा पिडित हुने गरेका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

यस नगरपालिकामा भएका सामुदायिक वन र सामुदायिक जग्गाको पूर्ण रुपमा पहिचान र संरक्षण गरी त्यस वनमा रुख फलफुल विरुवा रोपेर हरियाली कायम गर्न सकिन्छ । नयाँ वनस्पति रोप्ने र रक्तचन्दन, दालचिनी, पारिजात, लालीगुराँस, रुद्राक्ष, बोधीचित्त जस्ता रुख विरुवा व्यावसायिक उत्पादन गरेर आयआर्जनमा टेवा पुर्याइ हराभरा नगर समेत बनाउन सकिन्छ । उपयोगमा नआएका तथा खाली रहेका सार्वजनिक जग्गालाई बृक्षारोपण गरी पार्क पिकनिक क्षेत्र निर्माण गरेर आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने सम्भावना रहेको छ । नगरले वातावरण संरक्षण र सहरी सौन्दर्यकरण अन्तर्गत “एक घर एक रुख” लागू तथा मनमती खोलाको संरक्षण गरी दुवै तर्फ करिडोर बनाउन सकिन्छ ।

### ७.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

वन र जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन समृद्धिको आधार ।

<u>लक्ष्य</u>

वनको उचित व्यवस्थापन, जैविक विविधता तथा प्राकृतिक श्रोतको संरक्षण गर्दै जीवनस्तरमा सुधार र दिगो विकास गर्ने ।

<u>उद्देश्य</u>

१. बन क्षेत्रलाई व्यवस्थित गरी वन प्रणाली अनुसार दिगो रुपमा संरक्षण गर्नु ।
२. जडीबुटी र वनजन्य उत्पादनलाई प्रोत्साहन तथा पर्यापर्यटन विकास गर्दै व्यवसायीकरण गर्नु ।
३. जैविक विविधताको संरक्षण र प्रबर्द्धन गर्नु ।
४. बन तथा जैविक विविधाको वैज्ञानिक व्यवस्थापन गरी आय आर्जन र रोजगारी सिर्जना गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका ४७: वन तथा जैविक विविधताका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| बन क्षेत्रलाई व्यवस्थित गरी बन | १. सम्पूर्ण सामुदायिक वनको पहिचान तथा बनको सीमा निर्धारण गरी काँडे तारबार गरिनेछ ।<br>२. नगरपालिकाका सम्पुर्ण वडामा पहिरो, सुख्खा पहिरो र कटान ग्रस्त क्षेत्रहरूको नक्साङ्कन गरी विवरण सङ्कलन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रणाली अनुसार दिगो रुपमा संरक्षण गर्ने । | ३. स्थानीय जनतालाई वृक्षारोपण र वनको महत्वबारे जानकारी गराइनेछ ।<br>४. सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>५. खाली भुभागमा तथा प्रत्येक घरमा विरुवा रोपणको कार्यक्रम सञ्चालन गरी हरियाली कायम गरिनेछ ।<br>६. निजी तथा सामुदायिक वनमा सरोकारवालाहरूलाई एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ ।<br>७. निजी, सामुदायिक र सार्वजनिक वनमा रुख कटान पश्चात सो ठाउँमा वृक्षारोपण गर्न लगाई "कटान पश्चात पुनः हरियो" कार्यक्रम सञ्चालनमा ल्याई अनिवार्य वृक्षारोपण गरिनेछ ।<br>८. नगरपालिका क्षेत्रका वन, जलाधार, पार्क एवम् हरियाली क्षेत्रको संरक्षण र विकास गरिनेछ । |
| जडीबुटी र वनजन्य उत्पादनलाई प्रोत्साहन तथा पर्यापर्यटन विकास गर्दै व्यावसायीकरण गर्ने । | १. सामुदायिक तथा निजी स्तरमा निजी जमिन तथा वन जङ्गलमा फलफूलको व्यावसायिक उत्पादन तथा पार्क पिकनिक क्षेत्र शुरुवात गरिनेछ ।<br>२. नगरपालिकाको वडा नं ७ र ८ मा जडीबुटी तथा जैविक बिषादी औषधी प्रबल सम्भावना भएकोले स्थानीयलाई तालिम र विक्रीको व्यवस्थापन गरिनेछ ।<br>३. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>४. बनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ।<br>५. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>६. रैथाने झारको संरक्षण तथा व्यवसायिक प्रवर्दन गरिनेछ (सिस्नो, बाबरी, चुत्रो, तितेपाती, गुर्जो) । |
| जैविक विविधताको संरक्षण र प्रबर्द्धन गर्ने । | १. सडक निर्माण तथा विकास निर्माण कार्य गर्दा भूक्षय तथा पहिरो नियन्त्रणका उपाय अवलम्बन गर्ने र वन तथा जलाधार क्षेत्रको सकेसम्म कम क्षति हुने गरी नीति तयार गरिनेछ ।<br>२. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका ४८: वन तथा जैविक विविधता कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| सार्वजनिक वन क्षेत्रमा केही पुराना रुखहरुको उपयोग र व्यवस्थापन गरी नयाँ वृक्षारोपण कार्यक्रमहरु सञ्चालन | एकमुस्ट | | | २००० | २००० | २५०० | २५०० | ३००० | **१२०००** | |
| सामुदायिक वन तथा जग्गामा उत्पादनमुखी फलफुल तथा जडिवुटीको बृक्षारोपण | एकमुस्ट | | | २००० | २२०० | २५०० | ३००० | ३५०० | **१३२००** | |
| स्थानीयलाई फलफूल तथा अन्य जातका बिरुवाहरू वितरण | एकमुस्ट | | | १००० | १२०० | १५०० | १५०० | १५०० | **६७००** | |
| सामुदायिक वनको आयमुलक प्रयोजन प्रवर्द्धन सम्बन्धि संभाव्यता अध्ययन | एकमुस्ट | | | ० | १००० | ० | ० | ० | **१०००** | |
| वनविज्ञान विषयमा अध्ययन गर्न इच्छुक विद्यार्थीलाई आर्थिक सहयोग | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | |
| पहिरो र कटान क्षेत्र विशेष हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम | पटक | | ५ | १००० | १२०० | १५०० | २००० | २००० | **७७००** | |
| भूक्षय तथा पहिरो नियन्त्रण र वन तथा जलाधार क्षेत्रको कम क्षति हुने किसिमको नीति तर्जुमा र कार्यान्वयन | एकमुस्ट | | | ० | २००० | १००० | १००० | १५०० | **५५००** | |
| **वन तथा भुसंरक्षणका कार्यक्रमको जम्मा बजेट** | | | | **६५००** | **१०१००** | **९५००** | **१०५००** | **१२०००** | **४८६००** | |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत् | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | | |
| सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत् | | | | | | | | | |
| स्थानीय फर्निचर उद्योग | सङ्ख्या | | | | | | | | | |
| आयमूलक कार्य संचालित वन क्षेत्र | सङ्ख्या | | | | | | | | | |
| सामुदायिक वन सङ्ख्या | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिबृद्धि तालिम | पटक | | | | | | | | | |
| वार्षिक बृक्षारोपण (वार्षिक) | लाख | | १ | १ | १ | १ | १ | ५ | | |
| चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन हरेक सामुदायिक वनमा | सङ्ख्या | | | | | | | | | |
| जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | | | | | | | | | |

**तालिका ४९: वन तथा जैविका विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

पानी जीवन हो । यसको संरक्षण जीवनको संरक्षण हो । जथाभावी गरिने भौतिक विकासले जलाधार क्षेत्र जोखिममा पर्दै गरेका छन् । भू-स्खलनले मानव जीवनमा जोखिम सृजना गरेको छ । खोला किनारमा फोहोर फाल्ने भएकाले जलाधारमा पानी प्रदुषण हुने गरेको छ । नेपालमा शहरी क्षेत्रमा दिगो जलाधार व्यवस्थापन राम्रोसँग थाहा छैन र अपनाएको छैन। शहरीकरणको पहिलो स्थानको रूपमा पुरातन समयदेखि तिनीहरूको मौलिक भूमिकाको बाबजुद, योजना र व्यवस्थापनको पूर्ण अभावको कारण जलाधार क्षेत्रहरू प्रायः भीडभाड, विवादास्पद प्रयोग र प्रदूषणको ठूलो समस्याबाट पीडित हुन्छन् । नागार्जुन नगरपालिकामा ६ वटा खोलाहरू छन् । नगरपालिकाबाट बग्ने प्रमुख खोलाहरूमा मनमती खोला, लुपाङ खोला, त्रिवेणी खोला, जुङ्गे खोला, ढोलङ्गो खोला र ठुलो खोला रहेका छन् । मनमती खोला वडा ४, ६, ७ र ९ बाट बग्छ । लुपाङ खोला वडा नं ५ र ६ मा बग्छ । वडा नं ६ र ८ मा त्रिवेणी खोला बग्छ । वडा नं ३ र ५ मा जुङ्गे खोला बगेको छ । वडा १, ३ बाट ढोलङ्गो खोला बग्छ भने वडा नं ८ मा ठुलो खोला बग्छ । नगरपालिकाले जलाधार व्यवस्थापनलाई सबै भन्दा बढी प्राथमिकतामा राखी योजनाहरू तर्जुमा गर्नुपर्दछ भने पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा बाढी नियन्त्रणका लागि पक्की पर्खाल र तटवन्ध निर्माणाधीन अवस्थामा छन् । यहाँको पानीलाई व्यवस्थित रुपमा व्यवस्थापन गर्न नसक्दा खानेपानीको समस्या झेल्नु परेको अवस्था छ । समृद्धिका आधारहरू मध्ये जलस्रोतलाई थोपा सिंचाई तथा प्लाष्टिक पोखरीमा जम्मा गरी बेमौसमी तरकारी खेतीको लागि प्रयोग गर्न सकिन्छ । यसमा भूसंरक्षण र जलस्रोतको समुचित प्रयोगसँग सम्बन्धित आय आर्जन गर्ने गतिविधिहरू पनि समावेश गर्न सकिन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

अव्यवस्थित शहरीकरणले पानीका प्राकृतिक निकास बन्द भएका मात्र हैनन् । भल निकासका लागि नयाँ संरचना निर्माणमा समेत चुनौती सिर्जना भएको छ । वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नु चुनौती रहेको छ। जग्गाको खण्डीकरणले गर्दा यथेष्ट मात्रामा उपलब्ध कृषियोग्य क्षेत्रलाई वैज्ञानिक तवरले सदुपयोग गर्न कठिनाइ हुने गरेको छ । नगरपालिकाको सामुदायिक वनलाई नवीकरण नगर्दा वन क्षेत्रलाई दिगो व्यवस्थापन र सदुपयोग गर्न सकिएको छैन । जलाधार क्षेत्र संरक्षणको महत्त्व आममानिसमा बुझाउन नसक्दा खोलानालाहरू ढलमा परिणत भएका छन् । जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरू सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने स्थिति रहेको छ । विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन, वन अतिक्रमण बढ्दै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, विभिन्न सरोकारवाला तथा नियमनकारी

निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण यहाँका प्रमुख समस्या हुन् ।

### ७.२.३ सम्भावना तथा अवसरहरू

यस नगरपालिकामा मनमती खोला, लुपाङ खोला, त्रिवेणी खोला, जुङ्गे खोला, ढोलङ्गो खोला र ठुलो खोला रहेका छन् । नगरक्षेत्रमा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ । जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू-उपयोग योजनाका आधारमा समग्र नगरपालिकाको जलाधार क्षेत्रहरूको संरक्षण गर्न र वस्ती विकास तथा नगरवासीहरूको आर्थिक स्तर बृद्धि गरी नमुना नगरपालिका बनाउने ठूलो सम्भावना रहेको छ । सचेत नागरिक धेरै संघसंस्थाको क्रियाशिलता स्रोतको उपलब्धता आदि भू तथा जलाधार संरक्षणका लागि आधार हुन् ।

### ७.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

भूमि र जलाधारको उच्चतम सदुपयोग गर्दै यस सम्पदाको दिगो विकास

<u>लक्ष्य</u>

जलाधार क्षेत्रको दिगो संरक्षण र भूसंरक्षण गरी व्यवस्थापन गर्ने ।

<u>उद्देश्य</u>

१. भू-क्षय विनासलाई नियन्त्रण गर्नु
२. जलाधार संरक्षण र पानीको मूल संरक्षण गर्नु

**<u>रणनीति र कार्यनीति</u>**

**तालिका ५०: भू-संरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| भूसंरक्षणका लागि वृक्षारोपण गरी र जैविक तथा स्थानीय | १. भू-क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंङ्ग प्रविधिको उपयोग गरिनेछ ।<br>२. नगरपालिकामा एक नमुना पहिरो नियन्त्रण तथा भूसंरक्षण क्षेत्रको घोषणा गर्न कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधिलाई प्रबर्द्धन गर्ने नीति बनाउने । | ३. पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा बाढी नियन्त्रणका लागि पक्की पर्खाल र तटवन्ध निर्माण गरिनेछ ।<br>४. भूसंरक्षण क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>५. प्राकृतिक उत्खनन तथा सडक निर्माण कार्य गर्दा वातावरणीय असरको मूल्यांकन गरि वातावरणमैत्री उपाय अवलम्बन गरिनेछ ।<br>६. भूसंरक्षण तथा कटान नियन्त्रणका लागि तालिम प्राप्त जनशक्तिको प्रबन्ध गर्न तालिम सञ्चालन गरिनेछ । |
| जलाधार क्षेत्र तथा जलस्रोतको मुहान<br>पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने । | १. जलाधार क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>२. पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विस्तृत विवरण तयार गरिनेछ ।<br>३. जलाधार क्षेत्रहरूको विनासमा साथ पुग्ने क्रियाकलापहरू गर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।<br>४. खोला तथा माटोको ढिस्काबाट अवैध रुपमा उत्खनन गरिने वालुवा निकासा गर्ने कार्यलाई नियमन गरिनेछ ।<br>५. वन्यजन्तुको लागि वन क्षेत्रमा संरक्षण पोखरी निर्माण गरी वर्षातको पानी रिचार्ज गर्न रिचार्ज पोखरी निर्माण गरि भूमिगत पानी पुनर्भरण गरिनेछ ।<br>६. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुंगेधारा, इनार, कुवा, पोखरी तथा मुहानहरूलाई संरक्षण गरिनेछ । |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका ५१: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान तथा जलाधार क्षेत्रको नक्साङ्कन र संरक्षण कार्ययोजना तयारी तथा पुनरावलोकन | पटक | | १ | ० | १००० | ० | ० | १२०० | **२२००** | |
| स्थानीय खोलाहरूमा तटबन्धन कार्यक्रम | एकमुस्ट | | | ३०००० | २७००० | २४३०० | २१००० | १८९०० | **१२१२००** | |
| रिचार्ज पोखरी निर्माण | पटक | | | ५०००० | ५००० | ० | ५००० | ५००० | **६५०००** | |
| विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | एकमुस्ट | | | १००० | २५०० | २५०० | २५०० | २५०० | **११०००** | |
| पहिरो नियन्त्रण कार्यक्रम | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २००० | २००० | **११५००** | |
| भू—उपयोग योजना निर्माण र कार्यान्वयन | एकमुस्ट | | १ | १००० | ५००० | ५००० | ५००० | ५००० | **२१०००** | |
| भूसंरक्षण तथा जलाधार संरक्षणका लागि जनशक्तिको प्रबन्ध गर्न तालिम सञ्चालन तथा उपकरण | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापनका जम्मा बजेट** | | | | **८५५००** | **४४०००** | **३५३००** | **३६५००** | **३५६००** | **२३६९००** | |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५२: भूसंरक्षण जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | ३ | | |
| भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ० | | | | | | | | |
| बाढी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण | कि.मि. | ० | २ | ४ | ६ | ८ | १० | १० | | |
| संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | ० | | | | | | | | |
| स्थानीय विपद् तथा भुसंरक्षण योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय तहलाई स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, फोहोर सङ्कलन, प्रशोधन तथा विसर्जन गर्न आवश्यक संरचनाहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने जिम्मेवारी प्रदान गरेको छ । वातावरणीय तथा फोहोरमैला व्यवस्थापनको उद्देश्य विभिन्न सरोकारवालाहरूसँग वातावरणमैत्री छवि सिर्जना गर्न प्रदूषण रोक्न, प्राकृतिक स्रोतहरूको संरक्षण र वातावरणीय जोखिमहरू कम गर्ने हो । वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जङ्गल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ ।जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । फोहोरमैला व्यवस्थापनको प्रभावकारी विधिले प्राकृतिक स्रोतहरूको खपत घटाउँछ र फोहोरमैला व्यवस्थापनको आवश्यकतालाई कम गर्दछ। फोहोरमैला व्यवस्थापनमा फोहोर जम्मा गर्ने, ढुवानी गर्ने, आवश्यक परेमा प्रशोधन गर्ने र अन्ततः यसलाई सुरक्षित, जिम्मेवार तरिकाले विसर्जन गर्ने कार्य समावेश छ । यसले फोहोरमैला व्यवस्थापन प्रक्रियाहरूको अनुगमन पनि समावेश गर्दछ जसले नियमहरूको पालना गर्दछ र दिगो व्यवस्थापन अभ्यासहरूलाई बढावा दिन्छ। नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको देखिन्छ ।

### ७.३.२ समस्या तथा चुनौती

बढ्दो शहरीकरणबाट बन, उर्वर भूमि माथि बढ्दै गएको चाप र जलवायु परिवर्तनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय नगरपालिकाको सामु एक चुनौतीको रूपमा देखिएको छ । वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन सकेको छैन । फोहोर व्यवस्थापनका नाममा घरहरू र औद्योगिक क्षेत्रबाट निस्कने फोहोरमैलाहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृत्ति देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर नदी तथा स्थानीय खोला खोल्सामा जम्मा भई नदीका तल्लो भाग सम्म पुर्याएर प्रदुषणलाई विस्तारित गर्दछ । ध्वनी, जल, वायु प्रदुषण पहिचान गरी वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन सकिएको छैन ।

### ७.३.३ सम्भावना तथा अवसर

फोहोरमैलाका प्रकारहरू पत्ता लगाएर सोही अनुसार फोहोर व्यवस्थापन अभ्यासहरू गर्न सक्दा धेरै लाभदायक हुने देखिन्छ । वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना बृद्धि गर्ने, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, सामुदायिक संस्थाहरूसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरी नगरलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेको छ । फोहोरको वर्गीकरण गरी फोहोर उत्सर्जन स्थानमा नै व्यवस्थापन गर्ने उद्देश्यले जैविक फोहोरबाट कम्पोष्ट मल बनाउन सकिने सम्भावना रहेको छ । सामग्रीको पुनः प्रयोगले फोहोरमैला व्यवस्थापन कार्यलाई धेरै न्यूनीकरण गरी बाँकी रहेका अन्य फोहोरमैलालाई व्यवस्थित गर्न सहज हुने देखिन्छ। वस्तुहरू पुनः प्रयोग गर्दा तिनीहरूको आयु विस्तार हुन्छ र नयाँ सामग्रीहरू किन्नको आवश्यकता घटाएर लागतमा कटौती गर्न सकिन्छ।

### ७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

स्वस्थ नागरिकका लागि स्वच्छ तथा सफा नगरपालिका निर्माण ।

<u>लक्ष्य</u>

नगरपालिकालाई वातावरणमैत्री र पुर्ण सरसफाईयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।

<u>उद्देश्य</u>

१. ध्वनी, जल, वायु प्रदुषणमुक्त क्षेत्रको सुनिश्चितता गर्नु ।
२. व्यवस्थित फोहरमैला सङ्कलन मार्फत सफा र स्वच्छ क्षेत्र कायम गर्नु ।

**<u>रणनीति र कार्यनीति</u>**

**तालिका ५३: वातावरण तथा फोहोरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| संस्थागत क्षमता अभिबृद्धि गरी प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | १. धुवाँ रहित, सुधारिएको चुलो, विद्युतीय चुलोको प्रबर्द्धन गरिनेछ ।<br>२. प्रदूषण मापनको अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरी अनुगमन गरिनेछ ।<br>३. विद्युतीय सवारी साधन प्रबर्द्धन गरिनेछ ।<br>४. प्रदूषण नियन्त्रण सम्बन्धीत वातावरणीय नीति नियम अद्यावधिक र संस्थागत क्षमता विकास गरिनेछ ।<br>५. वातावरणीय चेतना सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरू गरिनेछ।<br>६. ध्वनी, जल, वायु प्रदूषण नियन्त्रणलाई आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गर्दै वातावरणीय सीमाको निरूपण गरिनेछ ।<br>७. बाटोको नियमित सरसफाई गर्ने तथा निर्माण सामग्री सडकमा राख्न रोक लगाएर नियमित अनुगमन गर्न नगर प्रहरीको आवश्यक व्यवस्था गर्ने । सडक पेटीमा व्यापार व्यवसाय गर्न रोक लगाइने छ ।<br>८. सडक पेटी सम्भावना हेरेर हरियाली क्षेत्रमा रुपान्तरण गरिनेछ । |
| फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनलाई व्यवस्थापन गर्ने । | १. फोहोर व्यवस्थापनको लागि नगरस्तरबाट संकलन तथा विसर्जनको व्यवस्था गरिनेछ ।<br>२. फोहोर व्यवस्थापनसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरूको कार्यन्वयन गरिनेछ ।<br>३. फोहोर बर्गीकरण र फोहोर व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरूलाई तीब्र पारिनेछ।<br>४. खोलानाला खोल्सा खोल्सीमा ढल तथा सेफ्टी ट्यांकी लगायत विषादी मिसाउने कार्यलाई कानुनको दायरामा ल्याईनेछ ।<br>५. फोहोर नियमित संकलनको व्यवस्था मिलाइनेछ ।<br>६. सामुदायिक-निजी साझेदारीमा आधुनिक फोहोर प्रशोधन स्थलको व्यवस्था गरिनेछ ।<br>७. कल कारखाना तथा व्यवस्थित आवास क्षेत्रको ढल प्रशोधन नगरी खोलामा सिधै मिलाउन रोक गरिनेछ । |

**कार्यक्रम तथा आयोजनाहरू**

तालिका ५४: वातावरण तथा फोहोरमैला व्यवस्थापनका तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| वातावरण संरक्षण एकीकृत योजना निर्माण | पटक | | १ | ० | ० | १००० | ० | ० | १००० | |
| टोलटोलमा फोहोरमैला व्यवस्थापन डस्टविन वितरण | एकमुस्ट | | ५००० | २५०० | २५०० | ३००० | ३५०० | ४००० | १५५०० | |
| सरसफाई अभियान सञ्चालन | एकमुस्ट | | | २००० | २२०० | २५०० | ३००० | ३००० | १२७०० | |
| वातावरण संरक्षण कोष निर्माण | पटक | | | १००० | ११०० | १२०० | १३०० | १५०० | ६१०० | |
| फोहरमैला प्रशोधन केन्द्रको संभाव्यता अध्ययन र कार्यविधी तयारी | पटक | | १ | ० | १००० | ० | ० | ० | १००० | |
| वातावरण तथा फोहोरमैला व्यवस्थापनका | | | | ५५०० | ६८०० | ७७०० | ७८०० | ८५०० | ३६३०० | |

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५५: वातावरण तथा फोहोरमैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | २ | ३ | ४ | १ | १ | १० | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | १ | १ | | १ | १ | १ | | |
| संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत् | | ५ | २ | १ | १ | १ | ० | | |
| गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | | १० | २० | ३० | ४० | ५० | ५० | | |
| डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत् | | २० | २५ | ३० | ४० | ५० | ५० | | |
| फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत् | | ५ | ७ | ९ | ११ | १५ | १५ | | |
| स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | १० | २० | ३० | ४० | ५० | ५० | ५० | | |
| प्रदुषण मापन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

विपद् जोखिम व्यवस्थापनले नयाँ विपद् जोखिमलाई रोक्न, विद्यमान विपद् जोखिमलाई कम गर्न र अवशिष्ट जोखिम व्यवस्थापन गर्न, उत्थानशीलताको सुदृढीकरण र प्रकोप नोक्सान कम गर्न योगदान पुऱ्याउन विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिहरूको प्रयोग हो । विपद् व्यवस्थापन विपद्को प्रभावलाई कम गर्न मद्दत गर्ने स्रोत र जिम्मेवारीको उपयुक्त व्यवस्थापनलाई जनाउँछ । विपद् व्यवस्थापनको विषय सामुदायिक सशक्तीकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोगसम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपदबाट हुने क्षति घटाउन सकिन्छ । यसमा कार्यको एक सुव्यवस्थित योजना समावेश हुने गर्छ जसले विपदबाट हुने खतराहरूलाई न्यूनतममा कम गर्न प्रभावकारी प्रयास गर्न सकिन्छ । यस नगरपालिकामा विपद् व्यवस्थापनका लागि नगद तथा वस्तुगत राहत सहितको १ करोड २० लाखको विपद् व्यवस्थापन स्थानीय कोषको समेत व्यवस्था गरिएको छ । वि.स. २०७२ को भुकम्प पस्श्चात् भुकम्प प्रतिरोधी भवनहरू निर्माण हुन थालेका छन् ।

जलवायु परिवर्तन एक बहुपक्षीय वातावरणीय समस्या हो । नेपालमा जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण एवम् अनुकूलन गर्न स्थानीय तहले पनि अनूकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने नीति रहेको छ । कृषि तथा पशुपालनमा प्रयोग हुने नाइट्रोजन भरपूर उर्वरहरूले पानीलाई प्रदूषित गरी जलीय पारिस्थितिक प्रणालीहरूलाई खतरामा पार्न सक्छ । भूमण्डलीय तापक्रमको मुख्य प्रभावहरूमा तापक्रम बृद्धि, मौसमी गडबडी, प्रजातिको हानी, जंगलमा आगलागी, खडेरी, खाद्यान्न र पानीको अभाव, स्वास्थ्य सम्बन्धी जोखिमहरू समावेश छन् । यसबाट नगरपालिका क्षेत्रमा पनि जलस्रोत, कृषि, पशुपालन, बन तथा जैविक विविधता, खानेपानी, स्वास्थ्य, पूर्वाधार विकास, जल उत्पन्न प्रकोप, पर्यटन तथा जिविकोपार्जनसँग सम्बन्धित विभिन्न क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

बढ्दो बस्तीको कारण प्राकृतिक प्रकोप र आपतकालीन अवस्थाको व्यवस्थापनको लागि धेरै वडामा खुल्ला ठाउँको अभाव छ । नगरपालिकामा भएका वस्तीहरूमा वर्षायाममा बाढी, पहिरो र डुबानको प्रभावमा पर्ने तथा वन जङ्गलमा आगलागी न्यूनीकरणमा चुनौती देखिन्छ । अत्याधिक मात्रामा तापक्रमको बढ्दो अवस्था हुनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय समस्या रहेको छ । जलवायु परिर्वतनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । यस नगरपालिकामा विपद् व्यवस्थापन योजना निर्माण भएको छैन र विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरूको अभाव देखिन्छ । सामान्य खोज उद्दारमा तालिम प्राप्त जनशक्ति तथा तालिम प्राप्त स्वयंसेवकको कमी रहेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

आगलागीको समस्याका लागि आगो निभाउने उपकरणहरू (fire extinguisher, fire hydrants) बजारमा उपलब्ध भएकाले सबै वडालाई यस्ता उपकरण वितरण गर्न सकिन्छ। नगरपालिकामा भुतपूर्व सैनिकहरूको संगठन समेत रहेकाले यस्ता तालिम प्राप्त जनशक्तिसँग सहकार्यको सम्भावना रहन्छ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्न सक्ने असर न्यून गर्न आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न विभिन्न निकायसँग सहकार्य गर्न सक्ने सम्भावना छ । विपद् न्यूनीकरणको लागि पूर्व तयारी कार्यलाई मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख वस्ती स्थानान्तरणको तथ्यांक संकलन गर्न सकिने सम्भावना छ । विपद् व्यवस्थापनको लागि केही वडामा प्रशस्त मात्रामा रहेको खुला ठाँउलाई उच्चतम प्रयोग सकिने सम्भावना छ । वनजङ्गलको आगलागी नियन्त्रणको लागि सिमित आवश्यक चौडाईको अग्नीरेखा बनाउनु पर्ने देखिन्छ ।

### ७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

<u>सोच</u>

विपद् व्यवस्थापनको लागि उत्थानशील प्रणाली निर्माण गरी जीवन र सार्वजनिक सम्पतिको सुरक्षा ।

<u>लक्ष्य</u>

नगरपालिकालाई विपद् तथा जलवायु परिवर्तनबाट हुने आर्थिक, भौतिक तथा मानवीय क्षति न्यूनीकरण गर्ने ।

<u>उद्देश्य</u>

१. विपद्को घटनामा कमी ल्याउनु ।
२. प्रकोपको प्रकृति मात्रा र प्रकोपले निम्त्याउने विपदबारे अनुमान र क्षतिको आंकलन गर्न सक्ने उपयुक्त प्रविधी प्रयोगमा ल्याउनु ।
३. विपद्को कारणबाट हुने व्यक्तिगत, निजी, तथा सार्वजनिक सम्पतिको क्षतिलाई न्यूनीकरण गर्ने विधि र औजारको पहिचान गरी कार्यान्वयन गर्नु ।
४. वित्तीय जोखिमको लागि वित्तीय व्यवस्थापन गर्दै विपद् बारे जनचेतना अभिबृद्धि गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका ५६: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| विपद् जोखिम न्यूनीकरणको लागि आवश्यक पुर्व तयारी गर्ने । | १. विपद् जोखिम सूचना प्रणालीको विकास गरिनेछ ।<br>२. विपद् प्रतिकार्य योजना तयार गरिनेछ । |
| जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप न्यूनीकरण गर्ने । | १. भूकम्पको जोखिम न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी संरचना निर्माण गरिनेछ ।<br>२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. जलवायु अनुकूलन योजना तर्जुमा गरिनेछ ।<br>४. योजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई आन्तारिकिकरण गरिनेछ ।<br>५. बाढी तथा पहिरोको जोखिम क्षेत्र पहिचान र नक्साङ्कन गरि आयश्यक न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।<br>६. आगलागी नियन्त्रणको लागि अग्नीरेखा तयार गरिनेछ ।<br>७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा रेडक्रस, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहकार्यमा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, सुरक्षित आवास जस्ता तालिमहरू सञ्चालनमा ल्याइनेछ । |
| विपद् पश्चयातको अवस्थामा चाहिने आपतकालीन सेवाहरू सहितको प्रतिकार्य गर्ने । | १. विपद् प्रभावित समुदायको आवश्यकता पहिचान र प्रतिकार्यका लागि प्रारम्भिक तथ्यांकहरू तयार गरिनेछ ।<br>२. उद्धार र राहतको लागि आवश्यक जनशक्ति तयार गरिनेछ ।<br>३. स्थानीय वस्तीहरूका साघुँरा सडकमा दमकल सजिलै पुग्ने व्यवस्था मिलाइनेछ ।<br>४. आगो निभाउने उपकरणहरू (fire extinguisher, fire hydrants) सबै वडामा व्यवस्था गरिनेछ ।<br>५. प्रारम्भिक विपद् लेखाजोखा गरि थप कार्य गरिनेछ । |
| विपद् पश्च्यात अझ राम्रो र अझ बलियो पुनर्लाभ गर्ने । | १. विपदबाट भएको क्षति अनुमान र आवश्यकताको आंकलन गरिनेछ ।<br>२. समुदायको विपद् प्रतिरोधी क्षमताको विकास गरिनेछ ।<br>३. प्रकोप जोखिम अनुमानको आंकलनको आधारमा वस्ती विकास गरिनेछ। |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका ५७: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| विपद जोखिम क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन | सङ्ख्या | ० | ० | १५०० | ० | ० | ० | ० | **१५००** | |
| खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | सङ्ख्या | १० | ४० | २००० | ५००० | १०००० | ११००० | १००० | **२९०००** | |
| वातावरण तथा विपद कोष स्थापना र व्यवस्थापन | सङ्ख्या | ० | १ | १०००० | ११००० | १२००० | १३००० | १५००० | **६१०००** | |
| आगलागी नियन्त्रणको लागि अग्नीरेखा बनाउने | कि मि | ० | २० | ५००० | ५५०० | ६००० | ७००० | १००० | **२४५००** | |
| आगलागीको घटना नियन्त्रणका लागि उपयुक्त आधुनिक उपकरणको व्यवस्था | सङ्ख्या | १ | २० | २५०० | ३००० | ३००० | ३००० | ३५०० | **१५०००** | |
| विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | सङ्ख्या | १ | १०० | २००० | २२०० | २५०० | २५०० | २५०० | **११७००** | |
| विपद् पूर्वानुमान तथा चेतावनी सूचना प्रणालीको सञ्चालन | सङ्ख्या | ० | ३ | २००० | १००० | १००० | १००० | १००० | **६०००** | |
| जोखिमयुक्त स्थानमा तटबन्ध / ग्याबिन वाल निर्माण | कि मि | ५ | १५ | ४००० | ५००० | ३००० | ३००० | २००० | **१७०००** | |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको जम्मा बजेट** | | | | २९००० | ३२७०० | ३७५०० | ४०५०० | २६००० | १६५७०० | |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५८: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | १० | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| विपद् व्यवस्थापन योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरू | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ३ | ३ | | |
| विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | १२० | २०० | २०० | २५० | २५० | ३०० | ३०० | | |
| सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ० | १० | १० | १० | १० | २० | २० | | |
| तालिम प्राप्त स्वयंसेवक | सङ्ख्या | ० | ३० | ३० | ६० | ६० | ६० | ६० | | |
| वस्तीका लागि अयोग्य स्थानमा बसोबास गरेका वस्ती | संख्या | ३ | २ | २ | १ | १ | ० | १ | | |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन

## ८.१ संस्थागत विकास तथा सुशासन

स्थानीय सरकार जनताको नजिकको सरकार हो । लामो समयदेखि जनप्रतिनिधि विहीन भएपश्चात निर्वाचित स्थानीय सरकारसँग नागरिकले धेरै अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जबाफदेही ढंगले सम्पादन गर्न आवश्यक छ । बदलिंदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि बढ्दै गएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य -१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (दिगो विकासका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जबाफदेहता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

### ८.१.१ पृष्ठभूमि

शक्ति र अधिकारको समुचित एवं न्यायोचित प्रयोग नै सुशासन हो । जनमुखी शासन, प्रभावकारी र सार्वजनिक सेवा, कानूनी राज्य आर्थिक तथा भौतिक समृद्धि, नागरिक अधिकारको प्रत्याभूति, शान्ति सुरक्षाको प्रबन्ध, सामाजिक प्रगति, सामाजिक सहिष्णुता र एकीकरण नै सुशासन हो । सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य गर्दै कानूनी राज्यको वकालत, भ्रष्टाचारमा शुन्य सहनशीलता सहितको आर्थिक विकास, कानूनको पूर्णपालनाको सुनिश्चितता, जनमुखी एवं पारदर्शी सरकारको अपेक्षा गरेको हुन्छ । नेपालको संविधान २०७२ को प्रस्तावना मै दिगो सुशासन कायम राख्ने कुरालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ । १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ । शासकीय सुधार र सुशासन अभिबृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ । सुशासनका प्रमुख आयामहरूमा सामाजिक आयाम, राजनैतिक आयाम, आर्थिक आयाम, सार्वजनिक उत्तरदायित्व, मानव विकास, जनसहभागिता तथा विकेन्द्रीकरण पर्दछन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा सुविधा पुर्याउन सहज हुन्छ । सुशासनका लागि कर्मचारीलाई कर्तव्यनिष्ठ, इमान्दार र क्षमतावान् एवं व्यवसायिक बनाउन क्षमता विकास आवश्यक हुन्छ । यस नगरपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिबृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ । राजनीतिक अस्थिरता, सङ्घीयताको अभ्यासको कमी, जनतामा सङ्घीयता अनुसारको राजनैतिक चेतनाको स्तरमाथि उठी नसकेकोले

संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था भएका छैनन् । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास, सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । यसैक्रममा नागार्जुन नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार पारिएको छ ।

स्थानीय तहको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू र विद्यालयहरू तथा अन्य संस्थाहरूको कार्यको समन्वय, जस्ता कार्यहरू साथै सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन नियन्त्रण, स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, स्थानीय सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन, व्यवस्थापन सर्वेक्षण र परिक्षण, तालिम नीति तथा मापदण्ड निर्धारण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय, सार्वजनिक सेवाको वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सेवा प्रवाहको अनुगमन, नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा जस्ता कार्य सम्पादन सम्बन्धी विषयहरू नगरपालिकाको कार्य क्षेत्रमा पर्दछन् ।

### क. बस्तुगत स्थिति

नागार्जुन नगरपालिकामा केन्द्रीय कार्यालय बाहेक १० वटा वडा कार्यालयहरू, १० वटा स्वास्थ्य संस्थाहरू (नगर अस्पताल तथा आधारभूत स्वास्थ्य संस्था सहित) र १९ वटा सामुदयिक विद्यालय रहेका छन् । नगरपालिकाका केन्द्र तथा वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा २४० कर्मचारीको दरबन्दी रहेको छ भने विद्यालयहरूमा २४० दरबन्दी रहेको छ । नगरपालिकाको कार्यबोझ अनुसार २०७६ सालमा गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार दरबन्दी अपुग भएकोले नयाँ दरबन्दी संरचना सहितको संगठनको पुनर्संरचना गर्न बाँकी नै छ । नागार्जुन नगरपालिकामा नगर सभामा ५५ जना र २० सदस्यीय नगर कार्यपालिकाको व्यवस्था छ । नगरपालिकाको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू छन् । सहज र सरल रूपमा स्थानीयस्तरमा नै न्याय सम्पादनका लागि न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

नगरको सुशासन प्रबर्द्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य १० वटै वडा कार्यालयहरू र नगरपालिकामा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसबुक लगायतका सामाजिक सञ्जाल र हेल्लो नागार्जुन जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने, समस्या समाधान गर्ने काम गरिएको छ ।

नगरपालिकाले हालसम्म ६४ वटा कानुनहरू ऐन, नियम, कार्यविधि र मापदण्डहरू तयार गरेको छ भने अवश्यकता अनुसार कार्यविधि तर्जुमा प्रक्रियामा रहेका छन् । उक्त ऐन, नियम, कार्यविधि र मापपदण्डहरू अनुसुचीमा दिइएको छ ।

### ख. नगरपालिकाको जनशक्ति व्यवस्थापन

कार्यबोझ अनुसार नयाँ दरबन्दीको तथा रिक्त कर्मचारी पदपूर्तिको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भइरहेको छ । कार्य सञ्चालन सम्बन्धी कानुनी पूर्वाधार र कार्य संयन्त्र निर्माणकै चरणमा रहेका छन् । नगरपालिकामा विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार नगरपालिका, वडा, विद्यालय र स्वास्थ्य केन्द्र समेतमा प्राविधिक र अप्राविधिक / स्थायी र अस्थायी गरी दुवै प्रकृतिका कर्मचारीहरू यस कार्यालयमा रहेका छन् । नागार्जुन नगरपालिका र यस अन्तर्गत रहेका वडा कार्यालय तथा स्वास्थ्य केन्द्रमा रहेको कर्मचारीको विवरण अनुसुचीमा दिइएको छ । हाल कायम रहेको सबै सेवा समुहको जनशक्तिमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार दरबन्दी र संरचना थपघट हुन सक्ने छ । यस नगरपालिकाको शान्ति सुरक्षाको लागि नगर प्रहरीको अवश्यकता महशुस गरिएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरवासीमा प्रविधि सम्बन्धी ज्ञानको कमी हुनु आदि प्रमुख समस्या हुन् । त्यस्तै आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड नहुनु, नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन र आवश्यकता अनुरूप सङ्गठनात्मक संरचना समायोजन भई पदपूर्ति नहुनु, जनशक्ति विकाससम्बन्धी कुनै संस्थागत व्यवस्था नहुनु, साधन श्रोतको अभाव हुनु, कर्मचारीको पद अनुसार कार्य विवरण निर्माण र प्रयोग गर्न नसकिनु आदि प्रमुख समस्या रहेका छन् ।

संविधान बमोजिमका आवश्यक संरचनाहरू निर्माण गर्नु, परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी र स्थानीय सरकार एवम् सेवाग्राहीप्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारी

आकर्षण गर्नु, रिक्तपद पूर्ति गर्नु, अन्तरनिकाय तथा अन्तरसरकार समन्वय गर्नु, कार्यविभाजन अनुसार संस्थागत र मानवीय क्षमताको विकास गर्नु, शासकीय प्रणालीमा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु,, समाजमा व्याप्त भ्रष्टाचार, राजनौतिक अस्थिरता, कानुनको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता समस्याले सुशासनको अपेक्षित उपलब्धि हासिल गर्न कठिनाई महशुस गरिएको साथै विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आमजनताको स्थानीय सरकारप्रतिको विश्वास दिलाउनु, बेरुजु फर्छ्यौट र आय बृद्धि, असारे विकासको परम्परालाई निस्तेज गर्दै बैशाख अगाडि नै योजनाका कामहरू सम्पन्न हुने गरी कर्यक्रम अगाडि बढाउनु, पुरानो जनशक्तिलाई गेल्डेन ह्य्यान्डसेक वा अन्य कुनै उपायद्धारा प्रतिस्थापन गरी नयाँ दक्ष तालिम प्राप्त जनशक्ति व्यवस्थापन गर्नु जस्ता प्रमुख चुनौतीहरू रहेका छन् । अनलाइन प्रणालीवाट प्रगति विवरण संकलनमा सुचना प्रविधिको उपयोग गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।

### ८.१.३ सम्भावना तथा अवसर

कार्यसम्पादन मूल्यांकन नजिकबाट हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन नगरपालिकाको प्राथमिकतामा पर्नु, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्नु, राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राहीमैत्री बनाउन सकिन्छ भन्ने सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीयस्तरको विकास हुँदा सम्भावनाका अनेक ढोकाहरू खुलेका छन् । यस नगरपालिकाको भवनमा लिफ्ट सहितको अपांगतामैत्री भएको भए तापनि आफ्नै भवन भएका ५ वटा वडा कार्यालयहरू जीर्ण भइसकेका छन् र बाँकी पाँच वटा वडा कार्यालयहरू केही शहरी स्वास्थ्य केन्द्र र अन्य भवनमा रहेर सेवा सन्चालन गरेका छन्। भूकम्प अगाडि बनेका जीर्ण भएका संरचनाहरूको पुनः निर्माण भएको छैन । ती संरचनालाई आधुनिक प्रविधिमैत्री सुविधा सम्पन्न बनाउने योजना रहेको छ । ५ वर्ष भित्र सकेसम्म सबै बडाहरूको आफ्नै भवन बनाउने, मानव सेवा आश्रम भवन बनाउने योजना रहेको छ । कर्मचारीको वृत्तिविकास हुने, आधुनिक सुविधा सम्पन्न भवन र दक्ष तालिम, विद्यालयको सन्दर्भमा अपांगतामैत्री भवन बन्ने, विद्यार्थी/शिक्षक अनुपात मिलाउनुपर्ने, शिक्षक उत्प्रेरणा कार्यक्रम, कर्मचारी उत्प्रेरणा कार्यक्रम, समयानुकुल प्रविधिमैत्री, भ्रष्टाचारमुक्त शासन प्रणाली मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने प्रशस्त अवसरहरू छन् ।

नगर विकासमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारी समेतको सक्रिय सहभागितामा सुशासन र समृद्धिमा जोड दिई जनताको घरदैलोबाट सेवा प्रवाह गर्नु, जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, आयोजना अनुगमन हुनु, बेलाबेलामा नियमित बैठक भइरहनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, समस्या समाधान गर्नु, सेवा प्रवाहका लागि

विभिन्न तहगत संरचना तयार हुनु अवसर हुन् । २०७२ सालको भूकम्प अगाडिका संरचनाहरूको तुरुन्तै पुनर्निर्माण गर्नपर्ने, ठाउँठाउँमा क्रियापुत्री भवन बनाउनु पनि अवसरको रुपमा रहेको छ ।

### ८.१.४ सोच, लक्ष्य, उद्देश्य र रणनीति

सोच

सुशासन सहितको सरकार, नागार्जुन नगरपालिकाको सरोकार

लक्ष्य

संस्थागत सुधार, जनशक्ति व्यवस्थापन, क्षमता विकास र सेवा प्रवाहलाई छिटो, छरितो, सलुभ जनउत्तरदायी एव प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने ।

उद्देश्य

१. सुशासनका लागि नितिगत र पूर्वाधारहरूको निर्माण गर्नु ।
२. संस्थागत विकास प्रक्रिया र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
३. दक्ष, सक्षम, तालिम प्राप्त प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन आर्थिक अनुशासन कायम गर्नु ।
५. सामाजिक जवाफदेहिता, पारदर्शीता, अभिबृद्धि गरी सुशासनको प्रत्याभूति गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ५९: संस्थागत विकास तथा रणनीति तथा कार्यनीतिहरू**

| रणानीतिहरू | कार्यनीतिहरू |
|---|---|
| आवश्यक नीति, कानून मापदण्ड र कार्यविधिको तर्जुमा गने । | १. स्थानीय सरकार सञ्चालन सम्बन्धी नीति कानुन मापदण्ड र कार्यविधिहरूको तर्जुमा गरिनेछ ।<br>२. स्थानीय सेवाको गठन सम्बन्धी कानुन निर्माण गरी प्रशासन संयन्त्रलाई उत्तरदायी बनाइनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>४. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ ।<br>५. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>६. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ । |

| रणानीतिहरू | कार्यनीतिहरू |
|---|---|
| सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाउन प्रशासन संयन्त्रको सुदृढीकरण गने । | १. सार्वजनिक सेवाप्रवाहलाई छिटो छरितो सहज समावेशी एवम् प्रभावकारी बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ । |
| नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सिमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै नगरपालिका प्रमुखसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारवाही र जानकारीको सुनिश्चित गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| नगरपालिकाको कार्यसम्पादन लाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>४. लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गरिनुका साथै बेरुजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>५. सेवाप्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>६. सार्वजनिक उत्तरदायी संयन्त्रहरू सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, तेश्रो पक्ष मूल्याङ्कन प्रणालीको व्यवस्था आदिलाई प्रभावकारी र नियमित गराइनेछ ।<br>७. नगरपालिकाको कार्यक्रमगत क्षेत्र र बजेट कार्ययोजना, प्रगति अद्यावधिक गर्ने र जनसरोकारका निर्णयहरू वेभसाइट मार्फत् नियमित रूपमा सार्वजनिक गरिने छ ।<br>८. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसका लागि |

| रणानीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाई आदिको मापनलाई समेत आधार बनाइनेछ । |
| सार्वजनिक निकायका काम कारवाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र तर्जुमा कार्यान्वयन गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेका जनतालाई सेवा पुर्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ ।<br>४. नगरपालिकाबाट संचालन हुने आयोजना तथा विकासका गतिविधि लगायत विभिन्न कार्यक्रममा सर्वसाधारणलाई सहभागी गराइनेछ । |
| दक्ष जनशक्तिको विकास गर्ने । | १. नगरपालिकाका लागि अवश्यक पर्ने दक्ष, जनशक्तिको विकास उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत् तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ ।<br>३. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि युक्त तालिम दिइने छ ।<br>४. कागजी फाइल भन्दा केडिङ डिकोडिङ्ग गरी Digitalize गरी Back up राख्ने प्रबन्ध मिलाइने छ । |
| अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने . | १. संघीय र प्रदेश सरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. नगरपालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो वेबसाइटमा राखिनेछ ।<br>३. राष्ट्रिय तथा अन्तर्राष्टिय १० वटा स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गरिनेछ । |
| | |
| वित्तीय अनुशासन कायम गर्नु | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरिद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर् संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र |

| रणानीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्बन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली व्यवस्थित गरिनेछ ।<br>६. लाभको सिद्धान्तलाई राजस्व परिचालनको आधार बनाइनेछ ।<br>७. जनचाहना अनुसार करको दरमा समायोजन गरिनेछ । |
| आन्तरिक नियन्त्रण प्रणाली र लेखापरीक्षणलाई विश्वसनीय प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ ।<br>३. पारदर्शिता र जवाफदेहिता लागू गर्न राजस्व र खर्च प्रणालीलाई विद्युतीय प्रणालीसँग आवद्ध गरी सार्वजनिक गरिनेछ । |
| शून्य सहनशीलता अपनाउने । | १. सार्वजनिक सेवा प्रवाहलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्था एवं नागरिक समाजको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>२. नगरपालिकाका कर्मचारी, जनप्रतिनिधिहरूको भ्रमण कार्यक्रमलाई निरुत्साहित गरिनेछ । |
| सेवाको प्रकृति अनुसार मापदण्ड र समयसीमा तोकी नगरपालिका तथा वडा कार्यालयहरूबाट सेवा प्रवाहको व्यवस्था मिलाउने । | १. नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूमा अनिवार्य रुपमा Electronic Attendance को व्यवस्था गरिनेछ ।<br>२. नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूमा हेल्पडेक्स राखी एकीकृत सेवा प्रवाहको प्रवन्ध मिलाइनेछ । सोको लागि कर्मचारीहरूलाई आवश्यक क्षमता विकासको प्रवन्ध मिलाइनेछ ।<br>३. नगरपालिका क्षेत्रभित्रको शान्ति सुरक्षा, अनुगमन नियमनलाई प्रभावकारी बनाउन कानून निर्माण गरी नगर प्रहरीको गठन एवं संचालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजनाहरू

तालिका ६०: संस्थागत विकास तथा सुशासनका कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | जम्मा | |
| कर्मचारी तथा जनप्रतिनिधि अभिमुखीकरण | पटक | ० | २० | ११०० | १२०० | १५०० | २००० | २००० | ७८०० | |
| घुम्ती सेवा कार्यक्रम | पटक | ० | १० | २००० | २५०० | २५०० | २५०० | ३००० | १२५०० | |
| न्यायिक समिति क्षमता विकास कार्यक्रम | पटक | ० | २० | ५०० | ६०० | ६०० | ७०० | १००० | ३४०० | |
| जनचर्तनामूलक रेडियो कार्यक्रम | पटक | ० | ५ | १००० | १२०० | १२०० | १५०० | १५०० | ६४०० | |
| उत्कृष्ट कर्मचारी पुरस्कार | पटक | २ जना | ५ | २०० | २५० | ३०० | ३०० | ३०० | १३५० | |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | २००० | २२०० | २५०० | २५०० | २५०० | ११७०० | |
| आवधिक तथा यातायात गुरु योजनाहरुको समिक्षा | पटक | ० | २ | ० | ० | १००० | ० | २००० | ३००० | |
| क्षतिपूर्ति सहितको नागरिक बडापत्र निर्माण तथा सार्वजनिक सेवा प्रवाहको सन्तुष्टी मापन वडास्तर सम्म | पटक | ० | ११ | १००० | ५०० | ५०० | ५०० | ५०० | ३००० | |
| सार्वजनिक सुनुवाई लगायत सामाजिक जवाफदेहिता संयन्त्रको परिपालना | पटक | ० | १५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| अनुगमन तथा मुल्याकन र क्षमता विकास समेत | संख्या | ० | ५ | २००० | २५०० | २५०० | २५०० | २५०० | १२००० | |
| सहभागितात्मक वार्षिक नीति तथा कार्यक्रम तर्जुमा | संख्या | ० | ५ | १५०० | १६०० | १७०० | २००० | २००० | ८८०० | |
| करदाता शिक्षा र ठुला तथा नियमित करदाता सम्मान | संख्या | ० | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |

| कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक बजेट (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौंथो वर्ष | पाचौं वर्ष | जम्मा | |
| संस्थागत विकास तथा सुशासनका कार्यक्रमको जम्मा बजेट | | | | १४३०० | १५५५० | १७३०० | १७५०० | २०३०० | ८४९५० | |

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६१: संस्थागत विकास तथा सुशासनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| कर्मचारीको पदपूर्ति | प्रतिशत् | नियमानुसार | ० | ० | ० | ० | ० | ० | प्रशासन शाखा, लेखा शाखा, लेखा परीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगति प्रतिवेदन, नगर प्रोफाइल | नगरपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता तथा सामाजिक जवाफदेहिता बृद्धि भई सुशासन कायम भएको हुने |
| कार्यपालिकाको बैठक | सङ्ख्या | १६ पटक | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| पालिकाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ११ वटा | १ | १ | १ | १ | १ | १ | | |
| पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | ११ वटा | १ | २१ | २१ | २१ | २१ | २१ | | |
| औसत वार्षिक बेरुजु | रु. करोड | ४३.४३ | लेखमा | | | | | | | |
| औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत् | १९.४१ प्रतिशत | लेखामा | | | | | | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| आन्तरिक आय अनुमानित २०८०।८१ | रु. करोड | ६५.६ | लेखमा | | | | | | | |
| सामाजिक परीक्षण | सङ्ख्या | १ पटक | १ | १ | १ | १ | १ | १ | | |
| आवधिक योजना तर्जुमा | सङ्ख्या | ० | १ | ० | ० | ० | ० | ० | | |
| मध्यमकालीन खर्च संरचना तयार | सङ्ख्या | छैन | १ | ० | ० | ० | ० | ० | | |
| अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | १ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| कर्मचारी तथा जनप्रतिनिधिको कार्यप्रगतिको समीक्षा त्रैमासिक | सङ्ख्या | २ | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| अनुगमन योजनाहरू र विद्यालय अनुगमन | सङ्ख्या | कार्यक्रम अनुसार | नियमित तथा आकस्मिक | | | | | | | |
| वडा स्तरमा अनुगमन भएका वार्षिक कार्यक्रम | सङ्ख्या | | | | | | | | | |
| कार्यक्रमको कार्य प्रगति समीक्षा त्रैमासिक रुपमा | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | | |
| क्षमता विकास योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | | |
| कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | २४० जना | ३८ | ० | ० | ० | ० | | | |
| स्वीकृत ओ एण्ड एम प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| सेवाग्राहीको सन्तुष्टि स्तर | | ७० | ७२ | ७५ | ७७ | ८० | ८५ | ८५ | | |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३ पटक | ३ | ३ | ४ | ४ | ४ | ४ | | |
| अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | ८ वटा | सबै | | | | | | | |
| सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | ८ वटा | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | | कामको प्रकृति अनुसार | | | | | | | |
| ई-हजीरीको व्यवस्था भएका कार्यालय | प्रतिशत् | ४० | ७० | ७० | ७५ | ८० | १०० | १०० | | |
| पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |
| आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ५ | ५ | ७ | ९ | १० | १० | १० | | |
| आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ६४ | आवश्यकता अनुसार | | | | | | | |
| कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | जना | २ | | | | | | | | |
| कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | सबै समुहको छ | ओ एण्ड एम अनुसार | | | | | | | |
| निर्धारित समयावधि मै बजेट | आएको नआएको | आएको | राखिएको | | | | | | | |
| वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिएको | | | | | | | |
| आय-व्ययको अद्यावधिक विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिएको | | | | | | | |
| वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | | |
| आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | | |

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | ० | ० | ० | ० | | | |
| समयमा फछ्यौंट भएका वार्षिक योजना | प्रतिशत् | १०० | १०० | | | | | | | |

# परिच्छेद ९ : कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

नागार्जुन नगरपालिकाले नगरको समग्र विकासका पक्षका अतिरिक्त विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा गरी योजनाबद्ध विकासमा प्रथम पञ्चवर्षीय योजना तयार गरेको छ । राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम तय गरिएको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ । यसका लागि वित्तीय स्रोतको आवश्यकताको साथै विशेषतः स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयवासीका आधारभूत आवश्यकताहरू जस्तैः भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष रूपमा सहयोग पुयाई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुने गरी गर्नुपर्दछ । सोको लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउने तथा नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ ।

## ९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न क्षेत्रहरूका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुनसक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका ६२: विषयक्षेत्र अनुसार अनुमानित बजेट**

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| | **नगर गौरब** | ९३१००० | १०१९००० | १२४०००० | ९९०००० | ९९०००० | ५१७०००० |
| १ | **आर्थिक क्षेत्र** | | | | | | |
| १.१ | कृषि तथा पशुपन्छी | ३१००० | ३७५०० | ३१२०० | ५७८०० | ५८५०० | २१६००० |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| १.२ | पर्यटन, संस्कृति तथा सम्पदा | २१५०० | २१०५० | १६५०० | १६५०० | १६५०० | **९२०५०** |
| १.३ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १४००० | १९६०० | २०२०० | २२००० | ११३४०० | **१८९२००** |
| १.४ | सहकारी तथा गरीबी निवारण | ७१०० | ९७०० | १०७०० | ९४०० | ९७०० | **४६६००** |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ९७०० | १०३०० | १०६०० | १०९०० | ११३०० | **५२८००** |
| | **आर्थिक क्षेत्र जम्मा** | **८३३००** | **९८१५०** | **८९२००** | **११६६००** | **२०९४००** | **५९६६५०** |
| **२** | **सामाजिक क्षेत्र** | | | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | १००२०० | ११०९५० | ९९४४५ | १०१९९० | १०३०८८ | **५१५६७३** |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ५३८०० | ५७४८० | ५७२९८ | ६११५८ | ६५०६४ | **२९४७९९** |
| २.३ | महिला, बालबालिका तथा लक्षित वर्ग | २४७०० | २७५०० | २५७४५ | २३१९९ | २४७५९ | **१२५९०३** |
| २.४ | खानेपानी तथा सरसफाइ | ३८००० | ६६५०० | ६६५०० | ६७००० | ६१५०० | **२९९५००** |
| | **सामाजिक क्षेत्र जम्मा** | **२१६७००** | **२६२४३०** | **२४८९८८** | **२५३३४७** | **२५४४११** | **१२३५८७५** |
| **३** | **पूर्वाधार क्षेत्र** | | | | | | |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ४२००० | ९९००० | ९०००० | ९५००० | ९०००० | **४१६०००** |
| ३.२ | सडक, पुल तथा यातायात | १६२५०० | १७४५०० | २०७५०० | २४२५०० | २४७५०० | **१०३४५००** |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ६५०० | ५५०० | ५००० | ५००० | ५००० | **२७०००** |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ११५०० | १०७०० | १०००० | १८००० | १८००० | **६८२००** |
| | **पूर्वाधार क्षेत्र जम्मा** | **२२२५००** | **२८९७००** | **३१२५००** | **३६०५००** | **३६०५००** | **१५४५७००** |
| **४** | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | | | | | | |
| ४.१ | वन तथा जैविक विविधता | ६५०० | १०१०० | ९५०० | १०५०० | १२००० | **४८६००** |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | २९००० | ३२७०० | ३७५०० | ४०५०० | २६००० | **१६५७००** |
| ४.३ | वातावरण, फोहोरमैला तथा व्यवस्थापन | ५५०० | ६८०० | ७७०० | ७८०० | ८५०० | **३६३००** |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | २९००० | ३२७०० | ३७५०० | ४०५०० | २६००० | **१६५७००** |
| | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र जम्मा** | ७०००० | ८२३०० | ९२२०० | ९९३०० | ७२५०० | ४१६३०० |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | १४३०० | **१५५५०** | १७३०० | १७५०० | २०३०० | ८४९५० |
| **जम्मा विषयगत योजना बजेट** | | ६०६८०० | ७४८१३० | ७६०१८८ | ८४७२४७ | ९१७१११ | ३८७९४७५ |
| **नगर गौरबको योजना सहित कुल बजेट** | | | | | | | ९०४९४७५ |

नगरपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रू. ३ अर्ब ८७ करोड ९४ लाख ७५ हजार** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च **४५ प्रतिशतमा** सीमित गर्ने र पुँजीगत खर्च **५५ प्रतिशत** हुने अनुमान गरिएको छ । नगर गौरवका आयोजनाहरूको लागि कुल बजेटको **५७.१३ प्रतिशत** बजेट विनियोजन गरिएको छ र नपुग रकम बैङ्कल्पिक स्रोतः संघीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू संग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । नगरपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रू. ५ अर्ब १७ करोड** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि करिब **३९.८४ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **३१.८६ प्रतिशत**, आर्थिक विकास क्षेत्र विकासका पूर्वाधार विकासका लागि **१५.३८ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनक लागि **१०.७३ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **२.१९ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

नगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक राजस्वबाट संकलन हुने रकम आदि सार्वजनिक स्रोत हुन् भने निजी क्षेत्रको लगानी स्रोत परिचालनको मुख्य पक्ष हो । त्यसै गरी सहकारीको स्रोत र समुदायस्तरबाट हुने स्रोतको परिचालन पनि आवधिक योजना कार्यान्वयनको आधार हो । यस नगरपालिकाको गत ३ आ.व.को यथार्थ आयको विश्लेषण गर्दा आन्तरिक आय १७ प्रतिशत्का दरले बृद्धि हुँदै गएको पाइन्छ । विगतका वर्षहरूमा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र वित्तीय अनुदानको बृद्धि दरलाई मध्यनजर गर्दा समग्र आय औसतमा २० प्रतिशत्का दरले बढ्दै जाने अनुमान गरी बजेट प्रक्षेपण गरिएको छ । विगत तीन आ.व. देखिको यथार्थ आयको आधारमा आगामी ५ वर्षको आय प्रक्षेपण तलको तालिकामा दिइएको छ।

तालिका ६३: श्रोत अनुमान तथा बजेट प्रक्षेपण

| शीर्षक | वास्तविक | | | अनुमानित आय रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 2077.78 | 2078.79 | 2079.8 | 2080.81 | 2081.82 | 2082.83 | 2083.84 | 2084.85 | 2085.86 |
| संघीय सरकार | 432576 | 462147 | 459537 | 551444 | 634161 | 729285 | 838677 | 964479 | 1109151 |
| प्रदेश सरकार | 60449 | 45966 | 64586 | 77503 | 89128 | 102498 | 117872 | 135553 | 155886 |
| राजस्व बाँडफाँड | 380247 | 559292 | 295299 | 354359 | 407513 | 468640 | 538936 | 619776 | 712743 |
| अन्तरिक श्रोत | 348964 | 449671 | 345585 | 414702 | 476907 | 548443 | 630710 | 725316 | 834114 |
| स्थानीय तह | | 0 | 5158 | 6190 | 7119 | 8186 | 9414 | 10826 | 12450 |
| जन-सहभागिता | 200 | 16137 | 11004 | 13205 | 15186 | 17464 | 20083 | 23096 | 26560 |
| **जम्मा** | **1222436** | **1533213** | **1181169** | **1417403** | **1630013** | **1874515** | **2155693** | **2479047** | **2850904** |
| ५ वर्षको जम्मा अनुमानित आय | | | | १०,९९,०१,७२ | | | | | |

*स्रोत: लेखा शाखा, नगरपालिका*

## ९.४ अपुग स्रोत व्यवस्थापन

आवधिक विकास योजना कार्यान्वयनका लागि कुल लगानी बजेट रू. **९ अर्ब ४ करोड ९४ लाख ७५ हजार** अनुमान गरिएको छ । विगत तीन आर्थिक वर्षको यथार्थ आय र चालू आ.व. को अनुमानित आयका आधारमा आगामी ५ वर्षको नगरपालिकाको अनुमानित कुल आय रु. **१० अर्ब ९९ करोड १ लाख ७२ हजार** देखिन्छ । योजना कार्यान्वयन अवधिका लागि प्रशासनिक खर्च करिब रू. **४ अर्ब ९४ करोड ५५ लाख ७७ हजार खर्च हुने देखिन्छ ।** यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेटको अनुपात हेर्दा आयोजना कार्यान्वयनका लागि करिब रू. **३ अर्ब ४८ लाख ८१ हजार** (२१.४७ प्रतिशत्) बजेट अपुग देखिन्छ जसका लागि नगरपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ ।

तालिका ६४: अपुग स्रोत व्यवस्थापन

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम (रू. लाखमा) | | | | | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कुल स्रोत परिचालन | १६३००१३ | १८७४५१५ | २१५५६९३ | २४७९०४७ | २८५०९०४ | १०९९०१७२ |

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम (रू. लाखमा) | | | | | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २ | कूल क्षेत्रगत लगानी अनुमान | ६०६८०० | ७४८१३० | ७६०१८८ | ८४७२४७ | ९१७१११ | **३८७९४७५** |
| ३ | नगर गौरव योजना | ९३१००० | १०१९००० | १२४०००० | ९९०००० | ९९०००० | **५१७००००** |
| ४ | प्रशासनिक खर्च | ७३३५०६ | ८४३५३२ | ९७००६२ | १११५५७१ | १२८२९०७ | **४९४५५७७** |
| | **स्रोतको न्यूनता** | **-६४१२९३** | **-७३६१४७** | **-८१४५५७** | **-४७३७७१** | **-३३९११३** | **-३००४८८१** |

## ९.५ स्रोत परिचालन रणनीति

यस आवधिक विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरमा आउने रकमलाई नगर स्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ। स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय सरकारका वित्तीय स्रोतहरू सङ्घीय तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकहरूमा प्राप्त हुने अनुदानहरू हुन् । यसका अलावा सहकारी, समुदाय र निजी क्षेत्रका साथै स्थानीयस्तरमा सङ्कलन हुने राजश्व समेत वित्तीय स्रोतहरू हुन् । यी सम्पूर्ण स्रोतहरूको समुचित परिचालन मार्फत लक्ष्यहरू हासिल गर्न निम्न स्रोत परिचालन रणनीति तय गरिएको छ ।

१. अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई बृद्धि गर्ने।
२. सार्वजनिक, निजी, सहकारी साझेदारीको अवधाणा अवलम्बन गर्ने ।
३. वित्तीय संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने ।
४. उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गर्ने ।
५. कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा बृद्धि गरी नगरपालिकाको राजस्व क्षमता बृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
६. तीनै तहका सरकारहरूबीच सहकार्य गर्ने ।
७. निजी क्षेत्रको लगानी आकर्षण गर्ने नीति तय गर्ने ।
८. गैर आवासिय नेपालीको लगानी सङ्कलन गरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने ।

९. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक बन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१०. अनुत्पादक खर्चलाई कटौती गर्ने ।
११. तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गर्ने ।
१२. पूर्ण रूपमा पूर्व तयारी पश्चात मात्र आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन गर्ने ।
१३. औचित्य पुष्टि गर्न नसकिने बजेट रकमान्तरलाई निरुत्साहित गर्ने ।
१४. चालू खर्चको सिमा निर्धारण गरी पूँजीगत खर्च बृद्धि गर्ने ।
१५. स्थानीय गौरवका आयोजनाहरूको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्ने र सो को लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । नगरपालिकाको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् नगरपालिकाको हो । नगरपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण

गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ ।

### (घ) सहकारी क्षेत्र

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी लगानी हुने अनुमान गरिएको छ ।

### (ङ) गैह सरकारी क्षेत्र (गैसस)

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्टयताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट थप लगानी हुने अनुमान गरिएको छ ।

### (च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान समेत हुने अनुमान गरिएको छ ।

### (छ) अन्तर स्थानीय तह

नगरपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ ।

## ९.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि नगरपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

### (क) सूची तयारी

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तरक्रिया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यकालीन खर्च संरचना तयारी**

नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

